

Dhamma.Digital

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर प्रव्रजित जुया

बिज्या:गु ६० दँ क्यंगु लसताय्

# अश्वघोष भन्ते विशेषाङ्क

# शुभ-कामना



**धर्मकीर्ति बौद्ध मासिक पत्रिकाका प्रधान सम्पादक,**
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

एवं

**धर्मकीर्ति विहार संरक्षण कोषका धर्मानुशासक**

**७७ वर्षिय पूज्यभिक्षु अश्वघोष महास्थविरको ६० औं प्रवज्या वर्षको उपलक्षमा**

**उहाँले बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनु भएको अतुलनिय योगदानलाई स्मरण गर्दै उहाँको आध्यात्मिक शान्ति र आयु आरोग्यको कामना गर्दछौं ।**

*शुभकामना व्यक्त गर्नेहरू:*

| | |
|---|---|
| रत्न मञ्जरी गुरुमां | धम्मवती गुरुमां |
| चमेली गुरुमां | अनुपमा गुरुमां |
| संघवती गुरुमां | इन्दावती गुरुमां |
| जयवती गुरुमां | वीर्यवती गुरुमां |

**धर्मकीर्ति विहार श्रीघः नःघल**

**काठमाडौं, नेपाल ।**

Downloaded from http://www.dhamma.digital

अश्वघोष भन्ते विशेषाङ्क
सम्पादक मण्डल
लोकतारा तुलाधर
रीना तुलाधर
सुरेन्द्रकिरण मानन्धर
राजा बज्राचार्य

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२१ ८९५५, ४२२ ४९१२

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
धुवरत्न स्थापित

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४११२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५४८
नेपाल सम्वत् ११२४
इस्वी सम्वत् २००४
विक्रम सम्वत् २०६१

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. २५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**Ven. Ashwaghosh Special Issue**

**JUNE 2004**


| वर्ष- २२ | अङ्क- २ | ञ्या:पुन्ही | ज्येष्ठ २०६१ |
|---|---|---|---|





★ आफूलाई आफैले उठाउ, आफैले परीक्षा गर, यस प्रकार तिमी आफै रक्षा गर्दै, विवेकशील भएर सुखपूर्वक यो संसारमा विचरण गर।

★★★

★ लाज मान्न नहुने ठाउँमा लाज मान्दछ, लाज मान्नु पर्ने ठाउँमा लाज नमानी मिथ्या दृष्टि ग्रहण गर्ने व्यक्ति दुर्गतिमा पुग्दछ।

★★★

★ सुगन्धित पुष्प-धूप आदिले मलाई पूजा गर्नेहरू सौञ्चिकै मलाई पूजा गर्नेहरू होइनन्। धर्मानुसार आचरण गरेको खण्डमा मात्र मलाई पूजा गरेको हुन्छ।

★★★

# नेपालमा बुद्ध शासन चिरस्थाई गर्नमा धर्मकीर्ति पत्रिका र यसका प्रधान सम्पादक पुज्य अश्वघोष महास्थविर

हत्या, हिंसा, द्वन्द र आतंकको ज्वालामा देश गुज्रिरहेको यस विषम परिस्थितिमा भर्खर मात्र हामी नेपालीहरूले हर्ष उल्लासका साथ २५४८ औं बुद्ध जयन्ती मनायौं। हामीलाई आज बुद्धको उपदेश प्रचार प्रसार गर्न र चिन्तन मनन गर्न अति आवश्यक छ। बैसाख पूर्णिमाको त्यस पावन पुण्य तिथिमा पनि एकातिर महा मानव भगवान् बुद्धको पवित्र उपदेश वाचन गराई शान्तिको कामना गर्दै विभिन्न बौद्ध विहार गुम्बाहरूमा पाठ पुजा गराइयो भने सोही दिनमा विभिन्न राजनैतिक दलहरूले आन्दोलन गरी वातावरणलाई अक्रान्त बनाईयो। बुद्ध पूर्णिमा कै दिन कति बुद्ध भूमिमा बस्ने नेपालीले तथागत बुद्धलाई सम्झे त ? लुम्बिनीमा जन्मनु भएका, सम्पूर्ण विश्वभर शान्तीको उपदेश फैलाउने भगवान् बुद्धलाई केवल भाषण मै सीमित नगरीदिएको भए शायद आज हाम्रो देशको अवस्था यसरी भय र त्रासको चपेटामा पर्ने थिएन्। आज देशको गाउँ घरमा मानिसले आफ्नो दिनचर्या सुखका साथ बिताउन पाएका छैनन्। मात्र एउटा डरको छायाँमा आ-आफ्नो जीवन बिताउन बाध्य भएको छ। के बुद्ध भूमि नेपालमा बौद्धहरू छैनन् र। अवश्य छन्। आफ्नो जीवनको कलिलो उमेर देखि नै बुद्ध शासनमा प्रव्रजित भई बुद्ध धर्म अध्ययन र प्रचार गर्नमा जुट्नु भएका कैयन् भिक्षु महास्थविर हरू हामी सामु अहिले पनि हुनु हुन्छ भने कतिले सद्धर्म चिरस्थायीको जीवन समर्पण गरी जानु भइसक्यो पनि।

नेपालको इतिहासमा थेरवादी बुद्ध शासनको पुनर्जागरण भएको छः दशक भन्दा बढी भैसक्यो यति लामो अवधिभरमा हाम्रो देशमा संख्याको हिसाबले कमैमात्र भिक्षुहरू हुनु हुन्छ। कमै संख्यामा भएका भए पनि थेरवादी बुद्धशासनमा प्रव्रजित हुनु हुने अग्रज महास्थविर भन्तेहरू र गुरुमांहरू तथा आजको पिंढिका युवा भिक्षु र गुरुमांहरूको बुद्धशासनमा योगदान अतुलनीय छन्।

देशको प्रतिकूल राजनैतिक र सामाजिक अवस्थाको पृष्ठभूमिमा पनि कठिन 'प्रवज्या जीवन' यापन गर्दै उहाँहरू महामानव बुद्धको अमृत उपदेश अध्ययन र प्रचार प्रसार गर्नमा निरन्तर लागी पर्नु भएको छ। यस्तै बहुजन हीतको लागि जीवन अर्पण गर्ने महास्थविरहरूको लाममा पूज्यनीय भिक्षु अश्वघोष महास्थविर पनि एक सशक्त हस्ति हुनुहुन्छ प्रव्रज्या जीवन ६० वर्षमा प्रवेश भइसक्दा पनि उहाँ भर्खरको तरूण जस्तै बुद्ध शिक्षा प्रचार गर्नमा जुटिरहनु भएको छ। 'धर्मकीर्ति' पत्रिकाको स्थापनाकाल देखि नै आज सम्म प्रमुख सम्पादकको रूपमा काम गर्दै आउनु भएको आदरणीय अश्वघोष भन्तेको भिक्षु जीवन ६० वर्षमा प्रवेश भएको पुणित उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा वि.स. २०२९ सालदेखि प्रकाशित हुँदै आएको पत्रिका 'धर्मकीर्ति' "भिक्षु अश्वघोष विशेषांक" विशेषांकको रूपमा प्रकाशन गर्न पाएकोमा बौद्ध समुदायहरू हर्षले विभोर हुनु कुनै अस्वाभाविक कुरो होइन। हुन त उहाँ भन्ते कै सम्पादनमा 'धर्मकीर्ति' ले वर्षेनि बुद्ध पूर्णिमा विशेषाङ्क बाहेक विशेष अवसरहरूमा विशेषांक प्रकाशन गर्दै आएको सर्वविदितै छ जस्तै - धर्म निरपेक्षता विशेषांक मागुणवती गुरुमां (स्वर्ण तथा रजत जयन्ती) विशेषांक, बौद्ध महिला विशेषांक, धम्मवती गुरुमां (प्रवज्या स्वर्ण जयन्ती) विशेषांक आदि।

सय भन्दा बढी पुस्तकका वरिष्ठ लेखक पूज्य अश्वघोष भन्तेले आफ्नो श्रामणेर जीवन देखि नै कलम चलाउँदै आइरहनु भएको थियो भने नेपालको प्रथम बौद्ध मासिक 'आनन्दभूमि' पत्रिका पनि उहाँले सम्पादन गर्नु भएको थियो। वि.सं. २०२९ बैसाख पूर्णिमाका दिन उहाँकै सम्पादन र सक्रियतामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको 'धर्मकीर्ति' मुखपत्रले बौद्ध जगतमा आफ्नो अनुहार देखाउन सक्षम भएको थियो भने अद्यापि उहाँकै सम्पादनमा यस पत्रिका प्रकाशनमा आईरहेको छ। नियमित रूपमा मासिक पत्रिका प्रकाशन भईरहनु भनेको एउटा गरिमाको विषय हो। पूज्य अश्वघोष भन्ते जस्तो बुद्ध धर्ममा समर्पित व्यक्तित्वको अतुलनीय योगदानले मात्र यो कार्यले निरन्तरता पाउन सकेको हो भन्ने कुरामा दुइमत छैन। लेख, लेखन, सम्पादन र प्रेस धाउने कार्यहरू पनि उहाँले ७७ वर्षको यस उमेरमा पनि कति पनि गाऱ्हो नमानी गरीरहनु भएको छ।

हिन्दू राष्ट्र घोषित यस बुद्ध भूमिमा धर्म निरपेक्षताको आवाज उठाउनु, दलित र शोषितको पक्षमा बौद्ध सिद्धान्त, (अनुसार वकालत गर्नु) लुम्बिनी विकास सम्बन्धी आवाज उठाउनु, आदरणीय र पूज्यनीय स्वदेशी र विदेशी भन्ते गुरुमांहरूको देन प्रकाश पार्नु, सुधार वादी विचार धाराहरू सम्प्रेसन गर्नु आदि कार्यहरू 'धर्मकीर्ति' पत्रिकाका विशेषताहरू हुन्। आज यस विशेषांकमा धर्मकीर्ति मुखपत्रको उद्देश्य अनुरूप विभिन्न प्रबुद्ध बौद्ध विद्वानहरू तर्फबाट बुद्ध धर्म सम्बन्धी लेख केही अंशमा र बाँकी अंश पूज्य अश्वघोष भन्ते सम्बन्धी लेखहरू समावेश गरिएका छन्। बहुमुखी प्रतिभाशाली पूज्य भन्तेको जीवनका विभिन्न क्रियाकलापलाई अंगाल्ने विभिन्न बौद्ध विद्वानहरूद्वारा लिखित लेखहरू यस विशेषांकमा समेट्ने प्रयास गरेका छौं र यसबाट पाठक वर्ग बढी लाभान्वित हुनेमा हामी विस्वस्त छौं। तैपनि कुनै पनि छुट हुन गएको खण्डमा भविष्यमा प्रकाशित हुने अंकमा सुधार गर्नेछौं। अन्तमा पूज्य भन्तेज्यूको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछौं।

'भवतु सब्ब मंगलं'



Downloaded from http://www.dhamma.digital



# विषय सूचि


| क्रसं | विषय | पृष्ठ |
|---|---|---|
| १. | बुद्ध वचन | १ |
| २. | सम्पादकीय | २ |
| ३. | अनगिन्ती लेखका रचनाकार भिक्षु अश्वघोष | ५ |
| ४. | नेपालमा धर्म निरपेक्षताको आवश्यकता | ८ |
| ५. | ऐतिहासिक मायादेवी मन्दिर पुनः निर्माण | १३ |
| ६. | बौद्ध साहित्यप्रति भिक्षु अश्वघोषको दृष्टिकोण | १७ |
| ७. | भिक्षु अश्वघोष महास्थविरको संक्षिप्त जीवनी | २१ |
| ८. | आचार्य अश्वघोष महास्थविर भन्ते हाम्रा गुरु | २५ |
| ९. | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी प्रति भिक्षु अश्वघोषको योगदान | २७ |
| १०. | श्रद्धेय भिक्षु अश्वघोषबाट मैले पाएको ज्ञान | ३१ |
| ११. | मृत्युको क्षणमा मनको अवस्था | ३४ |
| १२. | दुईवटा कथा-आजको अशान्त विश्वको लागि | ३६ |
| १३. | धर्मप्रचारमा अवश्वघोष भन्तेको दुर्गम ग्रामीण यात्रा | ३९ |
| १४. | ध्यानकुटी विहार र अश्वघोष भन्ते | ४२ |
| १५. | अश्वघोष भन्तेलाई चिन्नुहुन्छ ? | ४५ |
| १६. | नारीको स्थानप्रति अश्वघोष भन्तेको दृटिकोण | ४९ |
| १७. | जातीय विभेद हटाउन भिक्षु अश्वघोषको योगदान | ५२ |
| १८. | अभिनन्दन तथा सम्मानमा अश्वघोष महास्थविर | ५४ |
| १९. | जिगु वन्दना | ५६ |
| २०. | बौद्ध जागरण शिविरय् अश्वघोष भन्तेया योगदान | ५७ |
| २१. | बौद्ध साहित्यय् भिक्षु अश्वघोष महास्थविर | ५९ |
| २२. | नेपाःया धार्मिक नीति व धर्मनिरपेक्षताया आन्दोलनय् अश्वघोष भन्ते | ६३ |
| २३. | भिक्षु जीवननय् प्रवेश जुइ न्ह्यःयाम्ह अश्वघोष भन्ते | ६७ |
| २४. | भन्तेया व्यवहारिक शिक्षा | ६९ |
| २५. | श्रद्धेय भन्ते अश्वघोषया प्रवचनया पहःचहः | ७० |
| २६. | भिक्षु अश्वघोष मौलिक व्यक्तित्व | ७३ |
| २७. | भिक्षु अश्वघोष महास्थविर | ७५ |
| २८. | भिक्षु अश्वघोष | ७६ |
| २९. | सफू च्वमिकथं अश्वघोष भन्तेया साहित्यिक यात्रा | ७७ |
| ३०. | निपु चिनाखँ | ७९ |
| ३१. | नेपाल भाषाया खेलय् भिक्षु अश्वघोष ... ... | ८१ |
| ३२. | प्रवज्या जीवनया ६० दँया लसताय् अश्वघोषयात ... | ८३ |
| ३३. | बोधिसत्त्व बारे छुं खँ | ८५ |
| ३४. | बुद्धशासनय् श्रद्धाया स्थान छगू अध्ययन | ८८ |
| 35. | 21st Century Monk was born in 1927 A.D. | 95 |
| 36. | The Role of The Sangha and The Laity | 100 |
| 37. | Sangharam | 102 |
| ३८. | धर्म प्रचार गतिविधि | १०४ |

चीरं जीवतु महाथेर सुखितों निरुपद्दवो
खेमी अवेरी अभयो, निदुक्खो, रोगमुत्तको



धर्मकीर्ति विहार संरक्षण कोषया धर्मानुशासक, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया धर्मानुशासक, 'धर्मकीर्ति' बौद्ध मासिकया प्रधान सम्पादक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर न्हय् न्हय्दँ क्यंगु व वसपोलया प्रव्रज्या ६० दँ दुगु लसताय् वसपोलया भिं उसाँय् व ताः आयु नापं वसपोलया बुद्धशासनिक क्षेत्रय् योगदान ताःईतक न्ह्यानावं च्वनेमा धकाः दुनुगलंनिसें आशिका याना ।

धर्मकीर्ति विहार संरक्षण कोष
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
'धर्मकीर्ति' बौद्ध मासिक
धर्मकीर्ति स्वास्थ्य कमिटि
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी- कक्षा संचालन कमिटि
धर्मकीर्ति बौद्ध पुस्तकालय सञ्चालन कमिटि
अडियो / भिडियो उप-कमिटि
प्रव्रज्या उप-कमिटि
धर्मकीर्ति बुद्धपूजाया थी थी पुचः



Downloaded from http://www.dhamma.digital

बौद्ध देश श्रीलंकाको महामन्तिन्द परिवेण तालिम केन्द्रमा पालि साहित्य अध्ययनरत छँदाखेरि उहाँले आफ्नो लेख 'श्रीलंका व परिणेव' प्रकाशित गर्नुभएको थियो



# अनगिन्ती लेखका रचनाकार भिक्षु अश्वघोष महास्थविर

■ भिक्षु संघरक्षित संघाराम "सद्धम्म कोविद"

सयौंका संख्यामा पुस्तकहरू लेख्नुभएर प्रकाशित समेत गरिसक्नुभएका श्रद्धेय भिक्षु अश्वघोष महास्थविर नेपाली बौद्ध जगतका एक सुप्रसिद्ध लेखकका रूपमा पनि प्रतिस्थापित छन् । विविध पत्रपत्रिकाहरूमा गरेर उहाँले सयौं-हजारौंका संख्याका लेख-रचनाहरूको रचना गर्नुभएर प्रकाशित समेत गरिसक्नुभएको छ । उहाँका लेखहरूमा बुद्धका उपदेशहरू व्यवहारिकरूपमा बुझ्ने किसिमले प्रस्तुत भएका हुन्छन् ।

### १. लेख-रचना किन लेख्नुहुन्छ ?

वर्तमान संसारमा देखिएका हिंसा अराजकता अनि बुद्धभूमि नेपालमा फैलिएको आपसी लडाईं र दाइभाइबीचको काटमार आदि इत्यादि विकृतिबाट उहाँ निकै दुःखी हुनुहुन्छ । यसैले उहाँ पुरानो विचारभावलाई छोडेर नयाँ विचार अनि मानवीय संचेतनाको जागरण नगराउने हो भने यो विकृति रोक्ने उपाय नै छैन भन्ने मत राख्नुहुन्छ । मान्छेलाई सही मान्छे बनाउन, असल मान्छे बनाउन अनि मानव-मनभित्र सुषुप्त कलुषित भाव अनि हिंसात्मक प्रवृत्तिलाई रोक्न नै निरन्तररूपमा धार्मिक, बौद्धिक तथा नैतिक उपदेशका लेख-रचनाहरू लेख्दै आउनुहुने उहाँले विभिन्न दैनिक पत्रपत्रिकाहरू लगायत साप्ताहिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक तथा विशेष अवसरमा निकालिने स्मारिकाहरूमा गरेर सयौं हजारौंका संख्यामा लेख-रचनाहरू लेख्नुभएर प्रकाशित समेत गरिसकेका छन् ।

### २. लेख-रचनाहरूको यात्रा कहिलेदेखि प्रारम्भ भयो ?

उहाँको लेख-रचना कोर्ने यात्रा प्रब्रज्या जीवनको चार वर्षपश्चात् इ.सं. १९४८ मा 'धर्मदूत' प्रत्रिकामा प्रकाशित 'प्रेमं हे दुःख बिइगु खः' बाट प्रारम्भ भएको थियो । बौद्ध देश श्रीलंकाको महामन्तिन्द परिवेण तालिम केन्द्रमा पालि साहित्य अध्ययनरत छँदाखेरि उहाँले आफ्नो लेख 'श्रीलंका व परिणेव' प्रकाशित गर्नुभएको थियो । यो लेख नेपालभाषामा धर्मोदय (मासिक), वर्ष-१, अङ्क-५ मा प्रकाशित भएको थियो । श्रीलंकाको जनजीवन, जनसंख्याको तथ्यांक, परिवेण र त्यहाँ गराइने अध्ययन-व्यवस्था आदि समावेश गरेर लेखिएको सो लेखद्वारा उहाँलाई 'धर्मोदय पुरस्कार' पनि प्राप्त भएको थियो ।



Downloaded from http://www.dhamma.digital

### ३. उहाँका लेख-रचनाहरूको प्रभाव कस्तो छ ?

उहाँद्वारा प्रकाशित लेख-रचनाहरू पढेर धेरैले बुद्धधर्मबारे धेरै जान्न पाएको, व्यवहारिक नैतिक उपदेशहरू पढ्न पाएर जीवन राम्रो भएको, पहिलाभन्दा आफ्नो व्यवहारमा पनि सुधारात्मक धेरै परिवर्तन आइसकेको, स्वतन्त्र विचारका यथार्थपरक अनि ज्ञानवर्द्धक लेख-रचनाहरूबाट ज्यादै प्रभावित भएको आदि इत्यादि कुराहरू पाठकवर्गले उहाँ समक्ष जाहेर गर्न आउँदा उहाँ सन्तुष्ट र आनन्दित भएको कुरा उहाँ स्वयं भन्नुहुन्छ ।

"मान्छेलाई दु:खबाट मुक्त भएको निर्वाणमा पुऱ्याइदिने जिम्मा त म लिन सक्तिनं, न त त्यस्तो कुरा नै लेख्छु । बरू मानवीय जीवनमा दैनिकरूपले आइरहने अनेक प्रकारका विघ्न-बाधा, समस्या आदिबाट मुक्त हुने, आनन्दले परस्पर मेलमिलापका साथ मैत्री र सौहार्दताका साथ जिउने अनि जीवनलाई सफलिभूत तुल्याउने व्यवहारिक नैतिक शिक्षाका कुराहरू जनमानसमा पुऱ्याउँछु' - उहाँ स्पष्टका साथ आफ्ना लेख-रचनाहरूका बारेमा बताउनुहुन्छ ।

पढ्नेहरू भन्छन् - उहाँका लेखरचनाहरूमा गाम्भीर्यता एवं गाह्रा, अप्ठ्यारा शब्दहरू तथा क्लिष्ट भाषाको प्रयोग भएको हुँदैनन् । विद्वत्जनहरूले मात्रै होइनन्, उहाँका लेख-रचनाहरू सामान्य मानिसहरूले पनि सहजताका साथ बुझ्न सक्छन् । उहाँका लेख-रचनाहरूमा प्राय: बौद्ध दर्शनलाई दिमागमा नअट्ने गरी छाड्नुभन्दा व्यवहारिकता तथा दैनिक जीवनमा आइपर्ने समस्या र समाधानका कुराहरू छर्लंग भइराखेका हुन्छन् । तसर्थ त उहाँका रचनाहरू पढ्नेहरूले आफूलाई त्यसमा प्रतिबिम्बित गरेर बडो रमाइलो र मिठासका साथ पढ्ने गर्दछन् । त्यसैले पनि होला, उहाँका लेख-रचनाहरू शुरु गरेर समाप्ति नभएसम्म छोड्न मन लाग्दैन ।

### ४. उहाँका लेख-रचनाहरू प्रकाशित हुने पत्रपत्रिकाहरूको केही विवरण

सुप्रसिद्ध एवं रोचक ज्ञानबर्द्धक लेख-रचनाहरू लेख्नमा सिद्धहस्त उहाँका अधिकांश लेखरचनाहरू प्रकाशित हुने पत्रपत्रिकाहरू यसप्रकार रहेका छन् -

- **"आनन्दभूमि"** (नेपालको पहिलो बौद्ध मासिक पत्रिका), आनन्दकुटी विहार गुठी स्वयम्भूद्वारा वि.सं. २०३०, बु.सं. २५१६ देखि अद्यावधिसम्म प्रकाशित ।
- **'धर्मकीर्ति'** (मासिक), धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, श्रीघ:बाट वि.सं. २०२९ बु.सं. २५१६ देखि अद्यावधिसम्म प्रकाशित ।
- **'धर्मोदय'** (सर्वप्रिय एकमात्र नेपालभाषाको मासिक पत्र), कालिम्पोंग धर्मोदय सभाबाट बु.सं. २४९१ देखि बु.सं. २५०३ सम्म प्रकाशित
- **'धर्मोदय'** (नयाँ धर्मोदय मासिक), बु.सं. २५२१ देखि कालिम्पोंगबाट नै प्रकाशित ।
- **'नेपाल'** (ऋतुपौ), नेपालभाषा परिषद्, काठमाडौंद्वारा ने.सं. १०७२, वसन्त ऋतुदेखि प्रकाशित ।
- **'विश्वभूमि'** (नेपालको पहिलो सन्ध्याकालीन दैनिक), वि.सं. २०४४ सालदेखि प्रकाशित ।
- **'जनमञ्च'** (साप्ताहिक), पब्लिकेशन नेपाल (प्रा.) लि. द्वारा वि.सं. २०४६ देखि प्रकाशित ।
- **'दृष्टि'** (साप्ताहिक), दृष्टि प्रकाशन प्रा.लि.द्वारा वि.सं. २०३९ देखि प्रकाशित ।
- **'सन्ध्या टाइम्स'** (नेपालभाषाको सन्ध्याकालीन दैनिक) अर्थ प्रकाशन प्रा.लि. द्वारा वि.सं. २०५१ देखि प्रकाशित ।
- **'देशय्‌मरू झ्या:'** (नेपालभाषाको राष्ट्रिय साप्ताहिक), प्रदीपमान श्रेष्ठद्वारा वि.सं. २०५० देखि प्रकाशित
- **'संघाराम'** (बुद्धजयन्ती विशेषांक), संघाराम विहार, ढल्कोद्वारा वि.सं. २०५५, बु.सं. २५४२ देखि अद्यावधिसम्म निरन्तर प्रकाशित ।
- **'धर्म-प्रदीप'** (बौद्ध वार्षिक), बुद्धधर्म अभिवृद्धि संघ, काठमाडौंबाट वि.सं. २०४९ देखि प्रकाशित ।
- **'ज्योति उदय'** (वार्षिक), ज्योतिदय संघ, ज्योति विहार, चापागाउँबाट वि.सं. २०४८, बु.सं. २५३५ बाट प्रकाशित ।
- **'बुद्धयान'**, नेपाल बौद्ध परिषद्, ललितपुरद्वारा वि.सं. २५५४ मा प्रकाशित
- **'शान्ति ज्योति'** (बुद्ध जयन्ती स्मारिका), बु.सं. २५४४ मा प्रकाशित
- **'पूगताभूमि जेतवन विहार स्मारिक'**, वि.सं. २०५९ मा प्रकाशित ।



Downloaded from http://www.dhamma.digital

- **'जनआस्था'** (साप्ताहिक) ।
- **'आस्था'**, वि.सं. २०५१ बाट प्रकाशित ।
- **'बुधबार'** साप्ताहिक ।
- **'बुद्धजयन्ती स्मारिका'**, बुद्धजयन्ती समारोह समिति, काठमाडौंबाट प्रकाशित ।
- **'शान्ति वन स्मारिका'**, शान्ति वन, शान्तिसंघद्वारा वि.सं. २०६० मा प्रकाशित ।
- **'धर्मचक्षु'** (बौद्ध मासिक), भिक्षु श्रद्धानन्द, पोखराबाट वि.सं.२०५३ देखि प्रकाशित ।
- **'भिक्षु कालुदायी महास्थविर स्मृतिग्रन्थ'**, आशाकाजी, तीर्थमाया महर्जनद्वारा वि.सं. २०५७ मा प्रकाशित ।
- **'धर्मोदय'** (अर्धवार्षिक), धर्मोदय सभा काठमाडौंबाट वि.सं. २०३९ देखि प्रकाशित ।
- **'पवित्रबहादुर स्मृतिग्रन्थ'**, वीरपूर्ण पुस्तक संग्रहालय, ललितपुरद्वारा वि.सं. २०५९ मा प्रकाशित ।
- **'स्व. भिक्षु रत्नज्योति महास्थविर स्मृति ग्रन्थ'**, महास्थविरका शिष्यानुशिष्यहरू र उपासक उपासिकाहरूद्वारा वि.सं. २०५७ मा प्रकाशित ।
- **'शान्ति सन्देश'** (वार्षिक), विश्वशान्ति बौद्ध शिक्षालय, वानेश्वरद्वारा इ.सं. २००० बाट प्रकाशित ।
- **'महाबुद्ध मन्दिर स्मारिका'**, महाबुद्ध विहार संरक्षण समितिद्वारा वि.सं. २०५८, बु.सं. २५४५ मा प्रकाशित ।
- **'अप्सरा'** (नेपालभाषा साप्ताहिक), अप्सरा प्रकाशनद्वारा प्रकाशित ।
- **'धर्मदूत'** (हिन्दी मासिक), महाबोधि सभा, सारनाथद्वारा इ.सं. १९३५, मा प्रकाशित ।
- **'बुद्धभूमि'** (बुद्धजयन्ती विशेषाङ्क), युवा बौद्ध समूह, काठमाडौंद्वारा वि.सं. २०५३ मा प्रकाशित ।
- **'लुम्बिनी बुद्धको जन्मभूमि'** (२५३९ औं बुद्धजयन्ती स्मारिका), वि.सं. २०५२, इ.सं. १९९५ मा प्रकाशित ।
- **'श्रीघः ज्ञानमाला नीन्यादँ बुन्हिंया लुमन्ति पौ'** (रजतजयन्ती २०३३-२०५८), श्रीघः ज्ञानमाला संघद्वारा वि.सं. २०५९ भाद्रमा प्रकाशित ।
- **'इनाप'** (नेपालभाषा साप्ताहिक)
- **'मणिहर्ष ज्योति स्मृतिग्रन्थ'**

**५. उहाँका लेख-रचनाहरूमा के सन्देश हुने गर्छ ?**

लेख-रचनाहरूद्वारा पनि बुद्धको यथार्थ धर्मप्रचार गर्नसक्ने विश्वास बोकेका उहाँ वर्तमान वृद्धावस्थाको यात्रामा पनि कलम रोक्नुभएको भने देखिँदैनन् । सिद्धान्तलाईभन्दा व्यवहारिक पक्षमा जोड दिनुहुने उहाँले सदैव चरित्र निष्कलंकित र दोषमुक्त बनाउने, मानवीय संचेतनालाई भित्रैदेखि झकझकाइदिने अनि जीवनलाई परिशुद्ध बनाउने नैतिक उपदेशहरू जनमानसमा पुऱ्याउन अनवरत लागिरहनुभएका छन् उहाँ लेख-रचनाहरूको प्रवाह प्रवाहित गरेर । उहाँको मतमा दान गर्नु, शील पालन गर्नु, ध्यान भावना गर्नु, अरूलाई उपकार गर्नुमात्र धर्म होइन, अपितु आफूद्वारा अरूलाई कुनै पनि प्रकारको विघ्नबाधा नपुऱ्याउनु अनि दुःख नदिनु पनि धर्म हो । यही सन्देश उहाँका लेखरचनाहरूमा भरिभराउ भएको महसूस गर्दछन् उहाँका पाठकवर्गले ।

सिद्धान्त मान्छेका निंतिं हुनसक्छ तर मान्छे सिद्धान्तका निंतिं होइनन् भन्नुहुने उहाँ कुनै पनि काम-कुरालाई आँखा चिम्लेर तत्कालै विश्वास गर्नु र व्यवहारमा उतार्नुभन्दा मानवीय स्वविवेक र प्रज्ञाले जाँचेर मात्र पालन गर्नुपर्ने उहाँको धारणा हो, जुन भगवान् बुद्धको उपदेश पनि हो । ■

पुज्य गुरु भिक्षु अश्वघोष महास्थविरया ८० दँ क्यंगु लसताय् वस्पोलया ता आयु तक न्ह्यायमा ल्यय् मदया सुख जीवन हने दयमा जि थें अज्ञानी पिन्त क्वाना, स्यना, कना बुद्ध धर्म थ्वीकुइके फी फयमा । अले भन्तेया थःगु खोल ठला क्यनीथें जि नं भन्ते पाखें स्यकन काय् फयमा भन्तेया न्हापा स्वया यक्को बुद्ध धर्म प्रचार याना च्वने फयमा धका भिन्तुना च्वना ।

अमृतलक्ष्मी तुलाधर



■ धर्मरत्न शाक्य "त्रिशुली"

# नेपालमा धर्म निरपेक्षताको आवश्यकता

परापूर्वकाल अर्थात प्रागैतिहासिक काल देखी यो नेपाल बौद्धहरूले बास गरीरहेको देश हो । जुनबेला यो नेपाल नागदहको रूपमा थियो त्यसबेला महाचीनका मञ्जुश्रीले दहको पानी पर्वत छेदन गरी निकालेर यहां स्वयम्भू दर्शन गर्नु भई स्वयम्भूदेखी गुहेश्वरीसम्म नगर निर्माण गरी मञ्जुपतन नामाकरण गर्नु भई धर्मस्थलीमा धर्माङ्कर नामक बौद्ध विद्वानलाई राजा तुल्याई राज्य स्थापना गर्नु भएको हुनाले यो नेपालको आदि देव स्वयम्भू र यहांका सर्वप्रथम राजा बौद्ध अनि राजधर्म बुद्ध-धर्म अनि जनता सबै बौद्ध थिए ।

पछि गोपालवंश शुरु हुनु भन्दा पहिले, पशुपति महादेव प्रकट भएपछि पशुपति महादेवका अनुयायीहरू शिवमार्गी भएपनि बुद्धमार्गी र शिवमार्गी दुवैथरी धर्म-समन्वयको आधारमा यिनीहरूको जनजीवन यो देशमा अगाडी बढ्दै गएका थिए । किरातकाल, लिच्छवीकाल देखी मल्लकालको पूर्वार्द्धसम्म पनि बुद्धमार्गी र शिवमार्गी दुवैथरी मिलि रहेको कारणले त्यतिबेला नेपालको एकता बलले नेपालको सीमाना उत्तर ब्रह्मपुत्र नदी र दक्षिणमा गंगानदी सम्म पुगेको थियो । यही दुई नदीभित्रको भूमीलाई नै त्यतिबेला आर्यावर्त पूण्यभूमी भनिन्थ्यो । त्यस्तै ईसा पूर्व २४९ मा सम्राट अशोकको समयमा देश बिदेशमा धर्मदूत मण्डल पठाउने सिलसिलामा आफै लुम्बिनी आउनु भई बुद्धको जन्मभूमीमा पूजागर्नु भई लुम्बिनीमा र कपिलवस्तुको निगलिहवा एवं गोटिहवामा स्तम्भ राखी नेपालका देवपालसंग आफ्नी छोरी चारुमती विवाह गरी, चारुविहार निर्माण गराई वर्तमान पाटन ललितपत्तनलाई अशोकपत्तन नामाकरण गरी बुद्धधर्म प्रचार गर्नु भएको थियो । त्यस्तै ईसाको तेश्रो



Downloaded from http://www.dhamma.digital

शताब्दीमा नेपालमा वैदिक धर्म प्रवेश भयो । त्यसबखतका राजा बृषदेव स्वयं वैदिक धर्मको भएर पनि बुद्ध धर्मको गुणलाई जानेर प्रभावित हुनुभएको हुनाले उनी सुगतशासन पक्षपाती भन्ने उपाधिले समेत विभूषित हुनुभयो । यदि चाहेको भए पहिलेका बौद्ध राजाहरू र सम्राट अशोक तथा उनले पनि त्यत्तिबेला यो नेपाललाई बौद्धदेश घोषणा गर्न सक्थ्यो । तर गरिएन ।

यही नेपालका महाराजाधिराज पदबाट विभूषित लिच्छवीकालका राजा अंशुबर्माका समयमा तिब्बतका श्रोङचङगम्पो र दक्षिणका हर्षवर्धन जस्ता प्रभावशाली राजाहरूसंग नेपालको धार्मिक मित्रताको सम्बन्ध रहेको थियो । किनभने त्यतिबेला नेपालमा धार्मिक समानता थियो, समानता युक्त स्वतन्त्रता थियो, राज्यमा धर्मलाई राजनीतिभन्दा माथी राखेर शासन चलाइन्थ्यो । कसैलाई जबर्जस्ती वा छल बलले धर्ममा सामेल गर्न वा धर्म परिवर्तन गरिदैनथ्यो । कसैलाई धर्मको नाममा दमन गर्दैनथ्यो ।

त्यसपछि पनि नेपाल उपत्यकामा महायान बज्रयान बुद्धधर्म को गढ भएर उपत्यका भित्र र बाहिर बिहार, चैत्य, गुम्बाहरूको बाहुल्य भई बुद्धधर्मको प्रचार प्रसार भई आजभन्दा १००० वर्ष अगाडि पूर्वमा सिन्धु, दोलखा, उत्तरमा रसुवा, पश्चिममा गोर्खा अनि सुदूर पश्चिममा मुस्ताङ्ग, मनाङ्ग, डोल्पा र हुम्ला आदिमा गुम्बाहरूको स्थापना भई बुद्धधर्म जनप्रिय धर्म भएको थियो । १००० वर्षभन्दा यता मल्लकालको अन्तिम समय सम्ममा बुद्धधर्मको प्रचार र बौद्ध गुम्बाको विस्तार पूर्वमा सोलु तथा संखुवासभा र पश्चिममा मुगुसम्म बढेको थियो । यति भित्र नेपालमा कति हिन्दु धर्मका राजा भए कति बुद्ध धर्मका राजा भए । कसैले नेपाललाई हिन्दु-राज्य वा बौद्धराज्य भनी घोषणा गरिएन ।

शंकराचार्यको समयमा राजालाई हातमा लिएर बुद्धधर्मलाई नाश गर्न बौद्ध ग्रन्थहरू चौबाटोमा जलाउन लगाउंदा, सांखुको चैत्य पल्टाउंदा पनि नेपालमा बुद्धधर्म म्हास्न सकिएन । जुनबेला जयस्थितिमल्लको समय आयो त्यतिबेला उनले राज्यमा सुधार गर्न निहुँले बुद्धधर्ममा ठूलो प्रहार गरे । भिक्षुहरूलाई जबर्जस्ती चीवर छोड्न लगाई गृहस्थ तुल्याए, भारती ब्राह्मणहरूको निर्देशनमा जबर्जस्ती जातपात मान्ने बाध्यता ल्याए । सारा कर्मकाण्डमा वैदिक बिधि संमिश्रण गरिएको धार्मिक परम्परालाई कर बलले मान्न लगाए । तैपनि राज्यलाई हिन्दूराज्य भनी घोषणा गर्न सकिएन । कारण बुद्धधर्मले धर्मको नाउंमा अन्याय गर्न कहिल्यै विचार नगर्न र बुद्धधर्मको सिद्धान्त नै शान्तिप्रिय र विवेकपूर्ण व्यवहार गरिने, यसकै बलले हृदय परिवर्तन गरी बुद्धधर्मको माध्यमबाट बहुजन हिताय, बहुजन सुखाय गर्न हुनाले स्वत: स्वयं चाहना गर्ने धर्म थियो । यही कारणले गर्दा बुद्धधर्मलाई जतिसुकै दमन गरे पनि सहिणुताको नाराबाट भएपनि चलीनै रहे ।

जब नेपालमा बुद्धधर्म प्रति यसरी तिव्र प्रहार भयो त जनतामा असन्तोषको वातावरण फैलिदै गयो । अनेकतामा एकता भैरहेको देशमा जनतालाई जाती पातीमा विभाजित गरेर टुक्राई एकतामा अनेकता सिर्जना गरियो । फल स्वरूप यक्षमल्लको समयमा देश पनि राज परिवारमा विभाजित भई आपसमा सदैब झैझगडा नटुटने भयो । तर राज्यमा जस्तोसुकै परिवर्तन आएपनि त्यतिबेला पनि विभिन्न धर्मावलम्बीहरूले आआफ्नु धर्म स्वतन्त्ररूपले गर्दैथिए, राजाले सबैलाई समानरूपले नै व्यवहार गर्दथे ।

त्यस्तै बडा महाराजाधिराज पृथ्वीनारायण शाहदेव सरकारको नेपाल एकीकरण पछि उहांले चाही बक्सेकोभए त्यतिबेला उहां हिन्दु धर्मावलम्बी राजा हुनुभएकोले उहांले नै यो नेपाललाई हिन्दू राज्य घोषणा गर्न सक्नुहुन्थ्यो । तर गरी बक्सिएन । वहांको दिव्यवाणी थियो "मेरा साना दु:खले आर्ज्याको नेपाल सबै जातिको फुलबारी हो, सबैलाई चेतना भया भनी घोषणा गर्नु भई चैत्य विहार जीर्णोद्धार गरी बन्द भैरहेको सम्यक प्रथालाई संचालन गराउन लगाई नेपाली बौद्धहरूको हृदय जिती नेपाललाई सबै जाती सबै धर्मावलम्बीहरूको साजा थलो हो भन्ने विश्वास कायम गरी शाहवंशको परम्परा सजिलैसंग चलाई विशाल नेपालको निर्माण गरीबक्सनुभयो । त्यस बखतमा बुद्धधर्मको बिस्तार पूर्वमा काभ्रे, रामेछाप, ओखलढुंगा, ताप्लेजुङ, भई इलामसम्म पुगेको र सुदूर पश्चिममा जुम्लासम्म फैलिन सकेको थियो ।

जब नेपालमा एकतन्त्री राणाशासन आयो शाहवंश नाममात्रको भयो, राजगुरु र राणा सरकारलाई चाकडीबाट खुसी तुल्याई आफना स्वार्थसिद्ध गर्न

धर्मगुरुहरूले माथिल्लो ओहदा ओगते, अनि फेरी बुद्धधर्म र नेपालका विभिन्न भाषाभाषी जनजातीहरूलाई जानी नजानी होच्याउने र उच्च ओहदामा नपुऱ्याउने, केवल पीपा, चपरासी, भरिया, किसानीकाममा दल्याउने, शिक्षा दिक्षाबाट बंचित तुल्याउने, केवल आफुहरू मात्र उंभो लगाउने कूटनीति चल्यो । संस्कृत विद्यालयको नामबाट चारपास भएका ब्राह्मण आदि वर्गलाई मात्र जागीर दिने अरुलाई अनेक निहुंथापी हुञ्जेल सम्म जागीरै नदिने बाध्यभए । संधैभरी नोकर हुने काम मात्र दिने, लिच्छवीकालका राजप्रतिनिधि भैरहेका लाई जागिरै नदिने आदि नीति चले । धार्मिक क्षेत्रमा धार्मिक सहिष्णुताको नारा चर्काएर राजनीति आफ्ना परिवारमा मात्रै सीमीत गरी शासन गरे । धर्माधिकारीहरूले धर्मको नाममा अन्य धर्मावलम्बीहरूलाई गर्नसम्म दमन गरे । बुद्धधर्ममा स्वेच्छाले दिक्षित भएका महायानी बौद्ध भिक्षुहरूलाई देश निकाला गरे । विद्वान भिक्षु धर्मादित्य धर्माचार्यलाई कर बलले गृहस्थ हुन बाध्य तुल्याए । त्यस्तै बुद्धधर्म प्रचार गर्न छाडेन भनी थेरवादी भिक्षुहरूलाई देश निकाला गरे । बौद्धग्रन्थका पुस्तकहरू जफत गरे । परन्तु आखीर सत्यको विजय नभई छाडेन । देशमा जनक्रान्ति भयो, धर्मानुरागी प्रजातन्त्रप्रेमी राजा त्रिभुवन वीरविक्रम शाहदेव सरकार लाई जनताले साथ दिए; निरंकुस राणाशासन अन्त भयो । राजाले प्रजातन्त्र घोषणा गरीबक्सियो । बुद्ध धर्म क्रमशः प्रचार हुदैगए । नेपाली जनताहरूलाई मुलुकी ऐन बक्सियो त्यस बखतमा पनि राजाबाट हिन्दूराज्य भनी घोषणा गर्न आवश्यक थानी बक्सेन । यति समयभित्र बुद्धधर्म पूर्वमा खोटाङ, भोजपूर, पश्चिममा स्यांजा, पर्वत अनि तराई क्षेत्रमा मकवानपुर रुपन्देही सम्म पुगे, लुम्बिनी उत्खनन् भए, विहार, गुम्बाहरू बने । राजा स्वयं आनन्दकुटी विहारमा सवारी हुनुभयो, नारायणहिटि दर्बारमा भिक्षुहरू बोलाई महापरित्राण पाठ गराइयो, अग्रश्रावक महाश्रावकको अस्थिधातुलाई राजकीय सम्मानबाट राजदर्बारमा स्वागत गरियो । चतुर्थ विश्वबौद्ध सम्मेलनको आयोजना भयो । सफल पनि भयो । यही कारणबाट नेपाललाई विश्वले चिन्ने मौका पनि पायो । नेपालको कृति चारैतिर फैलियो ।

२००७ सालमा प्रजातन्त्र स्थापना भएपछि बुद्धधर्म फैलिंदै पूर्वमा धनकुटा, तेरथुम, पांचथर अनि पश्चिममा कास्की, लमजुङ, तनहुं र तराइ क्षेत्रमा धनुषा, सर्लाही, सिंधुली, नवलपरासी, बाजुरा, सुर्खेत, सुनसरी, कैलाली, कञ्जनपुर आदि जिल्लाहरूमा समेत गुम्बाहरू निर्माण भए । सबैले बुद्ध जयन्ती मनाए, भिक्षुहरूले जिल्ला जिल्लामा गएर धर्म प्रचार गरे । आज गुम्बा व्यवस्था समितिको तथ्याङ्क अनुसार मात्र पनि जम्मा ७५ जिल्ला मध्ये ४५ जिल्लामा मात्रै पनि ९८७ गुम्बाहरू छन् । काठमाडौं उपत्यकाका बज्रयान सहितको महायानी विहार, महाविहार, शाखा विहारहरू र थेरवादी विहार हरूको संख्या अलग्गै छन् ।

परन्तु प्रतिगामी तत्वहरूले यो उन्नति सहन सकेन । धर्मको नाउंमा स्वार्थ सिद्ध गर्नेहरूले बौद्धहरू नै परमशत्रु ठानेर राजनीतिमा विकृति ल्याई बौद्धहरूको संख्यालाई जानाजान घटाई हिन्दूको संख्या बढाइयो । जनसंख्या घटाएर मात्र नपुगी बुद्धधर्मनै हिन्दुधर्मको शाखा हो भन्ने दुस्प्रयास पनि गरियो । पोखराको बौद्धचैत्य भत्काइयो । यस्तै अन्याय अत्याचारले गर्दा नेपालका सबै जनजाती भाषाभाषी विभिन्न धर्मावलम्बीहरूले त्यस बखतका नेताहरूको धर्म निरपेच्छताको आश्वासनमा जनक्रान्तिलाई सहयोग गरे । पञ्चायती शासन ढले । सहीदहरूको रगतले पाएको पुनः प्रजातन्त्रको बहाली पछिको अन्तरिम सरकारले नेपालको सम्विधान तयार पारे । परन्तु यसमा मानवताको ख्यालै नराखी मानवमात्रले पाउनुपर्ने अधिकार धार्मिक समानता, भाषाको समानतालाई निर्बाधपूर्वक दिनुपर्नेमा बहुभाषी बहु-धार्मिकजनले भरीएको, बहुसंख्यक जनजातीहरू संगासी बसीरहेको नेपाल अधिराज्यमा केवल नेपाली भाषा एउटालाई मात्र राष्ट्रभाषा, केवल हिन्दूधर्म मात्र राष्ट्रियधर्म हुनेगरी सम्विधानमा भेल खेल गरी हिन्दू शब्दको पछाडी कमा राखी सम्विधान पास गरियो । धर्मसमन्वयको विषयलाई लिएर गरीएको हस्ताक्षर आन्दोलन, विराट शान्ति प्रदर्शनको कुनै मान्यता रहेन ।

सम्विधान अनुसार सम्वैधानिक राजाको छत्रछायांमा गठन भएको विभिन्न पार्टीको विभिन्न थरिका सरकार आए । आपसमा भैभगडा गरे । कुनै पार्टीबाट पनि जनतालाई राहत दिन सक्षम भएन । आज लुम्बिनी विकास



Downloaded from http://www.dhamma.digital

कोषमा पनि त्यही राजनीति छ । जतिपटक सरकार परिवर्तन भयो उतिपटक नै विकास कोषका पदाधिकारी फेरिने । अनुभवी, निस्वार्थी, सक्षम व्यक्तिको कदर नहुने । मानिस फेरिँदैगए, अनुभवीहरू पन्छाउँदै गरे । बौद्ध देशमा चन्दा लिन परे लाजै नमानीकन बुद्धको जन्मभूमी भनी चन्दा उठाई आफ्नो स्वार्थसिद्ध गर्न, बौद्ध स्थलको पुन निर्माण गर्ने बेलामा हुनेसम्म आलताल गर्ने भयो । यही मनोबृत्तिले गर्दा लुम्बिनी जस्तो महान तीर्थ अन्तर्राष्ट्रिय सम्पदामा गनीए तापनि आज अन्तर्राष्ट्रिय क्षेत्रका जनसामु नेपालीहरू लज्जाजनक स्थितिमा रहनु परेको छ । आज भगवान बुद्धले २९ वर्ष बिताउनुभएको स्थल कपिलवस्तुको क्षेत्रलाई संसार प्रसिद्ध विद्वानहरूले तौलिहवा तिलौराकोट हो भन्ने प्रमाण दिएको छंदाछंदै पनि भारतको पिपरहवालाई सिद्धार्थको राजधानी कपिलवस्तु हो भनी हिन्दुस्थानमा मार्न अरुले दुष्प्रयास गर्दैछ । तैपनि नेपाल सरकारले, वा लुम्बिनी विकास कोषले केही ठोस प्रतिकृया जनाएको छैन, विरोध गरेको छैन । विरोध गर्ने भिक्षुलाई कुनै प्रोत्साहन छैन । त्यतिमात्र नभई लुम्बिनीको उन्नति चाहने, विहार निर्माण गर्नभनी लागीरहेका जापानी भिक्षु नावातामेको निर्मम हत्या हुंदा पनि आजसम्म हत्यारालाई पक्रेर सरकारले सजायदिन सकेको छैन ।

यतिमात्र नभई नेपालका ख्याति प्राप्त राजनैतिक पार्टि नेपाली काँग्रेसका संस्थापक सदस्य तथा तात्कालीन प्रधानमन्त्री जस्ता जिम्मेवार व्यक्ति हुनुभएका कृष्ण प्रसाद भट्टराईज्यूले आदर्श कन्या निकेतनको प्राङ्गणमा २०५५ सालको संबिधान दिवसमा "नेपालमा ९८ प्रतिशत हिन्दू भएको हुनाले मैले नेपाललाई हिन्दु राज्य बनाएको हो भनी ध्वांग फुकेर सौरैआना फटाहा कुरा गरियो । जुन कुरा नेपालको सरकारको वर्तमान तथ्याङ्कबाट पनि मान्न नसकिने उहांलाई थाहा नभएको होवोइन ।

यस्तै अन्योल परिस्थितिमा आखीर पुन जनमत द्वारा आम चुनावको घोषणा भयो । पार्टिको एकलौटी सरकार बन्यो । तर बुद्धधर्मलाई बक्र दृष्टिले हेर्ने तत्वहरू सलबलाई नै रहे । अनेक षड्यन्त्रद्वारा बौद्धहरूको कला कीर्तिहरू म्हास्ने प्रयास हुंदैगए । महायान बज्रयान र स्थविरवाद एकजूट होला भनी आपसमा कलह पार्ने भेदनीति चल्दैगए । त्यत्तिले नपुगेर फेरी गएको २०५६ साल मार्ग महिनामा नेपाल सरकारको तर्फबाट नै लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन हुंदा इस्लामीहरूको मक्का मदिना, सिक्खहरूको गुरुद्वार, क्रिश्चियनहरूको जेरुसलम, हिन्दूमात्रको पशुपति आआफ्ना सिंगै तीर्थस्थल भएजस्तै लुम्बिनी बौद्धमात्रको अन्तर्राष्ट्रिय तीर्थस्थल भनी तात्कालीन नेपालका प्रधान मन्त्री गिरिजाप्रसाद कोइरालाज्यूबाट घोषणा भईसकेपछि पनि, संयुक्त राष्ट्रका महासचिव ऊ.थान्तको गुरुयोजना अनुसार लुम्बिनी पुन: निर्माण भैरहेको गुरुयोजनालाई उल्लंघन गरी त्यहिं नै बौद्धहरूको विरोधको कुनै ख्यालै नगरी बल मिच्याईं गर्दै विश्व हिन्दू बौद्ध सम्मेलनको आयोजना गरियो । बुद्धको जन्मभूमी लुम्बिनीलाई अयोध्याको राम जन्मभूमीमा जस्तै कलह, झगडा तथा संघर्षको स्थल तुल्याउन शिबलिङ्ग स्थापना गर्ने होहल्ला मचाई अनेकतामा एकता भईराखेको नेपालमा धार्मिक कलहको बीजारोपण गर्ने प्रयास गरियो । नेताहरूले राष्ट्रिय स्वार्थ भन्दा आआफ्ना पार्टिको निहित स्वार्थलाई मात्र महत्व दिई जनतालाई खोक्रो आश्वासन दिने र जनता धाँट्ने प्रबृतिलाई अंगाली नै रहे ।

राज्यमा धर्मलाई राजनीति भन्दा माथी राखेर, धार्मिक समानता, समानतायुक्त स्वतन्त्रता दिएर नैतिकताको आडमा विश्वासको बलमा सारा देशबासीको भलोको निम्ति राजा प्रजा र देशको भलो चिताई शासन चलाउनुको साटो पार्टिगत निहित स्वार्थपूर्ति गर्न अधार्मिक, अनैतिक, असमानता पूर्ण चाल चलियो । जसबाट राष्ट्र र राष्ट्रबासीको हित हुनुको साटो जनतामा अशान्ति र भयले ब्याकुल तुल्याइयो । नेताहरूमा कुर्सिको लालच बढ्दै गयो । फल स्वरूप एकमना सरकार बिफल भयो । पार्टिको झगडाको कारण प्रतिनिधिसभा विघटन गरियो । राष्ट्रमा हत्या हिंसा बृद्धि भयो । यति हुंदा पनि नेताहरूमा एकताको कुनै लक्षण देखा परेन । झन कुर्सिको लागी होडबाजी र षड्यन्त्र चल्दै गयो । जसबाट नेताहरूप्रति विश्वासको आधार खलबलियो । समस्या समाधानको निम्ति सरकारमा नेतृत्व परिवर्तन हुँदैगयो । परन्तु कसैले राजाको निर्देशन र जनताको भावना मुताबिक हत्या हिंसालाई रोकेर निर्वाचन गर्ने बातावरण मिलाउन सकिएन । केवल खोक्रो आश्वासन र जनता ढाँट्ने प्रबृत्ति चलीरह्यो । यस्तै भैरहने हो भने नेपाल आमाको आंसु कहिल्यै सुक्नेछैन । विश्ववन्द्य

स्वयम्भूको शान्तीप्रद नेत्रबन्द भई पशुपतिनाथको तेश्रो नेत्रबाट विकाल ज्योति निस्कन बेरछैन। यसबाट राष्ट्रलाई बचाउन नेपालमा पहिल्यैदेखि सम्पूर्ण धर्म र बौद्ध संस्कृति बौद्ध कलालाई प्राणपनले रक्षा गरीरहेका आचार्यहरू, धर्मको निम्ति आफ्नो देशै त्यागेर नेपालमा बास गरीरहेका धर्मगुरु लामाहरू अनि बुद्धधर्म पुनरुत्थानको निम्ति जीवन अर्पेर देश विदेश चाहारी बुद्धधर्म अध्ययन गरी मानव कल्याणकारी बुद्धशासनको निम्ति जीवन अर्पीरहेका भदन्तहरू पनि निस्कृय भएर बस्ने बेला छैन। बुद्धधर्म लगायन राष्ट्रका अन्य धर्मलाई हतोत्साह गर्ने, धर्मको नाउंमा कलह भैंभगडा गराउने तत्वलाई बढावा दिने बेला छैन। राष्ट्रका सारा जनताहरूलाई संगालेर सबैलाई समान अधिकार दिएर नैतिक बल र विश्वासको आधारमा मेल मिलापको नीति अवलम्बन गरी धर्म निरपेक्षता, धार्मिक स्वतन्त्रता, विभिन्न जनजातिको भाषा स्वतन्त्रता लाई खयाल राखी राष्ट्ररक्षाको नीति अवलम्बन गर्ने बेला आएको छ।

तसर्थ सम्बिधानकै परिधिभित्र रहेर सम्बिधानमा अपुरो, अधुरो भैरहेको भए यसलाई सम्बिधानकै तरिकाले नै संशोधन गरी विज्ञजन सबैले स्वीकार गर्न सकिने संबिधान ल्याउन सतर्क हुने समय आएको हुनाले राष्ट्रिय सभाका सम्माननीय एवं प्रतिनिधि सभाका माननीय वर्गहरूले विवेकपूर्ण कदम उठाउने बेला आएको छ। सर्वसाधारण भनिए पनि प्रजातन्त्रको मुख्य अंग अनि सार्वभौमिक अधिकार भएका जनताले बुझ्नु पर्छ कि नेपालमा एकमात्र धर्मलाई राज्यधर्म गर्ने र एउटा मात्र भाषालाई राष्ट्रभाषा गर्नु घोर अन्याय हो। यो प्रजातन्त्र पद्धति पनि होइन। सबै जातीको आआफ्नो भाषा संस्कृति धर्मको विकास गर्न स्वतन्त्रता मात्र होइन समान हक, समान अधिकार, समान अवसर हुनुपर्छ। यसको लागी सबैले विवेक पुऱ्याउनु पर्छ। धर्म नै समाजको प्राण हो। सुसंस्कृत समाज नै राज्यको मेरुदण्ड हो। यसको निम्ति धर्मनिरपेक्षता प्राणेश्वर हो।

**। भवतु सब्ब मङ्गलं ।**

## बाल आश्रमलाई सहयोग

१. भिक्षु अश्वघोषको ७७ औं जन्म वर्ष तथा ६० औं प्रव्रज्या वर्षको उपलक्ष्यमा भिक्षुणी धम्मवतीले बनेपामा बाल आश्रम निर्माणको लागि रु. १,५०,०००/- सहयोग उपलब्ध गराउनु भएको छ।

२. बनेपा नगरपालिकाले बाल आश्रम संचालनार्थ महिनाको रु. ३,०००/- को हिसाबले १ वर्षको लागि रु. ३६,०००/- रकम उपलब्ध गराएको छ।

३. प्रल्हाद मानन्धर, मरु अट्को नारायणबाट रु. १०,०००/-

४. प्रल्हाद मानन्धर सपरिवार, मरु अट्को नारायणबाट २०६१ ज्येष्ठ २ गते शनिबारका दिन रु. २,५००/- प्रदान गर्नुभएको छ।

५. सुमित्रा मानन्धर, पकनाजोल, काठमाडौं रु. १०००/-

६. सुश्री चिनियादेवी वज्राचार्य, विश्वमान वज्राचार्य, तानसेन, भिमसेनरोड रु. १०००/-

७. धर्मचन्द्र शाक्य, बनेपाबाट वैशाख, ज्येष्ठ महीनाको रु. ६००/-

८. तीर्थ देव मानन्धरले स्वर्गीय पुत्रको पुण्य स्मृतिमा बनेपाको बाल आश्रमको लागि रु. ४००/- सहयोगस्वरूप प्रदान गर्नु भएको छ।

९. सर्वज्ञरत्न तुलाधर, असनबाट ८ लीटरको प्रेसर कुकर दान।

१०. "सुखी होतु नेपाल" परिवारबाट चामल ३०० किलो र बिस्कुट (एक बोरा) करिब २०० पाकेट प्राप्त भएको छ।

**★ पूर्णबहादुर प्रजापतिबाट भिक्षु अश्वघोष महास्थविर प्रवजित जीवन ६० वर्ष पुगनुभएको उपलक्ष्यमा शुभकामना स्वरूप 'धर्मकीर्ति' मासिकलाई रु. १,५००/- प्रदान गर्नुभएको छ।**



Downloaded from http://www.dhamma.digital

ई. १९०१-२ ताका अर्थात् बीसौं शताब्दीको प्रारम्भमा बनेको यो मन्दिर वास्तवमा अगाडि उहिले उहिले निर्माण गरिएका मन्दिरहरूका ध्वंसावशेषहरूका तहतहमाथि वनाइएको पाइयो

■ भुवनलाल प्रधान

# ऐतिहासिक मायादेवी मन्दिर पुनः निर्माण

तुटवल-तानसेनका तत्कालीन प्रशासक खड्ग शमशेरको प्रयासबाट ई. १८९६ साल डिसेम्बर १ तारिखका दिन एउटा जङ्गली थलामा अशोकीय शिलास्तम्भ पहिल्याईदा त्यहाँ कुनै मन्दिर विद्यमान थिएन, न त कुनै मूर्ति नै देखिन्थ्यो । त्यस स्तम्भमा लेखिएका अक्षरहरूको अर्थ लगाइएपछि मात्र त्यो थलो भगवान बुद्ध जन्मेको ठाउँ लुम्बिनी उपवन भनेर चिन्हियो । यो लुम्बिनी स्तम्भ र इ. १८९५ साल मार्चमा निग्लिहवामा पाइएको अर्को अशोकीय स्तम्भ नेपाली भूभागमा भेटिएकोले भारत सरकारको पुरातत्त्व सर्वेक्षण विभागका बृटिश अधिकारीहरू र विशेषज्ञहरूले यी दुइटा स्तम्भ र यिनका सेरोफेरोका स्थितिको आधारमा प्राचीन लुम्बिनी र कपिलवस्तु नेपाली भू-भागमा पर्दछन् भन्ने अनुमान गरे । तदनुसार नेपाल सरकारको स्वीकृति लिएर त्यस विभागले यो लुम्बिनी स्तम्भको आसपासमा अनुसन्धान र उत्खनन कार्य थाल्यो । यहाँ रहेका ध्वंसावशेषका थुप्राहरूबाट सिद्धार्थ जन्म मूर्ति शिलापट्ट भेटियो । त्यसबेला मायादेवी मूर्तिको गिंड मात्र भेटिएको थियो । खन्दै जाँदा उपरोक्त उत्खनन टोलीका सदस्य पियारीचरण मुखर्जीले त्यस मूर्तिको शिरोभाग पनि भेट्टाए । यसरी मूर्तिहरू पाइएपछि डा. होएइले यिनीहरू बुद्ध जन्ममूर्ति शिलापट्ट हुनुपर्दछ भनेर सर्वप्रथम उद्घोष गरे ।



यो शिलापट्ट पाइएको खबर चारैतिर फैलेपछि दाताहरू एकपछि अर्को अघिसरे । फलस्वरूप मूर्तिपट्ट पाइएकै ठाउँमा एउटा मन्दिर वनाइयो । ई. १९०१-२ ताका अर्थात् बीसौं शताब्दीको प्रारम्भमा बनेको यो मन्दिर वास्तवमा अगाडि उहिले उहिले निर्माण गरिएका मन्दिरहरूका ध्वंसावशेषहरूका तहतहमाथि वनाइएको पाइयो । उत्खननबाट प्राप्त भएका यो जन्म मूर्ति शिलापट्ट वेदीमा राखेर त्यसबेलाभन्दा अगाडि बनाइएको मन्दिरको भव्यरूपले सिंगारिएका पीठिका मुखर्जीले उत्खनन गरेर भेट्टाएका थिए । यो पीठिका र उनले त्यसै सेरोफेरोमा गरेको उत्खननबाट प्राप्त स्तूपका ध्वंसावशेषहरू उपरोक्त बीसौं शताब्दीमा नयाँ बनेको मन्दिरकै वेदीको मण्डपमुनि गाडिएका थिए । सम्राट अशोकले ई. पू. २४५ सालताका बुद्धको जन्मस्थलमा निर्माण गरेको स्मारक सम्भवत: समयसमयमा बनेका मन्दिरहरूका ध्वंसावशेषहरूका तहतहमुनि पुरिएर रहेको भान हुन्छ ।

यहाँनिर एउटा कुरो के सम्झनु आवश्यक हुन्छ भने सम्राट अशोकको समय इ.पू. तेस्रो शताब्दीमा मूर्ति बनाउने चलन प्रचलित भइसकेको थिएन केवल ढुङ्गाका पाउ, छाता, चक्र आदि मात्र चिन्ह राखिन्थ्यो ।

उपरोक्त मन्दिर अर्थात् भारतीय टोलीको ई.१८९७-९९ सालको उत्खननपछि बीसौं शताब्दीको प्रारम्भमा बनाइएको र हालसालै ई. १९९२ सालमा भत्काइएको मन्दिर जमिनबाट अग्लो गरी उठाइएको मण्डपको बीचमा बनाइएको थियो र त्यहाँ पुग्न केही खुड्किलाहरू चढेर जानुपर्दथ्यो । चेप्टो छाना भएको र आधुनिक ढाँचाले बनाइएको त्यो मन्दिरको कुनै पनि भाग प्राचीन महत्त्वको थिएन । बरू त्यो मन्दिरको जगको मुनिमुनि पुरिएर रहेका ध्वंसावशेषहरू बढी महत्त्वका थिए र छन् । त्यस मन्दिरनिर उम्रिरहेको एउटा पीपलको रूख पनि हालसालै मन्दिर भत्काउँदा उखेलिएको थियो ।

उपरोक्त भत्काइएको मन्दिरको वेदीमा राखिएको बुद्धजन्म मूर्तिपट्ट अव (ई. २००२-३ सालमा) बनेको नयाँ वर्तमान मन्दिरको वेदीमा प्रतिष्ठापित गरिएको छ । यसपट्टमा सबभन्दा ठूलो मूर्ति मायादेवीको शालभञ्जिका मूर्ति हो दायाँ हातले शालवृक्षको हाँगा समातिरहेको र देब्रे हात तिघ्रामा अडाइएको छ । नयाँ जन्मेको बच्चा (भावी बुद्ध) को सानु मूर्ति महारानी मायादेवी मूर्तिको दाहिने पाउनिर उभीरहेको छ यसको शिरवरिपरिको प्रभा-मण्डलको पटल अहिले बिग्रिएको अवस्थामा छ । मायादेवीको मूर्तिसँगै पछाडि दायाँतिर अर्को महिला मूर्ति छ । प्रा. भट्टाचार्य अनुसार यो मूर्ति कान्छी महारानी प्रजापति गौतमीको हो र तिनले आफ्नो दायाँ हात उठाएर दिदी चाहिँलाई सघाइरहेको प्रतीक हो । नजवात शिशु (बुद्ध) को सानु मूर्तिको दायाँ केही निहुरिएको एउटा केही अग्लो दाह्रीवाल पुरुष मूर्ति छ । भिन्सेन्ट स्मिथले यो मूर्ति देवराज इन्द्रको हो भनेका थिए र ललितविस्तरको पौराणिक कथाअनुसार यसले नवजात शिशु बोक्न खोजिरहेको देखिन्छ । अहिलेसम्म किटान हुन नसकेको अर्को मूर्ति कुनै परिचारकको हुनसक्छ । मायादेवी मूर्ति एउटा पूर्णकदको छ र अरु सबै मूर्तिहरू तुलनात्मकरूपले साना छन् । यी सबै मूर्ति पीठिकाबाट अग्लो उभिने गरी कुँदिएको ठूलो पट्ट-शिला बलौटे ढुङ्गा भनिएको छ । यिनीहरूसँगै राखिएको सिंगमरमरको अर्को मूर्ति-समूह प्राचीन महत्त्वको होइन ।

यो पट्टका मूर्तिहरूमध्ये मायादेवी मूर्तिले इ. बीसौं शताब्दीको आरम्भमा स्थापना भएदेखि करिब डेडसय वर्षसम्म स्थानीय जनताको अन्धविश्वास, विशेष गरेर यसबाट चोइट्याइएका, खुर्केर लिइएका ढुङ्गा घोटिएको पानी पियो भने बाँझी महिला गर्भवती हुन्छे भन्ने विश्वास तथा रातो सिन्दुर लेपनको मार खप्नु परेकोले बिग्रिएको माथि झन्झन् बिग्रिनु परेको थियो । बल्लतल्ल इ. १९५६ सालताका धर्मोदय सभाले त्यो कुप्रथा बन्द गरायो । शिरोभागको मुखको बान्कीसम्म पनि नरहने गरी काटिएको चाहिँ बङ्गलाका सुल्तान समसुद्दिन इलियासले इ. १३४९ सालमा नेपालमा हमला गरी लुम्बिनीको बाटो फर्कंदा काटेका थिए भनिन्छ । यसबाहेक यस मूर्तिलाई उहिले लुम्बिनी माई देवी बनाएर बलिदिने चलन थियो, बलिदिने क्रममा यसलाई रगतैरगतले रक्ताम्य पारिन्थ्यो । जापानका एकजना भिक्षु इकाइ कावागुचिले ई. १९२५ सालताका नेपालमा लुम्बिनीको दर्शन गर्न आउँदा यसको जानकारी पाएपछि श्री ३ महा. चन्द्र शमशेरसमक्ष सिकायत गरिगरिकन बल्लतल्ल त्यो गलत परम्परा हटाउन लगाए ।



Downloaded from http://www.dhamma.digital

यो जन्म मूर्तिपट्ट नाग राजा रिपुमल्लले निर्माण र संस्थापन गर्न लगाएको हो भन्ने सोचाईले प्रश्रय पाएको छ । यसका अनेक कारण छन् । पहिलो कुरो त पश्चिमी नेपालमा शासन गर्ने पाल राजा (पाल राज्य इ. ९९६-१३८३-४) र नाग राज-नाग राज्य इ. ११३६-१३३४) हरू बौद्ध धर्मावलम्बी थिए । दोस्रो कुरो नाग राजा रिपुमल्लले इ. १३१२ सालमा लुम्बिनी र निग्लिहवा (कपिलवस्तु) को भ्रमण गरेका थिए । यसको प्रमाण उनले सम्राट अशोकले राखेका लुम्बिनी स्तम्भ र निग्लिहवा स्तम्भ दुवैमा "ॐ मणिपद्मे हुँ ॥ रिपुमल्लश्चिरंजयतु, १२३४" भनेर कुँदाएका अक्षरहरू छन् । तेस्रो, यो लुम्बनी-कपिलवस्तु इलाका उनकै राज्यको भू-भाग हुनुपर्दथ्यो । यो पट्टको प्रतिष्ठानपन इलाका उनकै राज्यको भू-भाग हुनुपर्दथ्यो । यो पट्टको प्रतिष्ठापन राजा रिपु मल्लको लुम्बिनी-कपिलवस्तुको भ्रमण अवसर (इ. १३१२ साल) मा वा केही समयपछि भएको हुनुपर्दछ ।

यो पट्ट र यसको मन्दिरबारे अरू केही खोज इ. १९३३-४ सालताका तत्कालीन सरकारको तरफबाट ज. केशर शमशेर राणाले गराएका थिए । त्यसबेला स्तूप र अरु स्मारकहरूका ध्वंसावशेषका साथै मायादेवी मन्दिर का केही बाँकी भाग भेटिए । भारतीय पुरातात्त्वविद् देवला मित्रको रेखदेखमा इ. १९६०-६१ सालमा लुम्बिनी मन्दिर वरिपरि केही उत्खनन भएको थियो । अध्ययन र परीक्षण गर्ने भनेर लगिएका त्यसबेला पाइएका बाकसका बाकस वस्तुहरू अहिलेसम्म पनि श्री ५ को सरकारलाई फर्काइएको छैन । यो पनि लुम्बिनी उत्खननबारे दुःखपूर्वक सम्झनुपर्ने कुरो छ ।

लुम्बिनी इलाकामा वैज्ञानिक उत्खनन श्री ५ को सरकार पुरातत्त्व विभागकै अन्तर्गत इ. १९७०-१ सालताकादेखि मात्र भएको हो । ती उत्खननबाट प्राप्त वस्तुहरू केही बुद्धकालीन र पूर्व-बुद्धकालीनका पनि छन् । यिनीहरू सबैका फोटोग्राफ तस्वीरहरू आलेखको लागि संरीक्षत गरिएका छन् । ठाउँहरूको विस्तृत विबरण र बाह्य आकारको नक्साहरू पनि तयार गरिएका छन् ।

इ. १९९१ सालमा जापानी बौद्ध फेडरेसनले श्री ५ को सरकार समक्ष लुम्बिनीस्थित बुद्ध जन्मस्थलमा रहेको मन्दिरको नवीकरणको लागि एउटा प्रस्ताव पेश



गऱ्यो । उक्त प्रस्ताव अनुसार नवीकरण गर्नुभन्दा अगाडि मन्दिर रहेको ठाउँको सर्वाङ्गीण उत्खनन गर्नुपर्दथ्यो । त्यस प्रस्तावमाथि आवश्यक विचार गरेर श्री ५ को सरकारले यसको लागि अनुमति प्रदान गऱ्यो । तदनुसार यसको कार्यान्वयनको लागि श्री ५ को सरकार पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष, नेपाल र जापानी बौद्ध फेडरेसनका पुरातत्त्वविद् प्रतिनिधिहरूको एउटा टोली गठन गरियो । इ. १९९३ देखि १९९५ साल तीन वर्षसम्म यस थलामा उत्खनन कार्य लगातार चलाइयो ।

मन्दिर स्थलको उत्खनन पाँच मिटर गहिरोसम्म गर्दा असंस्कृत प्राकृत तहमा पुगियो । त्यो पींध पूर्वपश्चिमबाट पाँच पङ्क्ति र उत्तर-दक्षिणबाट तीन महल गरी पन्ध्र खण्ड भएको सञ्जालमा विभाजित चतुष्कोण आकारको थियो । उत्खननबाट थाहा भएअनुसार त्यस पींधमाथि विभिन्न अवधिमा उठाइएका बनौटहरू पाँच भिन्नाभिन्नै चरणमा विभक्त गर्न सकिन्छ र अन्तिम मन्दिर (अर्थात् इ. १९९२ सालमा भत्काइएको) चाहिँको निर्माण पाँचौं चरणमा भएको थियो । यससम्बन्धमा उल्लेखनीय तथ्य एउटा के हो भने मन्दिरको पुनर्निर्माण वा परिवर्तन कैयन पल्ट भइसकेको भए पनि चुरो भाग अर्थात् सर्वाधिक पवित्रस्थल भने सदैव मन्दिरको पींधमा नै रहिआएको छ ।

उत्खननको क्रममा सबभन्दा महत्त्वपूर्ण उपलब्धि त प्रारम्भिक मौर्य कालका लामालामा ठूला ईंटहरूले बनेको आठ तह वा पत्र भएको चारकुने (मण्डपजस्तो बनाइएको) पर्खाल र यसको माथिल्लो सतहमा राखिएको एउटा चेप्टो प्राकृतिक मिश्रित ढुङ्गा नै हुन्। फेला परेको तहमा ईंटहरू योजनाबट तरिकाले एक अर्कोसँग टम्म मिल्ने गरी जोरिएका थिए। यो ठाडो पर्खाल ईंट ठड्याएर बनेका तहहरू जोर्दै आठ तहसम्म उठाइएको वनौट हो। यसको माथिल्लो सतहमा राखिएको साहो ढुङ्गाको आयाम ७० से.मि.X४० से.मि.X१० से.मी को हो।

सम्राट अशोकद्वारा भगवान बुद्ध जन्मेको ठाउँमा निर्माण गरिएको यो समारक फेला पर्नुबाट मायादेवी मन्दिर पवित्र स्थलहरूमा पनि पवित्रतम स्थलमा वनाइएको थियो भनेर सिद्ध भएको छ। यो गौरवशाली पुरातात्त्विक 'प्रतिक शिला' पाइएको औपचारिक उद्घोषण इ.१९९६ साल फेब्रुअरी ४ तारिखमा गरिएको थियो।

अनि इ. १९९२ सालमा भत्काइएको अन्तिम मन्दिरकै ठाउँमा वर्तमान नयाँ मन्दिरको निर्माण इ.सं. २००२ जनवरीमा प्रारम्भ भएको थियो र इ. २००३ साल फेब्रुअरीमा सम्पन्न भएको थियो। यो नयाँ मन्दिर युनेस्को (राष्ट्र संघको शैक्षिक-सामाजिक-सांस्कृतिक संगठन) को अन्तर्राष्ट्रिय नमूना अनुसारको हो। निर्माण कार्य सम्पन्न भएपछि यो मन्दिर सर्वसाधारण, दर्शक र भक्तजनहरूको निमित्त इ. २००३ फेब्रुअरी २६ तारिखमा खुला गरियो। (श्री ५ महाराजाधिराज ज्ञानेन्द्रबाट २५४७ औं बुद्ध जयन्तीका अवसरमा सर्वसाधारणका लागि इ. २००३ मे. १६ मा खुल्ला गरिबक्सिएको छ।)

लुम्बिनीमा बर्सेनि वैशाख पूर्णिमा अनेक कार्यक्रमहरूका साथ हप्ताभरि मनाइन्छ। वरपरका भक्तजनहरू देशका विभिन्न भागबाट आएका बौद्धहरू र विदेशी पाहुनाहरू सबै जम्मा भई मायादेवी मन्दिरमा पूजा प्रार्थना गर्दछन्, थरीथरीका वस्तुहरू चढाउँछन्। यहाँ बराबर राष्ट्रिय र अन्तर्राष्ट्रिय गोष्ठीहरूको आयोजना गरिन्छन् र बौद्ध धर्मका विभिन्न पक्षमा विचार विमर्श गरिन्छ।

आजकाल त यो लुम्बिनी स्थलमा मायादेवीको मन्दिरको साथसाथै अरु कैयन पक्ष तुलनात्मक रूपले केही विकसित र सुविधा सम्पन्न भएका छन्। आजभन्दा साठी जति वर्ष अगाडि यो लुम्बिनीस्थल एकलासे र अनकण्ठार ठाउँ थियो। जीवनोपयोगी, अरू वस्तुहरूको त के कुरा, पानीको समेत अभाव थियो। वरपर नजिक मानिसको बस्ती पनि थिएन। त्यसबेला यस्तो उजाड ठाउँमा भिक्षु धम्मालोक, उनका छोरा भिक्षु अनिरूद्ध, भिक्षु महानामहरू घोर अभाव र कठोर दुःख कष्ट खपेर यहाँ बसेका थिए। उनीहरूले यहाँका स्थानीय जनता र आगन्तुहरूलाई यस ठाउँको महत्त्व बुझाउँदै आफूहरूले सकेसम्म यस ठाउँलाई सफा सुग्घर र बसोवास गर्न योग्य बनाए। लुम्बिनी विकास समितिको गठन इ. १९७१ सालमा भएको कैयन वर्षपछि मात्र यहाँ विकासको काम फाट्टफुट्ट हुन थालेको हो। बीसौं वर्ष यतादेखि भिक्षु विमलानन्दले लुम्बिनी मन्दिर र यस स्थलको सेवा र रेखदेखमा आफ्नो समय अर्पित गरिरहनुभएको छ। यसबाट पनि नभई नहुने खाँचोको पूर्ति भएको छ। यति हुनु पनि ठूलो सन्तोष र श्रेयको कुरो हो।

आज लुम्बिनीस्थलमा थोरै भए पनि जेजति आधुनिक जीवनका सुविधाहरू उपलब्ध भइरहेछन् र ढिलै भए पनि जुन विकास भइरहेको छ ती सबै स्वर्गीय महाराजाधिराजहरू, वर्तमान महाराजाधिराज श्री ५ ज्ञानेन्द्र, श्री ५ को सरकार, लुम्बिनी विकास कोष, विभिन्न विभाग, निकाय एवं स्वदेशी र विदेशी दातृ संस्था र व्यक्तिहरूका अथक परिश्रम र सद्भावनाका फल हुन्। यिनीहरूको प्रयास नभएको भए भक्तजन, यात्री, पर्यटक र अरु आगन्तुकहरूले सन्तोषपूर्ण हदसम्म नभए पनि जेजति सुविधा पाउँछन् त्यति पनि उपलब्ध हुने थिएन।

अन्तमा यति भन्नु पनि अनुचित हुने छैन कि यस मायादेवी मन्दिरका पुजारी उहिले उहिले बौद्ध लामाहरू नै थिए। यस सम्बन्धमा श्री ३ म. जङ्गबहादुरले गरिदिएको कागजात बौद्ध स्थित चिनिया लामाहरूसित छ भनिन्छ। पछि कुनै बेला यस मन्दिरको जिम्मा अबौद्ध पुजारीलाई दिइयो। यस मामिलामा सक्रिय भएर सम्बन्धित व्यक्ति र संस्था सबैले सकेसम्म चाँडो यो मन्दिरमा बौद्ध पुजारी नियुक्त गराउनुतिर लाग्नुपर्दछ। देशकै बडागुरुजु जस्तो उच्च पद त विज्ञापन र चयनबाट नियुक्त गरिने जमानामा कुनै एउटा मन्दिरको पुजारीको वंशानुगत सेवाको अन्तः गरी अर्को व्यवस्था गर्नु न्यायसँगत नै हुन्छ।

*साभार : गोरखापत्र, २०६०।२।२*



Downloaded from http://www.dhamma.digital

# बौद्ध साहित्य प्रति भिक्षु अश्वघोष महास्थविरको दृष्टिकोण



■ त्रिरत्न मानन्धर

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर वर्तमान नेपालको तेस्रो वरिष्ठ भिक्षु हुनुहुन्छ । सामान्यत भिक्षु भन्नासाथ बुद्धधर्म प्रति समर्पित भई गृहत्यागी भई जीवनपर्यन्त धर्मको अभ्यास गरेर निर्वाण प्राप्तिको उद्देश्य लिएको व्यक्तिलाई लिइन्छ । भिक्षु अश्वघोष पनि बुद्धशासनमा प्रवजित भइसकेपछि आफ्नो दिनचर्या त्यहि अनुरूप बिताउँदै छन् । धर्म अध्ययन गर्ने, प्रवचन गर्ने, लेखन द्वारा बुद्धको शिक्षा प्रति जागरण गर्ने काममा लागिरहनु भएको हामीले देखिरहेका छौं ।

तर भिक्षु अश्वघोष महास्थविर प्रवचन गर्नु हुंदा, लेख्ने काम गर्नु हुंदा र आफ्नो अगाडी सम्पर्क आउनु हुने उपासक उपासिकाहरूसंग धार्मिक कुरा गर्दा सामान्य भिक्षुहरूभन्दा केहि फरक किसिमले प्रस्तुत हुने कुरा धेरैले महसूस गर्दै आइरहेको छ । उहाँको त्यो फरकपन भनेको बुद्धधर्म र बौद्ध साहित्यप्रतिको आलोचनात्मक दृष्टिकोण हो ।

अरू भिक्षुहरूद्वारा सरसर्ति वताउने धर्मसंग सम्बन्धित कुराहरू र बौद्ध साहित्यका कुराहरूलाई उहांले सहज रुपमा स्वीकारेर त्यस्तै किसिमले कुरागर्दै हिड्ने र लेख्ने कार्यप्रति शुरूदेखिनै आलोचनात्मक दृष्टिकोण राख्नु हुन्छ । बुद्ध शासनमा प्रवजित भिक्षुबाट यस्तो कार्यकलाप प्रति कोहि आश्चर्य प्रकट गर्छन त कोहि उहांप्रति नकारात्मक टिप्पणी पनि गर्छन् । यस हिसावले भिक्षु अश्वघोष नेपालको भिक्षुसंघमा छुट्टै विशेषता बोकेका भिक्षु भनेर पनि चिनिन्छ ।

थेरवाद बुद्धशासन अन्तर्गत भिक्षु जीवन व्यतित

गरीरहनु भएका उहां थेरवाद बुद्धशासनको अधिकारिक ग्रन्थहरू जस्तै मुलपाली साहित्य र अर्थकथाहरूमा वर्णित सम्पूर्ण कुराहरूलाई ज्यूं का त्यूं स्विकार्न किञ्चितपनि तयार हुनुहुन्न । बुद्ध धर्मको सामान्य जानकारी प्राप्त व्यक्तिहरू उहाँको सामिप्य भएर उहांको यस विशेषतासंग परिचित हुनासाथ धेरैजसो आश्चर्य हुन्छन् र अरू वरिष्ठ भिक्षुहरूसंग त्यस सम्बन्धमा विचार विमर्श गर्न जाने गरिन्छ । किनभने पालि साहित्यमा उल्लेखित जुनकुराहरू अरू भिक्षुहरू सामान्य तवरले बारंबार उपदेश गर्नुहुन्छ त्यसपछि जब उहांले त्यसप्रति छुट्टै विचार प्रकट गर्नुहुन्छ तब धेरैजसोलाई (जसले कहिल्यै उहांको विचार सुन्नुभएको छैन) त्यो नपच्ने पनि हुन्छ । तर उहांको यस सम्बन्धमा एउटै सूत्र छ, त्यो हो सम्यक चिन्तनको कुरा । जुन बुद्ध देशनाको महत्वपूर्ण कुरा पनि हो ।

जुनसुकै कुरालाई पनि धेरै ठुलो ग्रन्थमा लेखिएको, ठुल्ठुला धार्मिक गुरुहरूले बताउनु भएको, परम्परादेखि प्रचलन आइरहेको र धेरैले अंगीकार गरिसकेको कारणले मात्र त्यसलाई स्विकार्नु हुँदैन । बरू त्यसलाई आफ्नो बुद्धि विवेकको कसीमा घोटेर स्वतन्त्ररूपले चिन्तनगरी सकेपछि मात्र त्यसलाई स्विकार्ने र नकार्ने गर्नुपर्छ भन्ने बुद्धको शिक्षालाई उहांले बारबार बताउनु हुन्छ । उहांको भनाइ अनुसार बुद्धको यो स्वतन्त्र चिन्तनको शिक्षालाई बौद्धसाहित्य अध्ययन गर्दा पनि अनुशरण गर्नुपर्ने कुरामा जोडदिनु हुन्छ ।

उहांको यो कुरा बुद्धवचनसंग शत प्रतिशत मेल खाएता पनि श्रद्धाधिक भिक्षु र उपासक उपासिकाहरूलाई बौद्ध साहित्यका केहि कुरालाई बुद्धको शिक्षा संग अधिकारिकता सम्बन्धि प्रश्न तेर्स्याइ दिनासाथ असहज भई प्रतिकृया व्यक्त गर्ने धेरै निस्किन्छन् । यसरी थेरवाद बुद्धशासनमा पनि सिद्धान्तप्रति कटर भई एकोहोरो हुनेहरूप्रति उहां समयसमयमा सतर्क हुनुपर्ने कुरा राख्दै आउनु भएको छ ।

उहांको विचारमा त्रिपिटक वा पालि साहित्य भनेर जुन हाम्रो अगाडि छन् ती सबैलाई हुवहु बुद्ध वचनको रूपमा स्विकार गर्न सकिदैंन । किनभने २५०० वर्ष अगाडी गुरुबाट चेला र फेरी चेला बाट अर्को चेलामा कण्ठस्थ गरेर प्रवाहित उक्त शिक्षा बुद्ध परिनिर्वाणको ५०० वर्ष पछिमात्र लिपिवद्ध भएको, त्यसमा पनि धेरैकुराहरू मिसिएको, छुटेको, धेरैको अर्थलाई पल्ल्याउने गलत परम्परा इत्यादिको कारणले त्यसलाई शतप्रतिशत बुद्ध बचन हो भनेर ग्रहण गर्नु अतिसयोक्ति हुने कुरामा उहांको जोडदार वकालत छ ।

हुन त प्रत्येक संगायनमा बुद्ध बचनलाई जांचेर त्यसको अधिकारिकताको बारेमा सचेत भएर विद्वान भिक्षु संघहरूबाट छानेर आइरहेको भएतापनि थेरवादी हरू कट्टर स्वभावको हुने कारणले केहि कुराहरूलाई अस्वाभिक भएता पनि हुवहु राख्ने गरेको उहां भन्नु हुन्छ ।

यस्तै छुट्टै आलोचनात्मक विचारहरूसंग सम्बन्धित उहांबाट सृजित कितावहरूले यस्तै सन्देशहरूलाई प्रतिनिधितव गरिरहेको हामीले देख्नसक्छौं । उहांको यस आलोचनात्मक दृष्टिकोणलाई आलोचना गर्नेहरू पनि प्रशस्त छन् । एक पटक एक वरिष्ठ भिक्षुले धर्मसम्बन्धि लेखिंएको एक पुस्तकलाई त्यसमा रहेको कुरालाई बुद्धको बाद भन्नुको साटो अश्वघोष वाद भन्नुपर्छ भनेर टिप्पणी गर्नुभएको थियो ।

तर उहां आफ्नै धुनमा रहेर बौद्ध साहित्यलाई चुनौति दिने किसिमका कुराहरू लेख्दै रहनु हुन्छ । विशेष रूपमा बुद्धजीवनिसंग सम्बन्धित चमत्कारीपूर्ण र अलौकिक कुराहरूलाई ठाडै अस्विकार गरेर लेख्नु हुन्छ । बुद्ध जन्मनासाथ सातपाइला टेकेको, आफु अग्रहो भनेर घोषणा गर्नुभएको, शुद्धोदन महाराजले हलो जोतेको दिनमा ध्यानमग्न सिद्धार्थ माथि परेको छांया नसरेको, यमक प्रातिहार्य देखाइ सकेपछि बुद्ध त्रायस्त्रिंश भुवनमा आफ्नो आमालाई अभिधर्म देशना गर्नुभएको घटनाहरूलाई उहाले सहस रूपमा स्वीकार्नु हुन्न । बुद्धलाई अलौकिक रूपले प्रस्तुत गर्ने चलन पछिका महायान र वज्रयानको साहित्यबाट प्रभावित भएर त्यस्तै अनुरूप चित्रण गर्ने क्रममा थेरवादमा पनि घुसेको हुनसक्ने उहांको ठहर छ ।

बुद्ध जीवनीका यी अलौकिक घटनाहरूमात्र होईन उहांको गुनासो धर्मलाई सही रूपमा नअर्थ्याई आफ्नो विचार अनुकुल गर्ने प्रवृत्ति प्रति पनि उहांको



Downloaded from http://www.dhamma.digital

आलोचनात्मक टिप्पणी छ । जस्तै पराभव सुत्तमा एउटा गाथा छ ।

**"सुविजानो भवंहोति सुविजानो पराभवो ।**
**धम्मकामो भवं होति धम्मदेस्सी पराभवो" ।**

यसगाथालाई अनुवादकहरूले यसरी अनुवाद गर्ने गरिन्छ ।

जानिन्छ उन्नतिको कारण जानिन्छ कारण पतन को ।
धर्मप्रियको उन्नति हुन्छ धम्म द्वेषीको पतन ॥

पालि भाषाका विज्ञहरूद्वारा अनुमोदित गरिएको यस गाथाको अर्थ प्रति उहांको आफ्नै धारणा छ । उहाँको भनाइ अनुसार **"सुविजानो भवं होति सुविजानो परामवो"** को अर्थ "विज्ञहरूको उत्थान हुन्छ र विज्ञहरूको पतन हुन्छ" भनेर अनुवाद हुनु पर्ने हो । सुविज्ञ अथवा बुद्धिजीवि हुनासाथ उनीहरूको उत्थान नै हुनुपर्छ भन्ने छैन । उनिहरू पतन पनि हुन सक्छ भन्ने यस गाथाको अर्थलाई त्रिपिटक अनुवादकहरूले अर्कै किसिमले अर्थ्यायको कुरा उहां बताउनु हुन्छ । जुन साँच्चै अनुसन्धानको विषय हुन सक्छ । किनभने धर्मको बारेमा विज्ञ हुना साथ उनिहरू पतन हुन सक्दैन भन्ने धारणाबाट प्रेरित विद्वानहरूबाट त्यसरी अनुवाद भएको हुनसक्छ । तर पतनबाट वचन मात्र विज्ञ भएर हुँदैन बरू धर्मलाई व्यवहारमा पनि उतार्नुपर्छ र धर्मलाई धारण गर्नुपर्दछ भन्ने कुरा बुद्धले बारंबार बताउनु भएको कुरालाई उहां अगाडी राख्दै पहिलो अनुवाद सही हुन नसक्ने उहाँको तर्क छ ।

त्यस्तै दीघनिकायको धम्मचक्क पवत्तन सुत्त, जुन बुद्धको पहिलो देशना हो, प्रति पनि दुई अन्त र आर्यअष्टांगिक मार्गको कुरा वाहेक पछि विभिन्न लोकमा त्यस सुत्तको प्रसार भएको कुरा लाई पछि थपेको हो भन्ने उहाँको विचार छ । किनभने पहिलो भागमा वर्णित कुरा र त्यसपछिको कुरामा वचन (प्रथम व मध्यम) फरक फरक भइरहेको छ ।

यस्तै किसिमले त्रिपिटक मूल ग्रन्थ प्रति नै आलोचनात्मक दृष्टिकोण राख्नु हुने उहां त्रिपिटक लाई शतप्रतिशत बुद्ध वचन मान्नुहुनेहरूका लागि संधै आलोच्य भइरहेको छ उहाँ । अझ थेरवाद शासनमा लोप भईसकेको भिक्षुणी शासन पुनरुत्थान गर्न खुल्लम खुल्ला लागिरहनु भएको कुराले भिक्षुहरूको बहुसंख्यक वर्गबाट पनि उहाँलाई कुरा काटिरहेको हामीले देख्न सक्छौं ।

जे होस् उहाँको यस किसिमका विचारहरूबाट एकोहोरो रूपले धार्मिक ग्रन्थलाई अंगालेर बस्नेहरूलाई सजक हुन बाध्य पारेको छ । उहाँको विचारोत्तेजक कुराले फेरी एकपटक आफ्नो बुद्धि र विवेकको कसीमा घोटेर स्वतन्त्र चिन्तक भएर मात्र कुरा स्वीकार वा अस्वीकार गर्नुपर्छ भन्ने बुद्धको महानवाणीलाई अंगिकार गर्न प्रेरित गरेको छ भन्ने कुरामा कसैको दुइमत हुने छैन । ■


बहुजनहीतको लागि दुर्गम क्षेत्रमा पनि सरल यात्रा गर्नु हुने
पूज्य भिक्षु अश्वघोष महास्थविरको प्रव्रज्या ६० वर्ष प्रवेश भएको उपलक्षमा
उहाँको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछौं ।
together
The Complete Fashion Store
Putali Sadak
Tel.: 4260343
Ranjana, New Road
Tel.: 4249260

# धर्मकीर्ति विहार वार्षिक कार्य योजना - २०६१

| धर्मकीर्ति बिहार संरक्षण कोष | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | धर्मकीर्ति मासिक पत्रिका | धर्मकीर्ति स्वास्थ्य समिति | साप्ताहिक बुद्धपुजा | शाखा विहार संरक्षण र प्रवर्द्धन |
|---|---|---|---|---|---|
| १. धम्मचरिय तथा डाक्टर पास गर्नु भएका भिक्षुणीहरूका लागि सम्मान कार्यक्रम | १. शनिवारिय बौद्ध कक्षा | १. मासिक पत्रिका | १. साप्ताहिक स्वास्थ्य क्लिनिक | १. साप्ताहिक बुद्धपुजा | १. विहार संरक्षण |
| २. भिक्षुणी धम्मवतीको जन्मदिन उपलक्ष्यमा सप्ताहव्यापि पठ्ठान पाठ | २. बौद्ध विद्वानहरूको सम्मान | २. विषेशाङ्क प्रकाशन | २. रक्तदान | २. दान प्रदान | २. बौद्ध धर्म प्रचार |
| ३. पूर्णिमा मासिक ध्यान शिविर | ३. व्यक्तित्व विकास कार्यक्रम | | ३. डाईविटिज क्लिनिक आषाढ १९ गते | ३. चन्दा संकलन | ३. अन्य कार्यक्रम |
| ४. बौद्ध तिर्थ यात्रा | ४. सीप विकास कार्यक्रम | | | | |
| ५. वार्षिक साधारण सभा | ५. अल्पकालिन प्रवज्या | | | | |
| | ६. बुद्ध-धर्म प्रचार प्रसार | | | | |
| | ७. बौद्ध चित्रकला | | | | |
| | ८. बौद्ध हाजिरी जवाफ | | | | |
| | ९. हस्तकला प्रर्दशनी | | | | |
| | १०. पुस्तकालय व्यवस्थापन | | | | |
| | ११. अडीयो भिडियो लाईब्रेरी | | | | |
| | १२. वार्षिक भेला | | | | |
| | १३. भिक्षु अश्वघोष महास्थविर को प्रवज्या ६० वर्ष पुरा भएको उपलक्ष्यमा कार्यक्रम | | | | |
| | १४. भिक्षुणी मा. गुणवती गुरुमाको ८० वर्ष जन्म उत्सव | | | | |
| | १५. बौद्ध पुस्तक प्रकाशन | | | | |



Downloaded from http://www.dhamma.digital

# भिक्षु अश्वघोष महास्थविरको संक्षिप्त जीवनी

नेपालमा स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसार गर्ने क्रममा ६० वर्ष समय बिताइसक्नुभएका केही ज्येष्ठ भिक्षुहरूमा भिक्षु अश्वघोष महास्थविर पनि एक हुनुहुन्छ ।

उहाँको जन्म ३१ जेष्ठ १९८४ का दिन पाटनको ओकुबहालमा पिता चन्द्रज्योति शाक्य र माता लक्ष्मीमाया शाक्यका कनिष्ठ पुत्रको रुपमा भएको थियो । माता-पिताले उहाँलाई "बुद्धरत्न शाक्य" नामकरण गरिएको थियो ।

माता लक्ष्मीमाया शाक्यको प्रेरणाले १७ वर्षको उमेरमा प्रव्रजित हुन पाउनुभएका बुद्धरत्न शाक्यले यसको एक-डेढवर्ष अगाडिदेखि नै भिक्षु धर्मालोक र भिक्षु अमृतानन्दको छत्रछायामा रहने अवसर पाउनुभएको थियो । विशेषत: भिक्षु अमृतानन्दको जिम्मामा छोडिएका बुद्धरत्न शाक्यलाई उहाँले वि.सं. २००० सालको पौष महिनामा कुशीनगर लगी भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को तर्फबाट प्रव्रजित गराई "श्रामणेर अश्वघोष"



हुने अवसर प्राप्त गरिएको थियो ।

श्रामणेर अश्वघोष प्रव्रज्यापश्चात् कुशीनगरमै महिनौं रहनुभएको थियो । उहाँले कुशीनगरमा रही प्रारम्भिक बौद्ध शिक्षा र हिन्दीभाषाको ज्ञान श्रामणेर धर्मरक्षित सित सिक्दै रहनुभएको थियो । त्यसैताका श्रामणेर धर्मरक्षित २१ जुलाई १९४४ का दिन उपसम्पन्न भई श्रीलंकामा बुद्ध-धर्म अध्ययन गर्न जाने तरखरमा लागे जसको कारण श्रामणेर अश्वघोषलाई अध्ययनमा समस्या पर्ने देखी भिक्षु धर्मरक्षितले नेपाली भिक्षु महानाम 'कोविद', जसले श्रीलंकाको दक्षिणी भूभाग मातरस्थित "महामन्तिन्द परिवेण" मा ६ वर्ष बौद्ध साहित्य अध्ययन गरी सन् १९३८/३९ मै भारत फर्किसकेका थिए, सित सरसल्लाह गरी सोही परिवेणमा आफू एवं श्रामणेर अश्वघोषको अध्ययनको प्रबन्ध मिलाए ।

उहाँहरू दुबै जना कुशीनगरबाट सारनाथ, बुद्धगया आदि ठाउँको दर्शन गरी १ अगष्ट १९४४ का दिन मण्डपम्‌कैम्प पुग्नुभएको थियो । त्यहाँ बोधिगुप्त महास्थविर (महामन्तिन्द परिवेणका एक प्रमुख भिक्षु) आउनुभएपछि उहाँका साथ धनुष्कोरीबाट 'आदम्‌पुल' पारहुँदै ८ अगस्ट १९४४ को मध्यरातमा मातरको उक्त परिवेणमा पुग्नुभएको थियो ।

सोही महामन्तिन्द्र परिवेणमा श्रामणेर अश्वघोषले पूरा ६ वर्षसम्म बौद्ध साहित्य अध्ययन गरी सन् १९५० मा कोलम्बो आउनु भई अंग्रेजीभाषा एवं अन्य विषयहरूको पनि ज्ञान हासिल गर्ने हेतु सरकारी स्कूलमा भर्ना हुनुभएको थियो । स्मरणीय छ, यस अवधि भित्रमा उहाँ मातरस्थित महामन्तिन्द परिवेणका प्रधानाचार्य भिक्षु धर्मकीर्ति श्री धम्मावास नायक महास्थविर (सन् १८८८-१९४९) को उपाध्यायत्वमा १ मई १९४९ का दिन उपसम्पन्न भई "भिक्षु अश्वघोष" भईसकेको थियो ।

उहाँ कोलम्बोमा अध्ययन गर्न आउनुभएको वर्ष दिनपछि नेपाल आउने अवसर प्राप्त गर्नुभयो । हेतु थियो- नेपालमा अग्रश्रावक अस्थिधातुको आगमन ।

अग्रश्रावक अस्थिधातु स्वागत समितिको तर्फबाट उहाँको साथै श्रामणेर कुमारलाई पनि निम्तो प्राप्त भएको कारण उहाँहरू दुवै जना सन् १९५१ को अक्टोबर महिनामा नेपाल आइपुगे । अग्रश्रावक अस्थिधातु नेपालमा रहुन्जेल वा महिना दिन जतिको नेपाल बसाई पछि उहाँहरू दुवैजना पुन: श्रीलंकामै फर्के । यस अवधिभित्रमा श्रामणेर कुमार (श्रीलंका फर्कनु अगाडि) २७ कार्तिक २००८ अर्थात् १३ नवम्बर १९५१ का दिन आनन्दकुटी विहारको सीमागृहमा बर्मीभिक्षु ऊ. कोविद महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न भई "भिक्षु कुमार काश्यप" भइसकेका थिए ।

भिक्षु अश्वघोष श्रीलंका फर्कनुभएको केही महिना पछि त्यहाँको स्कूल-जीवन समाप्त गरी भारत फर्के । उहाँले सारनाथमा रही "महाबोधि विद्यालय" का विद्यार्थी भई पुन: विद्यार्थी-जीवन शुरू गरे र त्यहीबाटै उहाँले एस.एल.सी. परीक्षा उत्तीर्ण गर्नुभएको थियो ।

एस.एल.सी. पश्चात् उहाँले आइ.ए. पनि सारनाथको महाबोधि कलेजबाट उत्तीर्ण गरे र बी.ए. अध्ययन वाराणसी स्थित "काशी हिन्दू विश्वविद्यालय" मा शुरु गर्नुभएको थियो । अफशोच उहाँ बी.ए. उत्तीर्ण नहुँदै विरामी भयो, उहाँलाई क्षय रोग (टी.बी.) लागेको थियो । यसको उपचारार्थ उहाँ चीन पुगे । चीनको "पेकिङ स्वास्थ्य निवास" बाट उहाँ सन् १९६१ मा सकुशल भई फर्के ।

चीनबाट फर्कनुभएदेखि उहाँले स्वदेशमा रही अभिभावक गुरू भिक्षु अमृतानन्द महास्थविरको आदेशानुसार आनन्दकुटी विद्यापीठको सेवा कार्यमा लाग्नुभयो । उहाँ आनन्दकुटी विद्यापीठको विभिन्न प्रशासकिय पद (व्यवस्थापक, पुस्तकालयहरू आदि) हरूमा पूरा एक दशक रहनु भएको थियो ।

वि.सं. २०२८ सालदेखि उहाँको जीवनको मोड बदलियो । उहाँले आफ्नो जीवन बहुजन हिताय बहुजन सुखाय गर्ने लक्ष्य अनूरूप त्यसताका श्रीघ: नघलस्थित धर्मकीर्ति विहारमा स्थापना गरिएको "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" ले नियुक्ति गरिएको धर्मानुशासक पद अनूरूप यथार्थै रूपमा धर्मानुशासक भई "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"लाई गतिशील रूप दिन सफल हुँदै जानुभयो ।

धर्मकीर्ति विहारका प्रमुख एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्षा अनगारिका धम्मवती पनि




Downloaded from http://www.dhamma.digital

आफ्नो पुस्तकहरूको साथै भिक्षु अश्वघोष महास्थविरका पुस्तकहरूलाई पनि धमाधम प्रकाशित गरी अध्ययन गोष्ठीका सदस्यहरूलाई सरल र सुबोध रूपमा बुद्ध-धर्म र दर्शनको परिचय दिँदै जान अधिक सफल हुँदै गए ।

भिक्षु अश्वघोष महास्थविर- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यमा मात्र सीमित रहनुभएको थिएन उहाँ 'आनन्दकुटी विहार गुठी' को गतिविधिमा पनि सरिक थिए । आनन्दकुटी विहार गुठीले वि.सं. २०३० सालको बैशाख महिना देखि शुरू गरिएको "आनन्दभूमि" बौद्ध मासिक पत्रिकाको सम्पादक पदभार पनि बहन गर्दै आउनुभएको थियो त "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को "धर्मकीर्ति" नामक वार्षिक (१२ वर्ष- १२ अंक), द्वैमासिक (दुई वर्ष बु.सं. २४२७-२९) र मासिक (बु.सं. २५२९ को आषाढ पूर्णिमा देखि अद्यावधिसम्म) पत्रिकाको प्रधान सम्पादकको भार बहन गर्दै आउनुभएको हामी सबैलाई थाहा भएकै कुरा हो ।

"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को लक्ष्य पुस्तक प्रकाशन एवं स्थानीय (शहरमा) ठाउँमा मात्र रही धर्म प्रचार गरिरहने नभई उपत्यकाको यत्र-तत्र गाउँहरूको साथै उपत्यका बाहिर पनि पुगी धर्मप्रचार गर्न जाने लक्ष्यलाई भिक्षु अश्वघोष महास्थविरले गोष्ठी स्थापनाकालदेखि सहयोग वा प्रमुख भूमिका निभाउँदै आउनुभएको र के कति, कुन-कुन ठाउँमा पुगिसकेको छ भन्ने कुरा हामीलाई रीना तुलाधरद्वारा सम्पादित एवं लिखित "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी को २५ वर्ष" पुस्तक अध्ययनले स्पष्ट गराउँछ ।

अँ, भिक्षु अश्वघोष महास्थविरको "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" प्रति बेजोड भूमिका थियो नै । यसको अतिरिक्त भिक्षु अश्वघोष महास्थविरको पहिलेदेखिको व्यक्तित्वबाट प्रभावित भई नेपालमा २०४६ सालको जनआन्दोलन पश्चात् पुनर्वहाली भएको प्रजातन्त्रद्वारा गठित संसदको राष्ट्रिय सभामा उहाँलाई नेपाल कम्यूनिष्ट पार्टी-एमालेले संसदको उपल्लो सदनमा पठाउने निर्णय गऱ्यो जसलाई उहाँले केहीसित सरसल्लाह गरी स्वीकृति दिनु भयो । अतः उहाँ पनि राष्ट्रिय सभाको एक सांसद भई उपेक्षित धार्मिक समूहको प्रतिनिधित्व गरी सदनमा विशेषतः लुम्बिनीप्रति भइरहेको अनयाय एवं दुर्व्यवहार बारे आवाज उठाउनु भएको थियो ।

उहाँकै आवाजको प्रतिफलस्वरूप पोखरा र लुम्बिनीमा विश्व शान्ति स्तूप तयार भएको थियो साथै लुम्बिनी विकास कोषको पुनर्गठन भई आ-आफ्नै देशबाट लुम्बिनीको विकास कार्यमा आवश्यक वातावरण तयार हुँदैआएको थियो ।

भिक्षु अश्वघोष महास्थविरले सन् १९५६ देखि देश-विदेशमा सम्पन्न हुने अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा प्रतिनिधित्व गर्दै आउनुभएको छ । सन् १९५६ मा चीनमा नियन्त्रित गरिएका एशियाई भिक्षुहरूको मैत्री-भ्रमणमा प्रतिनिधित्व गर्नुभएका उहाँले पछि क्रमशः भिक्षु अमृतानन्दका साथ एवं अन्य सहभागीहरूका साथ मंगोलिया, जापान, क्यानाडा, रुस आदि एशिया, यूरोप एवं अमेरिकासम्म पनि नेपालको प्रतिनिधित्व गरी धार्मिक सम्मेलनहरूमा भाग लिनुभएको छ ।

बुद्ध-धर्मप्रति उहाँको अथक योगदानको स्मरण स्वरूप नै म्यानमार सरकारको धार्मिक मन्त्रालयले उहाँलाई १९ मार्च २००० का दिन "अग्गमहासद्धम्म जोतिकधज" उपाधि प्रदान गरिएको थियो । स्मरणीय छ, सो उपाधि पाउने उहाँ चौथो नेपाली भिक्षु हुनुहुन्छ ।

अन्तमा, नेपाली बौद्ध जनस्तरबाट सश्रद्धाका साथ सम्मानित व्यक्तित्व हुनुभएका भिक्षु अश्वघोष महास्थविरलाई "बुद्ध-धर्म-जीवन पद्धति" को रूपमा प्रचार -प्रसार गरी हिड्ने भिक्षु भनी चिनिराखेको धारणालाई उहाँले पुनः यथावत पार्दै अझ डेढ-दुई दशक निरोगीताका साथ सो धारणा सही-सलामत गर्न सक्नुहुनेछ भन्ने आशामा छु । ■

**विद्वान बन्नु भन्दा योग्य मानिस बन्न खोज्नु जाति - *भिक्षु अश्वघोष***



भगवान् बुद्धया उपदेशयात

व्यवहारय् छ्यलेत

ध्वाथुइक कना बिज्याइम्ह

गुरु "**पूज्य अश्वघोष**

**महास्थविर**" यात

## भिन्तुना ! भिन्तुना !

## भिन्तुना !

**भाजु धर्मदास ताम्राकार**

**मय्जु तुल्सी माया ताम्राकार**

स्वांछ्पु गणेश, काठमाडौं

# सुस्वास्थ्य एवं दीर्घायु कामना !



नेपालमा बुद्धशासनिक क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका

**श्रद्धेय भिक्षु अश्वघोष महास्थविर**
**'अग्गमहासद्धम्म जोतिकधज'**

तपाइँ ७७ वर्ष पुग्नु भएको तथा तपाइँको प्रवज्या ६० वर्ष पुगेको सुखद उपलक्ष्यमा अन्तर्मनदेखि शुभकामना व्यक्त गर्दछौं । तपाइँले आजीवन समर्पित भएर सिकाउनु भएको बुद्ध शिक्षाको व्यावहारिक पक्षलाई अँगालेर हामी सबैले आ-आफ्नो जीवन सुधार्न सकौं भन्ने प्रार्थना गर्दछौं ।

MAITRY

***Maitry Offset Press***
Gha 1-630, Kel, Masangalli-27
Ktrm, Nepal
Ph : 4-230840, 4-231822
e-mail : maitry@ecsinp.com.



Downloaded from http://www.dhamma.digital

# आचार्य अश्वघोष महास्थवीर भन्ते

# हाम्रा गुरू

उहाँको कुरा नलुकाई स्पष्ट हुनेगरि छर्लङ्ग बताइदिने स्वभाव मन पर्छ



■ विनीता बाडे श्रेष्ठ

आचार्य गुरु अश्वघोष महास्थवीर भन्तेलाई हामी सबैले चिनेका छौं । उहाँ कोमल बोली प्रवाहका व्यक्तित्व हुनुहुन्छ । उहाँ साना-ठूला सबैलाई समान माया गर्नुहुन्छ । उहाँलाई भेदपूर्ण व्यवहार कत्ति पनि मन पर्दैन । कुनै पनि काम गर्दा कुनै कुरा गर्दा उहाँ राम्ररी कुरा बुझेर मात्र निर्णय लिनुहुन्छ । उहाँलाई चिन्नुहुने सबैलाई उहाँको कुरा नलुकाई स्पष्ट हुनेगरि छर्लङ्ग बताइदिने स्वभाव मन पर्छ ।

पुज्य गुरू कहिले आनन्दकुटी विहार, श्रीघः विहार त कहिले बनेपास्थित ध्यानकुटी विहारमा बस्नुहुन्छ । हामी दश जना बालिकाहरू आ-आफ्नो घरको आर्थिक समस्याले ग्रसित भएर मैत्री केन्द्रको सहायतामा गुरूकै विहारमा बसिर हेका छौं । ध्यानकुटी विहारमा उहाँ आउँनुहुँदा बुद्ध धर्मको साथ-साथै व्यवहारिक जीवनपयोगी ज्ञान दिनुहुन्छ । उहाँको धर्मकथा सुन्न साह्रै रमाइलो लाग्छ । उन्नतिको मार्ग, सप्तरत्न धन, कुशल कार्य, अकुशल कार्य चर्तुआर्य सत्य, आर्यअष्टाङ्गीक मार्ग, धर्मको अर्थ आदि - आदि जस्ता जीवनका लागि अति उपयोगी अमृतसहरका ज्ञान दिनुहुन्छ । उहाँले दिनुभएको अर्ती, उपदेश, ज्ञान जीवनका लागि अमूल्य निधि बन्ने अनुभव गरेकी छु । उहाँको यस्तै अर्ती-उपदेश, माया, हेरचाह संरक्षणको छत्र छायामा हामी हुर्किरहेका छौं । उहाँले हामीलाई साँच्चिकैको मानिस, असल मानिस बनाउने ध्येय लिनुभएको छ । हामीले पनि उहाँका ज्ञानलाई केवल कानले मात्रै नसुनी आफ्नो व्यवहारमा पनि ढाल्ने प्रयास गरिरहेका छौं ।

गुरूको जीवनपयोगी ज्ञान पाएर सच्चा मानिस बन्न पाऔं । गुरूको पनि सेवा गर्ने अवसर पाऔं । गुरू अश्वघोष महास्थवीर भन्तेज्यू ७७ बर्ष पुगनुभएको छ र उहाँको बुद्ध धर्म प्रचार ६० बर्ष पुरा भएको सुखद उपलक्ष्यमा उहाँको सु-स्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

यी उपर्युक्त मेरा मनका भावहरू मैले आफ्ना गुरूसंगको व्यवहार, अनुभव अनुभूतिलाई कलमद्वारा उतार्न खोजेकी हुँ । यदि कुनै गल्ती हुन गएमा क्षमायाचना गर्दछु ।

*बनेपा बाल आश्रम*

# हार्दिक शुभेच्छा



मानव समाजका गौरव शान्ति नायक गौतम बुद्धका शिक्षा प्रचारमा
विगत ६ दशक देखि समर्पित व्यक्तित्व

## श्रद्धेय अश्वघोष महास्थविरको

आयु आरोग्य तथा मंगल कामना गर्दछौं ।

**एक्सप्रेस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**

पोष्ट बक्स : १२४५०, दरवार मार्ग, काठमाडौं, नेपाल ।
फोन : ४२२६३५३, ४२३२५५५, फ्याक्स : २२२६३५३

# शुभ कामना



पुज्यनीय भन्ते अश्वघोष महास्थविरले
बुद्ध शासनमा आजीवन समर्पित हुनु भई पुऱ्याउनु भएको अमूल्य योगदानलाई
स्मरण गर्दै उहाँ ७७ वर्ष ७ महिनाको उमेरमा प्रवेश गर्नुका साथै उहाँको
प्रव्रजित जीवन ६० वर्ष पूरा भएको उपलक्षमा उहाँले यसरी नै
बुद्ध शासनिक क्षेत्रमा सफलतापूर्वक अगाडि बढ्न सकुन्
भनी उहाँ प्रति सुस्वास्थ्य एवं दीर्घायु कामना गर्दछु ।

**रमा शोभा कंसाकार**
सचिव
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**



Downloaded from http://www.dhamma.digital



म सिङ्गो व्यक्ति प्रति अश्वघोष भन्तेको प्रभाव र मेरो उन्नति, सुख् दुःख र शान्तिको लागि कति योगदान पुऱ्यायो भन्ने विषयमा गणना गर्न र वर्णन गर्न सक्ने कुरा होइन महसुस मात्र गर्ने कुरा हो ।

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी प्रति भिक्षु अश्वघोषको योगदान

■ श्यामलाल चित्रकार

२०४५ साल पौष महिना २६ गते शनिश्चरवारको दिन विहान साढे आठ बजे तिर धर्मकीर्ति विहार, श्रीघलमा पुगें । अश्वघोष भन्तेले विहारको पुरानो भवनको भूई तल्लाको वाँया पट्टी कुर्सीमा वस्नु भई शनिश्चरवारको नियमित कक्षा शुरु गरी सक्नु भएको थियो । हतपत अगाडिको भगवान बुद्धमूर्तिलाई वन्दना गरी एक छेउमा बसें । बेन्चमाथि ठड्याई राखेको कालो वोर्डमा क्षान्ति पारमिता बारेको नोट टन्न लेखी सक्नु भएको थियो । वोर्डमा लेखी राखेको सार्ने र साथ साथै प्रवचन सुन्ने काम अलि अफठ्यारो हुँदो रहेछ । वोर्डमा लेखेको सार्न तिर लागे भने सुन्नमा ध्यान नजाने रहेछ । प्रवचन सकिएपछि सार्ने विचार गरी प्रवचन सुन्ने तिर नै ध्यान लगाएं ।

वि.सं. २०२२ सालमा स्थापना भएको धर्मकीर्ति विहार र सो अन्तर्गतको वि.सं. २०२८ सालमा स्थापनाभएको धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा म २०५३ साल देखि मात्र विहारमा जान संयोग मिल्यो । अश्वघोष भन्ते र धम्मवती गुरुमाको प्रवचनहरूबाट प्रभावित भई त्यस पछि हरेक शनिश्चरवार नियमित रुपमा जाने गरेको हो । अन्धविश्वासबाट पर जीवनका व्यवहारिक कुराहरू, स्वतन्त्र चिन्तन, बुद्धशिक्षाको स्पष्ट व्याख्याका साथै अश्वघोष भन्तेको आफ्नै जीवनका घटनाहरू र चित्त स्वभावहरू सजीव रुपमा वर्णन हुँदा श्रोताहरू मोहित हुन्छन् र श्रोताहरूको आआफ्नो जीवन र स्वभावतिर नियाल्न झकझोर गर्दछ । उपरोक्त पौष २६ गतेका दिन पनि क्षान्ति पारमिता सम्बन्धी व्याख्या गर्नु हुँदै रिस नगर्नु सहनशील हुनु मनुष्य जीवनका लागि अत्यावश्यक गुण हो र प्रतिकुल अवस्थामा तथा आफूलाई हानी नोक्सानी पुऱ्याउने व्यक्ति प्रति पनि रिस नगरी मैत्री चित्त राख्नु वोधि चित्त हो भनि उहाँले भन्नु भयो । भिक्षु भएर रिस गर्नु

सुहाउदैन भनी थाहा हुँदा हुँदै पनि आफ्ना चेलाहरूले भनेको कुरा नमान्दा बरोबर रिस उठेको र संघाराम भिक्षु तालिम केन्द्र छोडेर हिडेको कुरा बताउनु भयो। अहिले आएर रिसलाई नियन्त्रण गर्न सकेको र मनमा शान्ति भएको कुरा भन्नु भयो। समाजमा बस्दा जो सुकैलाई पनि लोक धर्महरू जस्तै सुख दुःख, लाभ हानी, यस अपसय, निन्दा प्रशंसाका कुराहरू हरेकक्षण आइरहन्छन्। त्यसबाट मन विचलित नगरी संयम गर्न सक्नु नै मंगल हो इत्यादी भन्ते गुरुमाहरूबाट बुद्ध शिक्षा अध्ययन गर्न पाउदा आफ्नो जीवनमा जति पनि परिवर्तन आयो त्यो सबै उहाँहरूको योगदान हो।

म सिङ्गो व्यक्ति प्रति अश्वघोष भन्तेको प्रभाव र मेरो उन्नति, सुख दुःख र शान्तिको लागि कति योगदान पुऱ्यायो भन्ने विषयमा गणना गर्न र वर्णन गर्न सक्ने कुरा होइन महसुस मात्र गर्ने कुरा हो। अतः अश्वघोष भन्ते प्रवर्जित हुनु भएको ६० वर्ष भई सक्यो र उहाँको यस अवधिमा उहाँ संग कति जनाले सम्पर्क गरे, उहाँ कति वटा संघ संस्थाहरू संग सम्बन्धित भए र उहाँको हजारौं प्रवचनहरूबाट लाखौ व्यक्तिहरू कतिको प्रभावित भइ इमान्दार कर्तव्यनिष्ठ, चरित्रवान र सुयोग्य नागरिक बनाउन गरिएको अश्वघोष भन्तेको अथक प्रयास तथ्याङ्कमा उतार्न सक्ने कुरो होइन। अश्वघोष भन्ते नेपालको एकजना श्रद्धा गर्न योग्य, आदर सत्कार गर्न योग्य र पूजा गर्न योग्य गुरु हुनु हुन्छ। अब आएर लेखको शिर्षक अनुसार धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी प्रति अश्वघोष भन्तेको योगदान बारे यहाँ केही चर्चा गरिन्छ।

अध्ययन गोष्ठीको स्थापनाको छुट्टै पृष्ठ भूमी छ। वि.सं. २०२८ जेष्ठ १ गतेका दिन वैशाख पूर्णिमाको उपलक्ष्यमा नागवहालमा भएको बौद्ध हाजिरी जवाफ प्रतियोगितामा धर्मकीर्ति विहारको टोलीले हारेको चोटले गर्दा युवा सदस्यहरूले बुद्ध धर्म अध्ययन गर्न एउटा व्यवस्था मिलाउनु अत्यन्त जरुरी सम्झियो। निम्न उद्देश्यहरू राखी ७ दिन पछि २०२८ साल जेष्ठ ७ गते शुक्रवारका दिन करिव ३० जनाको समुहले धम्मवती गुरुमाको अध्यक्षतामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना गरेको थियो।

गोष्ठीका उद्देश्यहरू:

१. बुद्ध शिक्षा अध्ययन गर्ने।
२. बुद्ध शिक्षाको प्रचार प्रसार गर्ने।
३. बुद्ध शिक्षा सम्बन्धि पत्रिका र पुस्तक प्रकाशन गर्ने।
४. देश र विदेशका बौद्ध विद्वानहरूलाई स्वागत सम्मान गर्ने।

गोष्ठीको स्थापना कालमा अश्वघोष भन्ते सम्मिलित हुनु भएको थिएन। गोष्ठीको पहिलो उद्देश्य बमोजिम युवा उपासक उपासिकाहरूको बुद्ध धर्मको प्यास मेटाउन एक्लै धम्मवती गुरुमालाई गाह्रो महसुस भयो। श्रीलङ्काबाट शिक्षित व्यवहारिक पक्षधर अश्वघोष भन्तेको प्रवचनबाट प्रभावित धम्मवती गुरुमाले पछि मात्र गोष्ठीका सदस्यहरूलाई बुद्ध शिक्षा सिकाउन सहयोगको लागि भन्तेलाई अनुरोध गर्नु भयो। अश्वघोष भन्ते र म्यान्मार बाट शिक्षित धम्मवती गुरुमाको विचारहरूमा केही भिन्नताहरू छन्। आआफ्नो कार्यशैली र विचारमा दखल नगर्ने सदाशय युक्त व्यवहारले ३३ वर्षसम्म पनि अध्ययन गोष्ठी यसरी निरन्तर अघि बढ्न सकेको हो। मिति २०६० साल फाल्गुण ३ गते अध्ययन गोष्ठी प्रति अश्वघोष भन्तेको योगदान बारे प्रश्न गर्दा धम्मवती गुरुमाले भन्नु भयो "अश्वघोष भन्तेलाई नास्तिक भिक्षु भन्दथे। उहाँलाई धर्मकीर्ति विहारमा संलग्न गराएकोमा बुद्धघोष भन्ते र सुदर्शन भन्ते प्रशन्न थिएन। शुरु देखि हाल सम्म निरन्तर रुपमा क्लास लिनु, लेख लेखन सिकाउनु, बोल्न सिकाउनु, पत्रिका प्रकाशन गर्नु, पुस्तकहरूको सम्पादन र प्रुफ हेर्नु, कार्यकर्ताहरूलाई प्रोत्साहन दिनु इत्यादी गोष्ठीको सबै कार्यक्रमहरूमा सहभागी भई उहाँले गर्नु भएको देन अविस्मरणीय र अतुलनीय छ।" गोष्ठीप्रति भन्तेको योगदान शुरु देखि कसरी रह्यो बारे धर्मकीर्ति पत्रिकाको २०२९ साल वैशाख पूर्णिमाको पहिलो प्रकाशनमा प्रकाशित धम्मवती गुरुमाको "आँखा" भन्ने लेखमा लेखिएको निम्न वाक्यांशहरूबाट बुझ्न सकिन्छ। "नयाँ समाजमा हुर्किरहेका, नयाँ शिक्षा लिइरहेका महिलाहरूलाई बौद्ध शिक्षामा आकर्षण गर्नु ठट्टाको कुरा होइन। तिनीहरूको दिमागमा बौद्ध शिक्षाले तबसम्म ठाउँ लिन्दैन जब सम्म बौद्ध शिक्षामा नयाँ कुरा



Downloaded from http://www.dhamma.digital

देखिन्दैन । त्यसैले मैले यो कामको लागि बौद्ध शिक्षाको साथै नयाँ शिक्षासित परिचित हुनु भएको पुज्य अश्वघोष भन्ते संग सहयोग मागें । उहाँ गाह्रो नमानी बेलाबेलामा आउनु भई नयाँ ढंगले व्यवहारिक रूपले बौद्ध शिक्षा सम्बन्धी प्रवचन दिई रहनु भएको छ । हाम्रो हरेक शुक्रवार बसिरहेको अध्ययन गोष्ठीलाई झन आकर्षक बनाइदिनु भयो ।" "धर्मकीर्ति" पत्रिकाको पहिलो प्रकाशन अश्वघोष भन्तेको सम्पादकत्वमा २०२९ साल वैशाखमा प्रकाशित भइसकेको र त्यसमा छापिएका लेखहरू जम्मै गोष्ठीका सदस्यहरूबाट लेखिएको देखिएकोले गोष्ठीको स्थापनाको केही महिनापछि अश्वघोष भन्तेले बुद्ध धर्मको व्यवहारिक पक्षबारे कक्षा लिने गरेको र लेखन विधि सिकाई सकेको हुनुपर्दछ । त्यसबेला देखि अहिले सम्म हरेक साल अश्वघोष भन्ते बढी कक्षा लिनुहुन्थ्यो । त्यतिबेलाको भरखरको युवाहरू अहिले प्रोढ भइ पुस्तक लेख्ने र नेतृत्व लिने भइसकेका छन् । सार्क राष्ट्रहरू मध्ये पहिला महिला अन्तर्राष्ट्रिय जेसिसका भुपु उपाध्यक्ष, नेपाल जेसीसका भुपु अध्यक्ष र सक्षम संस्थाको अध्यक्ष गोष्ठीको संस्थापक सदस्य श्रीमती कीर्ति तुलाधर यसरी भन्नुहुन्छ - "भन्तेको क्लासमा जस्तो सुकै अवस्थामा पनि नबिराईकन जान्थें । एउटा संकोच र लाज मान्ने केटीले भन्तेको उपदेशबाट बोल्न, लेख्न र व्यवहारमा संयम हुन सिकें । उहाँले लगाएको गुण कहिल्यै बिर्सन सकिन्दैन । उहांको दिर्घायुको कामना गर्दछु ।"

अश्वघोष भन्तेको कक्षा संचालन तरिकामा आफ्नै विशेषता छ । सदस्यहरू मध्येबाट सभापतिको चयन गर्ने र सभापतिले कक्षाको अन्त्यमा कक्षाको निचोड र आफ्नो मन्तव्य प्रकट गराउने, वादविवाद, छलफल, टिप्पणी गराउने, कक्षाको रिपोर्ट लेख्नु पर्ने र अर्को कक्षामा रिपोर्ट पढेर सुनाउने इत्यादि तरिकाले श्रोताहरूको सक्रिय सहभागितामा विशेष ध्यान दिइन्थ्यो । भन्तेको शिक्षण प्रणालीबाट सिकेका उहाँका शिष्य शिष्याहरू श्रीमती रीना तुलाधर, प्रकाश बज्राचार्य, मदन रत्न मानन्धर, श्रीमती लोचन तारा तुलाधर, र अरु धेरै धेरै सदस्यहरूले पुस्तकहरू लेख्ने अनुवाद गर्ने, सम्पादन र लेखरचनाहरू लेख्ने गर्दै आएकोमा अश्वघोष भन्तेको देनलाई मान्नै पर्दछ । हाल सम्म नयाँ पुरानो गरी ३१८ सदस्यहरूले लाभ उठाएका छन् । तिनीहरूबाट घर परिवार र समाजमा भएको प्रभावको हिसाब गरेर सकिने कुरा होइन ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको अर्को अनुहार "धर्मकीर्ति" पत्रिका हो । वि.सं. २०२९ वैशाख देखि २०६० फाल्गुण सम्म निम्न बमोजिम जम्मा २५० अङ्क प्रकाशन भइसकेको देखिन्छ ।

(क) वि.सं. २०२९ देखि २०३९ सम्म प्रत्येक वर्ष गरी जम्मा = ११ अङ्क

(ख) वि.सं. २०४० र २०४१ द्वैमासिक गरी जम्मा = १२ अङ्क

(ग) वि.सं. २०४२ देखि २०५९ साल सम्म १८ वर्षको मासिक गरी जम्मा = २१६ अङ्क

(घ) वि.सं. २०६० वैशाख देखि फाल्गुण सम्म जम्मा = ११ अङ्क

जम्मा = २५० अङ्क

अश्वघोष भन्तेले शुरुको ११ वर्ष सम्म एक्लैले सम्पादन गर्नुभयो । २०४० साल देखि द्वैमासिक भएपछि सम्पादन सहयोगीहरू लिनु भई प्रधान सम्पादकको कार्यभार सम्हाल्दै आउनु भएको छ । ३ दशक भन्दा बढी लगातार पत्रिका प्रकाशनको जिम्मा लिई सफलतापूर्वक लगातार पत्रिका प्रकाशन गर्दै आउनु भएका भन्तेको गोष्ठी प्रति योगदानको मुल्याङ्कन गर्न सक्ने कुरा होइन । गोष्ठीको सम्पूर्ण सदस्यहरूले उहाँ प्रति कृतज्ञता प्रकट गर्नु बाहेक अरु कुनै तरिकाले उहाँको ऋणबाट मुक्त हुन सकिदैन । गोष्ठीले पत्रिका प्रकाशनको साथसाथै पुस्तकहरू प्रकाशन गर्दै आएका छन् । आज सम्मको अन्तिम प्रकाशन "तृष्णा" पुस्तकको आवरण पृष्ठमा छापिए अनुसार हालसम्म नेपाली भाषामा ७५ वटा, नेपाल भाषामा १४८ वटा र अंग्रेजी भाषामा ५ वटा गरी जम्मा २२८ वटा प्रकाशन भइसकेको देखिन्छ । यी प्रकाशन कार्यमा अश्वघोष भन्तेको योगदानको मुल्याङ्कन कार्य अति कठीन कार्य हो । २२८ प्रकाशनहरू मध्ये अधिकांश अश्वघोष भन्तेबाटै लिखित तथा सम्पादित पुस्तकहरू छन् । बाँकी प्रकाशनहरू मध्ये पनि कति प्रकाशनमा प्रेस सँग समन्वय राखी, प्रुफ हेरी, सल्लाह दिई, भूमिका लेखी अश्वघोष

भन्तेले हरेक किसिमबाट सहयोग दिनु भएको कुरा घाम जस्तै छर्लङ्ग छ । बौद्ध पुस्तकहरू प्रकाशन गर्ने कार्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले अग्र स्थान ओगट्न सकेको श्रेय अश्वघोष भन्तेलाई पनि अवश्य जान्छ ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तेस्रो प्रमुख उद्देश्य हो - गाउँ गाउँमा गई बुद्ध शिक्षा प्रचार गर्ने कार्यमा अश्वघोष भन्तेले विशेष रूचि राख्नु हुन्छ । त्रिशुली, बनेपा, साँखु, नमोबुद्ध, बलम्बु, टोखा, बुंगमती, मणीमण्डप विहार (ललितपुर), श्री खण्डपुर (काभ्रे), चापागाउँ इत्यादी धेरै धेरै ठाउँहरूमा अध्ययन गोष्ठीले कार्यक्रम बनाउँदा विशेष कारणले एदाकदा एक दुई ठाउँमा बाहेक सबै ठाउँहरूमा जानु भई सभापतिको आसनबाट ठाउँ अनुकुल धर्मदेशना गर्नुभएको थियो । गाउँले किसानहरूलाई पञ्चशीलको व्यांख्या गर्नुहुँदा माछा, मासु, जाँड, रक्सी खाने नहुने होइन र मात्रामा संयम हुने र अरुलाई हानी नोक्सानी दुःख नदिने कुरामा जोड दिनु हुन्थ्यो । शील भन्ने कुरा लिने दिने कुरा होइन पालना गर्नुपर्ने कुरा हो । प्राणी हिंसा गर्दिन र लागु पदार्थ सेवन गर्दिन भनी प्रतिज्ञा गरिसकेपछि प्रतिज्ञा तोड्नु पनि मन कमजोर रहेछ भन्ने कुरा बुझ्नुपर्छ ।

गोष्ठी स्थापना देखि आफ्नो चौथो उद्देश्य बमोजिम म्यान्मारका प्रख्यात तथा विद्वान भिक्षु महासी सयादो, थाइलैण्डका खेमपाली एम ए, श्री लङ्कका प्रियदर्शी हलैण्डका आनन्द त्यस्तै कम्वोडिया, कोरिया, जापान इत्यादी मुलुकका बौद्ध विद्वानहरू तथा प्रतिनिधि मण्डलहरू, म्यानमारका महामहीमहरू इत्यादीलाई गोष्ठीले आयोजना गरेको स्वागत तथा सम्मान समारोहहरूले ती मुलुकहरू संग आपसी मैत्री, सद्भावना र सहयोग अभिबृद्धि भइरहेको छ । ती समारोहहरूमा अश्वघोष भन्तेको गरिमामय उपस्थिति र सारगर्भित मन्तव्यहरूले गोष्ठीको छवीलाई चम्किलो पारेको छ । गोष्ठीको तमाम सदस्यहरू अनुगृहित छन् । गोष्ठीको उपरोक्त उद्देश्यहरू परिपूर्तिको लागि गर्दै आएको कृयाकलाप वाहेक गोष्ठीले अन्य धेरै रचनात्मक कार्यहरू जस्तै बौद्ध हाजिरी जवाफ कार्यक्रम, ध्यान शिविरहरू, अस्थायी प्रव्रज्या कार्यक्रम, स्वास्थ्य क्लिनिक, घुम्ती स्वास्थ्य शिविर, अनाथ बालबालिकाहरूलाई सहयोग गर्दै आएका छन् । ती सम्पूर्ण कार्यक्रमहरूमा अश्वघोष भन्तेको सल्लाह सहयोग परिश्रम जुटेको हुन्छ । अतः सूर्यको अगाडी दियो जस्तै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी प्रति भन्तेको योगदान बारे केही चर्चा गर्ने सानो साहस मात्र गरेको हो । माथि उल्लेख गरिएका कुराहरूमा केही पुग नपुग र गल्ती हुन गएमा भन्तेको क्षान्ति पारमितामा सघाएको सम्झी क्षमा दिनु हुन विनम्र निवेदन गर्दछु । अपमादो बुद्धो, अपमादो धम्मो, आचरियो गुण अनन्तो बुद्धको गुण असिमित छ, धर्मको गुण असिमित छ त्यस्तै गुरुको गुण अनन्त छ ।

शीलवान, गुणवान र प्रज्ञावान श्रद्धेय भिक्षु अश्वघोष महास्थवीरलाई वन्दना गर्दछु । ■

## भिंतुना



**भिक्षु अश्वघोष महास्थविर ७७ दँ**

**व**

**प्रवजित जुयाबिज्याःगु ६० दँ क्यंगु लसताय्**

**थेरवादी बौद्ध-शासने वसपोलया**

**ज्वःमदुगु ज्यायात लुमंकुसें**

**वसपोलया आध्यात्मिक व शारीरिक शान्तिया नापं**

**आयु-आरोग्ययानं भिंतुनागु जुल ।**

**न्हुछेबहादुर बज्राचार्य**

संस्थापक प्रधानाध्यापक

**मैत्री माध्यमिक विद्यालय**

छाउनी, कान्तिपुर



Downloaded from http://www.dhamma.digital

# श्रद्धेय भिक्षु अश्वघोषबाट
# मैले पाएको ज्ञान



मलाई लाग्छ,
उहाँमात्र एक त्यस्तो
गुरु हुनुहुन्छ,
जो बुद्ध धर्मका
म जस्ता कैयौं नयाँ
विद्यार्थीहरूलाई
प्रेरणा एवं
उत्साहको स्रोत बन्न
सक्नु भएको छ

■ **लक्ष्मी शाक्य**

जिन्दगीको धेरै मोडहरू मध्येको एक मोड, जुन मोडमा म विहार जाने गर्थें त्यो मोड हो वि.सं. २०४९ देखि वि.सं. २०५५ सम्मको कारणवश विहार जाने क्रमलाई निरन्तरता दिन नसके पनि २०४९ देखि २०५५ सम्ममा मैले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका कक्षाहरूबाट धेरै कुराहरू सिक्ने मौका पाएको थिएँ। आज म धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको भुतपूर्व विद्यार्थीको हैसियतले अध्ययन गोष्ठीका धर्मानुशासक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूको ६० औं प्रव्रज्या वर्षको उपलक्ष्यमा उहाँको उत्तरोत्तर प्रगती र सुस्वास्थ्यको कामना गर्दै उहाँको सम्झनामा केहि मनका कुराहरू पेश गर्दैछु।

त्यतिबेला अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रम अन्तर्गत विशेषगरी युवा वर्गका लागि बौद्ध अध्ययन गर्न भनि विभिन्न भन्तेहरू, गुरुमाँहरू र बौद्ध विद्वानहरूलाई निम्त्याई संचालन गर्ने गर्थ्यो, अहिले पनि गर्दैछ र भविष्यमा पनि नियमित रूपले गर्नेछ भन्ने आशा लिएकी छुँ। वास्तवमा आफूले यथार्थमा धर्मको परिभाषा बुझेको र व्यवहारमा पनि सुधार एवं फाइदा भएको अनुभव गरेको भन्नु नैं विहारमा आई अध्ययन गरिसकेपछि मात्र हो। विहार जानु अधि त मलाई बुद्धको बारेमा राम्ररी थाहै थिएन। बुद्धको बारेमा मात्र छोटो चिनारी स्कुले पाठ्यक्रमको आधारमा पढाइयो, जसमा बुद्धले बुद्धत्व प्राप्ती गर्नु भएसम्म मात्र उल्लेखित हुन्थ्यो। अझ नैतिक शिक्षा अन्तर्गत बुद्धलाई त हिन्दुधर्मको एक हाँगा मानी बुद्धलाई विष्णुको नवौं अवतार हो भनी उल्लेख गरिएको कुरा पढियो। यस भ्रमलाई मैले विहारमा आई विभिन्न पुस्तकहरू र कक्षाको अध्ययन पश्चात मात्रै हटाउने मौका पाएँ। वास्तवमा बुद्ध को थिए, कस्ता थिए, बुद्धको विचारधारा के थियो, कस्ता कस्ता मानिसहरू बुद्ध कहलिन्छन् भन्ने कुरा त विहारमा नैं विभिन्न आदरणीय गुरुमाँहरू र भन्तेहरूबाट थाहा पाइयो। जुन कुरा म जस्तै

थुप्रै अज्ञानी साथीहरूलाई अहिले सम्म पनि थाहा भएको छैन। यो कस्तो दुर्भाग्य हाम्रो ? बुद्ध जन्मेको देश नेपालका हामी नेपाली बुद्ध र बुद्धका सिद्धान्तहरूबाट अपरिचित हुनु । जसको परिणाम स्वरूप हाम्रो शान्ति क्षेत्र देश नेपालमा हामी नेपाली अशान्तिको रस पिउन बाध्य छौं ।

ती अध्ययन गोष्ठीका कक्षाहरूमा श्रद्धेय गुरुमाँहरू र भन्तेहरू मध्ये म सबैभन्दा बढी भन्ते अश्वघोष महास्थविरज्यूबाट प्रभावित भएँ। जति नैं काम आई परेता पनि सकेसम्म भन्ते अश्वघोषज्यूको कक्षा छुताउँदिन थिएँ। मलाई लाग्छ, उहाँमात्र एक त्यस्तो गुरू हुनुहुन्छ, जो बुद्ध धर्मका म जस्ता कैयौं नयाँ विद्यार्थीहरूलाई प्रेरणा एवं उत्साहको स्रोत बन्न सक्नु भएको छ। किनभने उहाँले बुद्धकालिन घटना र विचारहरूलाई आधुनिक तरिकाबाट हाम्रो भावी जीवनका पाइलाहरूमा कसरी अनुकूल गर्ने भन्ने किसिमले सम्झाउने र उपमा दिंदै बुझाउने गर्नुहुन्छ। म जस्तै बुद्ध धर्मका नयाँ विद्यार्थीहरूलाई (जो आधुनिकतामा विश्वास गर्छन्, विज्ञानलाई बढी प्राथमिकता दिन्छन्) भिक्षु अश्वघोष एक प्रेरणा एवं उत्साहको स्रोत बन्नु भएको छ ।

मलाई लाग्छ, उहाँका प्रकाशित पुस्तकहरू पनि अरू पुस्तक भन्दा ज्यादै सरल र बुझ्न सकिने खालका छन्। कारण हो हरेक पाली शब्दहरूको पछि कोष्ठक भित्र सरल शब्दको प्रयोग गरिएको हुन्छ । जसले गर्दा गाह्रो शब्द र अर्थ पनि छर्लङ्ग हुन्छ । यसरी गाह्रो शब्द र अर्थसंग सजिलै परिचित हुने भएकोले त्यतिवेला पनि म भन्ते अश्वघोषज्युको पुस्तक नै बढी खोजी खोजी पढ्ने गर्थें । उहाँको हरेक पुस्तकमा म आधुनिकता पाउँछु । उहाँको पुस्तकहरूमा म हाम्रो समाजमा घटिने ताजा ताजा घटनाहरूको ज्वलन्त उदाहरणहरू पाउँछु। ती ज्वलन्त उदाहरण अनुरूप पनि कतिपय बुद्धका उपदेशहरूलाई अझ राम्ररी गहिरिएर बुझ्न मद्दत पुऱ्याउँदछ। हाल सालै मात्रै प्रकाशित (२०६० असोजमा) पुस्तक "धर्म जीवन जीउने कला" ज्यादै नै उपयोगी, वैज्ञानिक र प्रभावकारी लाग्यो । जुन पुस्तकबाट मैले अध्ययन गोष्ठीका कक्षाहरूबाट सिकेर पनि भुलिसकेका सत्य तथ्य र कारणहरूलाई अझ स्पष्ट रूपले बुझ्ने मौका पाएँ। बुद्ध कत्तिको प्रजातन्त्रवादी र मानवतावादी हुनुहुँदो रहेछ भन्ने कुराहरू भन्ते अश्वघोषज्यूको पुस्तकहरूबाट नैं छर्लङ्ग भयो ।

गहिरिएर सोच्दा मलाई लाग्छ, बौद्ध धर्म त एक वैज्ञानिक धर्म पो रहेछ, जहाँ बुद्ध एक वैज्ञानिक हुनुहुन्छ, जसले बौद्धधर्मको सिद्धान्त प्रतिपादन गर्नुभयो । जसरी विज्ञानले कुनै कुरोलाई तथ्य र कारण सहित अवलोकन र प्रयोगबाट मात्र स्वीकार गर्दछ, त्यसरीनै बौद्ध धर्मले पनि आफ्नै प्रत्यक्ष अनुभव र विवेकको कसौटीमा उत्रेका कुराहरूलाई मात्र विश्वास गर्दछ । अन्धविश्वास, प्रमाण विनाको तथ्य र पुर्वाग्रहलाई मान्दैन । "स्वतन्त्र चिन्तन" लाई नै दुवैले जोड दिन्छन् । यसरी विज्ञानले भौतिक क्रियाको कारण खोजे झैं बौद्ध धर्मले मानसिक क्रियाको कारण खोज्दो रहेछ। जस्तै असल कार्यको असल फल र खराब कार्यको खराब फल निस्कन्छ । बुद्धले त कर्मफलमा मात्र विश्वास गर्न जोड दिनुहुन्छ। त्यसैगरी बुद्धको अर्को उपदेश "नरुक, अगाडि बढ, तिमी आफ्नो मालीक आफै हो। त्यसैले आफ्नो काम आफै गर। अरूको भरोसामा नपर। भविष्य र कर्म बदल्नलाई आफ्नो पाइला उठाउ" भन्ने उपदेशले त झन सवैलाई आत्म निर्भर बन्न प्रेरित गर्दछ । समय परिस्थिति अनुसार बुद्धकालीन नियमहरूलाई ठाउँ अनुसार बुद्ध आफैले पनि परिवर्तन गर्नु भएको थियो र हामीले पनि परिस्थिति अनुसार अनुपयुक्त भएमा परिवर्तन गर्न सकिने बुद्धको नियम पनि ज्यादै स्वतन्त्र लाग्यो जहाँ कट्टरताको प्रश्नै उठ्दैन। त्यस्तै बुद्धले भन्नु भएको छ," "अरूले भन्दैमा, ग्रन्थमा उल्लेख गर्दैमा र बुद्ध आफैले भनेको भन्दैमा त्यसलाई तत्काल स्वीकार नगर्नु, राम्ररी अध्ययन गरी मनन गर्न योग्य छ, छैन भनि विचार गरेर मात्र स्वीकार गर्नु" । यस उपदेशले त झन कसैलाई पनि बुद्धले भनेको भन्दैमा दवावमा परि स्वीकार्नै पर्ने भन्ने वाध्यता देखाइएको छैन । जहाँ मात्र "स्वतन्त्र चिन्तन" लाई जोड दिइएको छ । फेरि जातीपाती र कर्मकाण्डलाई पनि त मान्दैन । यी सम्पूर्ण कुराहरू त ज्यादै वैज्ञानिक, आधुनिक, मानवीय, र प्रजातन्त्रसंग मेल खाने देखिन्छन्, जुन कुराहरू मैले भन्तेज्यूको पुस्तकहरूबाट ग्रहण गरें । जहाँसम्म मलाई लाग्छ, भन्ते अश्वघोष



Downloaded from http://www.dhamma.digital

नेपालको बुद्ध शासनको इतिहासमा एक महत्वपूर्ण व्यक्तित्व बन्नु भएको छ। कारण उहाँले विगत ६० वर्ष देखि बुद्ध धर्मको प्रचारमा अनवरत रूपले कार्य गर्दै आउनु भएको छ। अवश्य पनि उहाँको मेहनत र योगदान भविष्यमा एक अतिनै महत्वपूर्ण र अतुलनीय सावित हुनेछ।

आदरणीय भन्तेज्यूको पुस्तकहरू र त्यतिवेलाका ती अध्ययन गोष्ठीका कक्षाहरूबाट मैले कम्तीमै पनि मेरो जीवनलाई बुझ्न कोशिस गरें जस्तो लाग्छ। संसारमा जे जति पनि वस्तु उत्पन्न हुन्छ सबै परिवर्तनशील र अनित्य छ। हाम्रो शरीर पनि नश्वर छ। जीवनमा सुख, शान्ति र सम्मानको लागि आफै मेहनत गर्नुपर्दछ। ढुङ्गाको मुर्ति पूजा गर्ने, वरदान माग्ने, भाकल गर्ने आफ्ना मित्रहरूको अन्ध ईश्वर भक्ती र हस्तरेखा प्रतिको विश्वासलाई म विरोध गर्दछु। आफू जागृत भई लगनका साथ काम गर्ने आग्रह गर्दछु। कुनै पनि वस्तुमा आसक्त भई तासेर बस्नु नै दुःखको कारण हो। त्यसकारण दुःखबाट मुक्त रहनको लागि कुनै पनि अतिमा नलागी मध्यम मार्ग अपनाउनु जरुरी छ भन्ने कुरा बुझेकी छुँ। अब व्यवहारमा पनि लागु गर्न दुःखबाट मुक्त हुने बुद्धको औषधिमुलक उपदेशको सेवन गर्नु जरुरी छ अर्थात चार आर्य सत्य र आर्य अष्टांगिक मार्गको बोध हुनु आवश्यक छ। छोटकरीमा भन्दा चक्षुले तृष्णालाई निर्मुल पारी कुनै पनि वस्तुमा मोहवश आशक्त नभइ, जागृत भई आफ्नो कर्तव्य पालन गरी सन्तोषपूर्ण जीवन यापन गर्नु पर्दछ। निश्वार्थी भई, अनुशासनमा रहि, मनमा कुविचार आउनु अघि नै रोक्ने क्षमता वृद्धि गरि शील, समाधी र प्रज्ञाको नियमित अभ्यास गर्दै जानु नै सुखी जीवन विताउने सत्य तथ्य हो भन्ने कुरालाई मनन गरि आज व्यवहारमा उतार्न अगाडि बढीरहेकी छुँ। म आफू स्वयंले पनि बुद्धको दिव्य संदेशहरू फैलाउने कामलाई मेरो जीवनको उद्देश्यहरू मध्येको एक वनाएकी छुँ।

– *बसन्तपुर*


बुद्धया तेज नं प्राणी सुखी जुयेमा,
धर्मया तेजनं शान्तिपद लायेमा,
संघया तेजनं मैत्री वहे जुइमा।



थौंगु समाजया हरेक ख्यलय् बुद्ध-शिक्षाया उपयोगिता
- प्रमाणित याना बिज्याम्ह

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर

प्रव्रजित जीवन ६० दँ क्यंगु व ७७ दँ क्वःगु जन्मन्हीया
लसताय् भिंतुना देछानाच्वना।



स्था. नेपाल सम्बत १०५७
बिक्रम सम्बत १९९४

ज्ञानमाला भजन खलः, स्वयम्भु
व
सकल जःपि

# मृत्युको क्षणमा मनको अवस्था

प्राणीको कुनै एक जन्मको अन्तिम चित्तलाई 'च्यूतिचित्त' भनिन्छ । च्यूतिचित्त उत्पन्न भई नष्ट हुन गएपछि त्यसैलाई 'मृत्यु' भनिन्छ । च्यूतिचित्तको तत्काल पछि उत्पन्न हुनै चित्तलाई 'पटिसन्धि चित्त' अथवा 'जातिचित्त' भनिन्छ । किनभने त्यो अर्को जन्मको प्रथम चित्त हो ।

■ सुश्री नानीमैयाँ मानन्धर

दीपंकर तथागत समक्ष **नियत व्याकरण** अर्थात् भविष्य-वाणी प्राप्त गर्नु भएका **सुमेध तपस्वीले** चार असंख्य एक लाख कल्पसम्म निरन्तर रूपमा **दस पारमी, दस उपपारमी दस परमत्थ पारमी** पूर्ण गरिसकेपछिको सिद्धार्थ गौतमको यो जन्म अन्तिम जन्म थियो ।

नेपालको भूभाग **हिमवन्त प्रदेश**को लुम्बनी उपवनमा जन्मनु भई कपिलवस्तुको अन्न-पान ग्रहण गर्दै त्यहाँकै हावा-पानी-मौसममा हुर्कन्दै-बढ्दै ज्ञान अन्वेषण गर्नमा सक्षम, ध्यान-भावना गर्नमा सबल भइसकेपछि मात्र २९ वर्षको परिपक्व उमेरका राजकुमार सिद्धार्थले परिवार सम्पत्ति र राज्य सुख सम्पत्ति सम्पूर्ण त्याग गर्नु भई **महाभिनिष्क्रमण** गर्नु भयो ।

उरुवेल बनमा ६ वर्षसम्मको दुष्कर चर्या पश्चात् बुद्धगयाको बोधिवृक्ष मुनि वैशाख पूर्णिमाको रातमा **'पुब्बेनिवासानुसातेञाण', दिब्बचक्खुञाण** र **आसवक्खयञाण**- यी त्रिविध ज्ञान प्राप्त गर्नु भई स्वयं बोध हुनु भयो, बुद्धत्वप्राप्त गर्नु भयो, बुद्ध हुनु भयो ।

बोधिवृक्ष सहित सातवटा विभिन्न बृक्ष मुनि सात-सात दिन गरी जम्मा ४९ दिनसम्म भगवान बुद्धले अमृत रूपी धर्म-रस पान गर्नु भयो ।

यसै अवधिको चौठो सप्ताहमा **रत्नाधर** नामक वृक्ष मुनि बस्नु हुँदा भगवान बुद्धले मनको गम्भीरातिगम्भीर स्वभाव धर्मलाई साक्षात्कार गर्नु हुँदा तथागतको शरीरबाट **६ वण्ण** रश्मी प्रस्फूरित भयो ।

चित्तको विषयमा भगवान बुद्धले भन्नुभएको छ- "प्राणीको चित्त वा मन जन्मेदेखि मृत्युसम्म एउटै होइन । यो क्षण-प्रतिक्षण उत्पन्न हुन्छ, विनाश हुन्छ; फेरि उत्पन्न हुन्छ, विनाश हुन्छ-द्रुतगतिमा यही क्रम चलिहरन्छ ।"

भनिएको छ- 'एक पटक चुट्की बजाउञ्जेल वा आँखा झिमिक्क पारुञ्जेल यो चित्त अनेक **सतसहस्रकोटी** बाट उत्पन्न भई विनाश भई सकेको हुन्छ । यतिमात्र होइन, प्राणीको मृत्यु पश्चात् पनि चित्तको **उत्पाद-व्यय**को प्रवाह चलिरहन्छ । जबसम्म **अनुपादिसेस निर्वाण** प्राप्त हुँदैन तबसम्म यसको निरन्तरता रोकिँदैन ।

प्राणीको कुनै एक जन्मको अन्तिम चित्तलाई **'च्यूतिचित्त'** भनिन्छ । **च्यूतिचित्त** उत्पन्न भई नष्ट हुन गएपछि त्यसैलाई 'मृत्यु' भनिन्छ । च्यूतिचित्तको तत्काल पछि उत्पन्न हुनै चित्तलाई **'पटिसन्धि चित्त'** अथवा **'जातिचित्त'** भनिन्छ । किनभने त्यो अर्को जन्मको प्रथम चित्त हो ।



Downloaded from http://www.dhamma.digital

मानिसहरूको यस्तो विश्वास छ कि प्राणी एक जन्मबाट अर्को जन्म हुनुमा ईश्वरको विशेष हात छ । वास्तवमा यो कुरो यस्तो होइन । प्राणीको एक जन्य (**भव**) बाट अर्को जन्म हुनुमा **धम्म नियामता** अर्थात् प्रकृतिको स्वाभाविक नियममा आधारित हुन्छ । ब्रह्मा, देव, मनुष्य होस् अथवा पशु, पंक्षी कित-पतङ्ग, नारकीय प्राणी होस्; मृत्यु हुनु भन्दा पूर्व तिनीहरूमा **'मरणासन्न जवन'** प्रवृत हुन्छन्' । मृत्यु हुनु भन्दा केही क्षण पहिले उत्पन्न हुने चित्तलाई नै **'मरणासन्नजवन'** भनिन्छ । त्यस **'मरणासन्नजवन'** मा **कम्म**, **कम्मनिमित्त** र **गतिनिमित्त** - यी तीन मध्ये कुनै एक **आलम्बन** अवश्य उत्पन्न हुन्छ । उदाहरण लिइएमा - कुनै एक व्यक्ति जीवनभर डकैती आदि कुकृत्य गर्दछ भने उसको मृत्यु हुनु भन्दा पहिले **'मरणासन्नजवन'** मा उसले पहिले गरेर आएको कर्म वा काम आएमा त्यसलाई **'कर्म आलम्वन'** भनिन्छ । यदि उसको **'मरणासन्नजवन'** मा डकैती आदि कर्मका **उपकरण**-बन्दूक तलवार आदि हतियार आउँछन् भने यसलाई **'कर्मनिमित्त आलम्बन'** भनिन्छ । यदि उसको **'मरणासन्नजवन'** मा उसको जन्म हुने स्थान (**भव**) जस्तै- नरकमा उत्पन्न हुने प्राणीलाई नारकीय अग्नि, कन्टक वृक्ष र नरकमाल आदि देखिनु-यस्तो **आलम्बनलाई** **'गतिनिमित्त आलम्बन'** भनिन्छ ।

यस प्रकार पहिले गरेको अकुशल **कर्म**, **कर्मनिमित्त** र **गतिनिमित्त** मध्ये कुनै एकको **आलम्बवनमा** त्यस व्यक्तिको मृत्यु हुन्छ भने मृत्यु पश्चात् तुरन्त उत्पन्न हुने उसको **जाति चित्त** अवश्य पनि **नरक**, **प्रेत**, **तिर्यक**, **असूर**-चार **अपाय भूमि** मध्ये एक **भूमिका** उत्पन्न हुन्छ । यदि उसले आफ्नो जीवनमा यदाकदा दान गर्ने, शील पालन गर्ने आदि कुशल कर्म पनि गरेको छ भने उसको मृत्यु हुनु भन्दा पहिले **'मरणासन्नजवन'**मा कुशल **आलम्बन** आउने सम्भावना पनि हुन सक्छ । त्यसै अनुरूप **कर्म**, **कर्मनिमित्त** र **गतिनिमित्त** बन्दछ । मृत्यु पश्चात् उत्पन्न हुने **जाति चित्तले** उसलाई मनुष्य, देव आदि **सुगति** भूमिमा पुऱ्याउँछ । तर उसले गरी राखेको अकुशल कर्मको भोग अरू **भवहरूमा** अवश्य गर्नु पर्दछ । यस्तै किसिमले जीवनमा अधिकांश कुशल कर्म गर्ने तर यदाकदा अकुशल कर्म गर्ने व्यक्तिको **'मरणासन्नजवन'** का पहिले गरी राखेको अकुशल **कर्म**, **कर्म निमित्त** र **गतिनिमित्तको** आलम्बन हुन गएमा उसको पनि दुर्गतिमा पर्ने सम्भावना हुन सक्छ । तर यसो भएतापनि उसको पूर्वकृत कुशल कर्मको भोग उसले अरू-अरू जन्ममा प्राप्त गर्दछ । यसको तात्पर्य हो- व्यक्तिको कुनै पनि कुशल वा अकुशल कर्मको फल-विपाक त्यत्तिकै नष्ट भएर जाँदैन । उसले बेला-मौकामा फल वा विपाक भोग गरिरहने हुन्छ ।

यस प्रकार पहिले गरेको अकुशल कर्म, कर्मनिमित्त र गतिनिमित्त मध्ये कुनै एकको आलम्बवनमा त्यस व्यक्तिको मृत्यु हुन्छ भने मृत्यु पश्चात् तुरन्त उत्पन्न हुने उसको जाति चित्त अवश्य पनि नरक, प्रेत, तिर्यक, असूर-चार अपाय भूमि मध्ये एक भूमिका उत्पन्न हुन्छ

**विपस्सना ध्यान-भावनाको** निरन्तर अभ्यासद्वारा व्यक्तिले **स्रोतापत्ति मार्ग** र **फल** प्राप्त गर्न सकेको खण्डमा त्यस व्यक्तिको लागि **अपाय दुर्गतिको** ढोका सदाको लागि वन्द हुन्छ । किनभने **दस संयोजन** मध्ये **अपाय दुर्गतिमा** जाने **'सक्कायदिट्ठि**, **विचिकिच्छा**, **सीलब्बत परामास** नामक-यी तीन **संयोजनलाई** **स्रोतापत्ति मार्गले** अशेष रूपमा प्रहाण गरी सकेको हुन्छ । त्यसकारण त्यस व्यक्तिको निमित्त मृत्युको समयमा **मरणासन्न जवनमा** **अपाय भूमिमा** उत्पन्न गराउने **कर्म**, **कर्मनिमित्त** र **गतिनिमित्त आलम्बन** कहिल्यै उत्पन्न हुँदैन ।

यस्तै प्रकारले सकृदागामी, अनागामी, अर्हत्मार्ग-फल प्राप्त गरी बाँकी रहेका सात **संयोजनहरू-कामराग**, **प्रतिध**, **इर्ष्या**, **मात्सर्य**, **मान**, **भवराग** र **अविद्यालाई** अशेष रूपमा प्रहाण गर्न सकेको खण्डमा **जाति**, **जरा**, **व्याधि**, **मरण** रूपी संसार चक्रबाट सदाको लागि छुट्कारा पाई **मुक्ति**, **मोक्ष**, **निर्वाण** प्राप्त गर्न सकिने हुन्छ ।

अस्तु ।

# दुईवटा कथा-आजको अशान्त विश्वको लागि

## (१) आफूलाई [illegible]लि गर्ने मन नपरे ...*

एकदिन गौत्तम बुद्ध वेलुद्धार नामक ब्राह्मण गाउँमा धर्म प्रचारको सिलसिलामा जानु भयो । त्यसबेला बुद्धिजीवि विवेकी कतिपय ब्राह्मणहरूले भने गौत्तम बुद्ध ठूलो पवित्र चरित्रको व्यक्ति हुनु हुन्छ । हाम्रो गाउँमा पाहुनाको रुपमा आउनु भएको छ । जाउँ उहाँको स्वागत पनि गरुं र केही धर्मको छलफल गरुं भनेर ठूलो समूहका साथै बुद्धकहाँ जानुभयो । गएर अभिवादन गरे पछि कुराकानी गर्दै ब्राह्मणहरूले भने भो श्रमण गौत्तम ! तपाइँ हाम्रो गाउँमा आउनु भएकोले हामी खुशी छौं । तपाइँको नाम हामीले सुनेका छौं । तपाईं समक्ष हाम्रा केही जिज्ञासा राख्न सकिन्छ कि ?

गौत्तम बुद्धले भन्नु भयो- हुन्छ नि ! म त छलफल गर्ना निमित्त नै यहाँ आएको हुँ ।

ब्राह्मणहरूले भने- हामी गृहस्थ हौं । हामी विवाह गरेर बाल बच्चाहरू पालेर बस्न चाहनेहरूहौं । हामीलाई खेतीपाती, सुन चाँदीको गहना पनि चाहिन्छ । त्यसैले हाम्रो अनुरोध के छ भने गृहस्थी जीवनमा बस्दै स्वर्गीय जीवनमा बिताउन सक्ने उपाय छ कि ? हामी गृहस्थी जीवन त्यागीकन तपाइँ जस्तो वैरागी जीवन बिताउन चाहन्नौं ।

गौत्तम बुद्धले भन्नु भयो- गृहस्थी जीवन त्यागनै पर्छ भन्ने कुरो छैन । तर गृहस्थीहरूको जीवन सुखमय हुने मार्ग बताउने, शिक्षा दिने सच्चा वैरागी भिक्षुरूको पनि आवश्यक पर्छ । तपाइँहरू गृहस्थी जीवन सुखमय र स्वर्गीय बनाउन चाहनुहुन्छ भने केही उपाय बताउँछु । सुन्नुहोस् ।

"तपाइँहरूको गाउँमा अरुलाई दु:ख दिने, हिंसा आतंक गर्नेहरू छन् ?"

उत्तर थियो- धेरै छन्, मानिसहरूलाई दु:ख दिने गुण्डा बदमासहरू थुप्रै छन् हाम्रो गाउँमा ।

गौत्तम बुद्ध- ती व्यक्तिहरू तपाइँहरूलाई मन पर्छ ?

उत्तर थियो- मन पर्दैन । "त्यसो भए यहाँ भेला भएका बीच त्यस्ता अरुलाई दु:ख दिने व्यक्तिहरू छन् कि छैनन् ?" अनि उनीहरू एक आपसमा मुख हेरेर चुप लाग्छन् ।

गौत्तम बुद्ध फेरि सोध्नु हुन्छ - तपाइँकहाँ अर्काको वस्तु चोर्ने र लुट्ने व्यक्तिहरू छन् कि ?

उत्तर थियो- थुप्रै छन् । अहिले हामी यहाँ आउन घरमा ताला लगाएर आएका छौं ।

गौत्तम बुद्ध फेरि भन्नु हुन्छ - अरुले चोरी गर्ने र लुट्ने मन पर्दैन भने तपाइँहरूले पनि चोरी गर्ने र लुट्ने काम गर्नु भएन ।

बुद्ध फेरि भन्नु हुन्छ- आइमाइहरुलाई बलात्कार र भ्रष्टाचार गर्नेहरू पनि तपाइँहरूकहाँ छन् कि ? "थुप्रै छन्" भनी उत्तर दिए । त्यस्ता भ्रष्टाचार र बलात्कार गर्ने व्यक्तिहरू मन पर्दैन भने तपाइँहरूले पनि त्यस्ता भ्रष्ट काम गर्नु भएन ।

बुद्धले फेरि कुरा थप्नु भयो- झूठो कुरा गर्ने, एकता भंग हुने चुक्लि गर्ने, कडाशब्द बोल्ने, गफ्फी बन्नेहरू पनि छन् कि ? रक्सी आदि मादक पदार्थ खाएर मात्तिएर पागल जस्तो हिंड्ने र घरमा आइमाईहरुलाई पिट्नेहरू पनि छन् कि ? उत्तर थियो "थुप्रै छन् ।"

बुद्ध सोध्नु हुन्छ - त्यस्ता व्यक्तिहरू तपाइँहरूलाई मन पर्छ कि पर्दैन ?

उत्तर थियो- "मन पर्दैन ।" मन पर्दैन भने तपाईहरुले पनि त्यस्ता मादक पदार्थहरू सेवन गर्नु भएन । तपाईहरू गृहस्थी जीवनमा नै स्वर्गीय आनन्द लिन र अनुभव गर्न चाहनु हुन्छ भने उपर्युक्त नराम्रा चाल चलन र संस्कृतिलाई पनि त्यागी दिनु पर्‍यो ।

ब्राह्मणहरूले भने - यति नियम पालन गर्न सके गृहस्थी जीवन स्वर्गीय हुन्छ भने हामी तपाइँको शिक्षा शिरोपर गर्न तयार छौ. । श्रमण गौत्तम ! आज तपाइँले राम्रो कुरा र शिक्षा सिकाउनु भयो । राम्रो भयो । हामी आफ्नो जीवन भर तपाइँको अनुयायी बन्न प्रतिबद्ध छौं ।

**बुद्धको शिक्षाअनुसार पुरानो परम्परागत कुसंस्कार बदल्नु पर्छ । पुरानो [illegible] त्यागेपछि नै उहाँ बुद्ध बन्न सक्नु भयो ।** *- भिक्षु [illegible]*



Downloaded from http://www.dhamma.digital

# (२) हृदय परिवर्तन*

भारद्वाज नामका एक बुद्धकालिन ब्राह्मणको कान्छो छोरालाई विवाह गरीदिएको दुलही बुद्धमार्गी थिइन् । उनी बुद्धकहाँ गएर चित्त एकाग्र हुने समाधि साधना "आनापाना सति" अर्थात् श्वास-प्रश्वासमा होश राखी रहने ध्यान भावना लिएर अभ्यास गरिरहेकी थिइन् । भारद्वाज ब्राह्मण मानिसहरूको पाप कटाउनलाई बोका आदि पशुहरू होम गर्ने गर्थे । सबैजना पशु होम गरेको ठाउँमा बसिरहे । नयाँ दुलही मात्र त्यहाँ नगइकन टाढै एक कुनामा बसेर आनापाना स्मृति अर्थात सासभित्र आयो, बाहिर गयोमा होश राखी ध्यान भावना गरिरहिन् । ससुरा भारद्वाज ब्राह्मणले भने- ए दुलही । तिमी त्यहाँ के गरिरहेकी ? यहाँ आउ पाप कटाउन ।

नयाँ दुलहीले भनिन्- मलाई यहीं हुन्छ । मलाई यहीं आनन्द छ, म पनि यहाँ बसेर चित्त शुद्ध गरिरहेछु ।

"के भनेको ? आँखा चिम्लेर श्वास फेरेर कसरी चित्त शुद्ध हुन्छ ? कसले भनेको ?"

"बुद्धले भन्नुभएको"

"बुद्धकहाँ दीक्षा लिएर आएकी ? श्रमण गौत्तम जन्म लिनु नपर्ने कुरा बताउने । सन्तान नहुने काम गरिरहेको बुद्धकहाँ गएर दीक्षा लिएर आएको होइन ? लौ बर्बाद भयो ।"

छोरालाई बोलाएर भन्यो- "तिम्रो स्वास्नी त बुद्धको उपासिका पो रहिछ । त्यस्तो काम गर्ने नास्तिक बुद्धलाई बेसरी गालि गरेर आउनु ।

छोरा चाहिं पनि खूब रिसाएर बुद्धकहाँ गयो । त्यहाँ पुगेर बुद्धलाई साँढे, गधा, पशु भनेर बल छउञ्जेल गाली गऱ्यो । रीसले उसको मुख रातो भयो ।

गौत्तम बुद्धले मुसुमुसु हाँस्दै भन्नु भयो- बाबु तिमीलाई खूब रीस उठिरहेको जस्तो छ । आउ यहाँ बस । एकछिन आनापानासति (सास भित्र आयो, बाहिर गयो) मां होस राख्ने ध्यान अभ्यास गर रीस शान्त हुन्छ । चित्त एकाग्र हुन्छ अनि थाहा होला रीस किन उठेको । ल, आँखा चिम्ल । स्वास भित्र, बाहिर भइरहेकोमा ध्यान देउ । अरु कल्पना नगर । बुद्धले त्यति भन्नासाथ उसको रीस अलिकति शान्त भयो । चित्त एकाग्र हुँदै गयो । उसको मनले भन्यो- मैले बुद्धलाई गधा, पशु, साँढे भनेर त्यसरी गाली गरें । तैपनि श्रमण गौत्तम रिसाएनन् । उनले आँखा चिम्लेर "आनापान स्मृति" ध्यान भावना अभ्यास गर्दा महसूस गऱ्यो । मलाई कति रीस उठेको ? रीसले गर्दा आँखाले केही देखिनँ । मनमा डाह भयो । अब केही भएन । मन हलुका भयो । उसले बुद्धसँग सोध्यो- मेरी स्वास्नीले दिक्षा लिएर आए भनेको पनि यही साधना हो ?

बुद्धले भन्नुभयो- "हो, त्यसैले तिनको मन शान्त छ । तिमीलाई जस्तो रीस उठ्दैन । मैले पनि यही ध्यान भावना गरिरहेछु । त्यसैले तिमीले गाली गरे पनि चित्त दुखेन । रीस उठेन । "आहा ! यो त खूब उपयोगी छ । हितकर छ ।" त्यो खुशी भयो । घरमा गएर आफू पनि स्वास्नीसँगै आँखा चिम्लेर भावना गर्न शुरु गऱ्यो ।

भारद्वाज ब्राह्मणले छोरा पनि आँखा चिम्लेर ध्यान भावनामा तल्लीन भएको देख्यो । ए, तँ पनि बुद्धकहाँ गएर बहुला भएर आइस् होइन ? स्वास्नीको फरियामुनी घुसीस होइन ? बुद्ध कुमन्त्र र मायाजाल गर्न जानेको छ भनेको साँच्चै हो रहेछ । अब म आफैं गाली गर्न जान्छु भनेर राक्षसी स्वभावले त्यो बुद्धकहाँ गयो । गाली गऱ्यो- "तँ चण्डालले कुमन्त्र गरेर मेरो छोरा र बुहारी दुबैलाई बशमा राखिस् होइन , गधा, पशु, साँढे ।"

बुद्धले मुसुमुसु हाँसेर भन्नुभयो- ए ब्राह्मण म एउटा कुरा सोध्छु ।

तपाईंको घरमा कहिलेकाहिँ पाहुना आउँछन् ?

ब्राह्मण- आउँछन्, किन आउँदैन । तँलाई के को वास्ता ? बुद्ध भएर धर्मको कुरा गर्नु कता ! कता !! यस्तो हो सोध्ने ?

बुद्ध- पाहुनाहरुले केही उपहार ल्याउने गर्छन् कि गर्दैनन् ?

ब्राह्मण- ल्याए पनि नल्याए पनि तँलाई के वास्ता ?

बुद्ध- मलाई यस्तो कुरा पनि काम लाग्छ । भन न कोसेली ल्याउने गर्छन् कि गर्दैनन् ?

ब्राह्मण- ल्याउँछन् के बुद्ध भएर पनि थाहा छैन पाहुनाले उपहार ल्याउँछन् भनेर ।

बुद्ध- त्यो उपहार तपाईंले स्वीकार नगरे पाहुनाले के गर्छन् ?

ब्राह्मण- पाहुनाले नै लिएर जान्छन् ।

बुद्ध- तपाइँ पनि म कहाँ आएको पाहुना हुन् । तपाइँले गधा, पशु, साँढे उपहार लिएर आउनुभयो । त्यो मैले स्वीकार गरिन । तपाइँको साँढे, गधा, आदि तपाइँले नै लिएर जानुहोस् ।

ब्राह्मण पक्क परेर बुद्धको मुखमा हेरिरह्यो । कस्तो रहेछ बुद्धले मैले त्यसरी गाली गर्दा पनि रिसाएनन् झन नरम स्वरले करुणा र मैत्रीपूर्वक बोलिरहने । त्यसले बुद्धसँग सोध्यो के भएर तिमी नरिसाइकन, चित्त नदुखाईकन बस्न सकेको ?

बुद्धले भन्नुभयो- तपाइँले पनि आनापाना स्मृति ध्यान साधना अभ्यास गर्नुहोस् । तपाइँले आफूलाई चिन्न सक्नु हुन्छ । रीस कहाँबाट आउँछ, त्यो बुझ्न सजिलो हुन्छ । आफ्नो गल्ती आफैले देख्न सक्नुहुन्छ । अनि रीस उठ्ने छैन । सहन सक्ने हुन्छ । मैले पनि "आनापाना स्मृति भावना गरिरहेकोले यसरी मुसुमुसु हाँसी रहन सकें । तपाइँले जे गरेपनि रीस उठ्दैन ।

भारद्वाज ब्राह्मणले पनि आँखा चिम्लेर आनापाना स्मृति विपस्सना भावना गर्न शुरु गर्‍यो । उसलाई होश आयो- "मलाई के भयो भनेर । अघि मेरो मनमा शान्ति थिएन । रीसले चूर भएको थिएँ । चित्त चञ्चल थियो । एकाग्र पटक्कै थिएन । आहा ! अहिले कति आनन्द कति शान्ति । खुशी भएर घर गयो । घरका सबै जहान परिवार लाई श्वास प्रश्वासमा (आनापाना स्मृति) मा होश राख्ने विपश्यना ध्यान भावना गर्न सिकाई दियो । यज्ञ गर्न छोडेर पवित्र मावन बन्यो । हृदय परिवर्तन भयो । घरमा सबैको एउटै विचार भयो । शान्ति ! शान्ति !!

- **"बुद्धको संस्कृति र महत्व"**
- **"२१ औं शताब्दीमा बुद्धको शिक्षा किन ?"**

*(यी कथाहरू भिक्षु अश्वघोषबाट लिखित दुईवटा पुस्तकहरूबाट लिएर प्रस्तुत गरिएको हो- सं.)*




**"अग्गमहा सद्धम्म जोतिक धज"**

**"भिक्षु अश्वघोष महास्थविर" लाई**

**शुभकामना ! शुभकामना !**

**शुभकामना !**

**Last Frontiers Trekking (P) Ltd.**

P.O. Box: 881, Dhumbarahi-4
Kathmandu, Nepal
Tel.: 00977-1-4431512, 4438276
Fax: 00977-1-4438275
e-mail: mdsherpa@mos.com.np
website: www.lastfrontiers-nepal.com




Downloaded from http://www.dhamma.digital

# धर्म प्रचारमा अश्वघोष भन्तेको दुर्गम ग्रामीण यात्रा



■ मीना तुलाधर (बनिया)

वि.सं. २०२२ सालमा धर्मकीर्ति विहारको स्थापना पश्चात विहारमा हुने बुद्ध पूजा र धर्म देशनाबाट प्रभावित बौद्ध उपासक र उपासिकाहरूले आ-आफ्नो छोरा, छोरी, नाति, नातिनीहरू र बुहारीहरू विहारमा पठाउने गर्न थाले । बाल बालिका तथा युवा युवतीहरूले अरु बौद्ध विद्वानको तुलनामा आफुहरू धेरै अध्ययन नपुगेको महशुस गर्दै वि.सं. २०२८ ज्येष्ठ ७ गते भिक्षुणी धम्मवती गुरुमांको सक्रिय नेतृत्वमा बुद्ध धर्म अध्ययन गर्ने संस्थाको रुपमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना गरिएको हो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी मुख्य चार उद्देश्यहरू जस्तो १. व्यवहारिक बौद्ध शिक्षाको अध्ययन गर्ने २) गाउं गाउंमा बुद्धधर्मको प्रचार गर्ने ३) बर्षमा एउटा बौद्ध शिक्षा सम्बन्धी पत्रिका प्रकाशन गर्ने ४) देश विदेशका बौद्ध विद्वानहरूको स्वागत सम्मान गर्ने लिएर स्थापना भएको हो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको मार्ग प्रदर्शक पूज्यनिय अश्वघोष महास्थविरको प्रबज्या जीवन ६० वर्ष पुगेको उपलक्ष्यमा यसै सन्दर्भमा एक लेख लेख्ने मौका पाउनु आफ्नो अहोभाग्य ठानेकी छु ।

पूज्यनिय महास्थविर अश्वघोष एक बिशाल हृदय, धर्मात्मा, हँसिलो अनुहार, बिश्लेषणात्मक धर्म देशना गर्नु हुने, निश्चल व्यवहार, अरुलाई सहयोग गर्ने भावना, त्यागी, आफ्नो ब्यवहारले अरुलाई मुग्ध पार्ने आदि थुप्रै गुणहरूले युक्त हुनु भएका विशिष्ट व्यक्तित्व हुनु हुन्छ । गाउँ गाउँमा धर्म प्रचार गर्ने मौलिक विचार प्रकट गर्नु हुने अश्वघोष भन्तेको आज ७७ बर्षको उमेर पुग्दा पनि यस कार्यमा सक्रिय नेतृत्व जारी नै छ । गाउँ गाउँमा धर्म प्रचार गर्नको लागि आफुनै पहिले सुधीनु पर्ने आफ्नो जीवन शैली सुधार हुनु पर्ने विचार राख्नु हुने उहाँ अश्वघोष भन्ते गुणमा कुनै कुरामा पनि कमि भएको पाइँदैन ।

नेपाल एक बिकासोन्मुख देश हो । यहाँका अधिंकाश क्षेत्र अहिले सम्म पनि पिछडीएको छ । सीमित शहरी क्षेत्रमा बुद्ध धर्म प्रचार गरेर साँच्चैको धर्म प्रचार हुन्दैन । मानिसहरूलाई धर्म भनेको साँच्चै के हो बुझाउनु

नै अश्वघोष भन्तेको ग्रामीण क्षेत्रको धार्मिक यात्राको उद्देश्य हो । देउतालाई फूल विछ्युाई, राँगो, हाँस बलि चढाई, ठूलो अग्नि होम गरी साँच्चैको धर्म हुन्दैन । धर्म आफ्नो मनमा छ । आफ्नो चित्त शुद्ध गर्नु, अरूको आपद विपदमा सहयोग गर्नु, दु:खी दरिद्रलाई उपकार गर्नु, आफ्नो व्यवहार राम्रो गर्नु आदि नै धर्म हुन् भनेर हामीले सबैलाई बुझाई दिनु पर्छ । धर्मको नाउँमा देउतालाई नील: (चोखो पानी) चढाउनु पर्छ भन्ने छैन । यदि हामी सँग चोखो पानी छ र कसैलाई असाध्यै तिर्खा लागेको छ र त्यसले पानी मागेमा पानी खुवाउँदा नै हामीलाई धर्म लाग्छ । चोखो पानी ल्याएर देउतालाई चढाउँदैमा धर्म हुने होइन । उहाँले यी यस्ता कुराको मनन गर्नु भई आज भन्दा करीव ३५ वर्ष अगाडि नै नेपाल यूवक बौद्ध परिषदको स्थापना गरी त्रिशुली आदि विभिन्न ठाउँमा धर्म प्रचार कार्यक्रमको थालनी गर्नु भएको थियो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना भएको आज ३३ बर्ष पुरा भयो । यस अवधि भित्र यस गोष्ठीले अश्वघोष भन्तेको सक्रीय नेतृत्वमा गाउँ गाउँमा धर्म प्रचारको उद्देश्य अन्तर्गत विभिन्न ठाउँमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । कुनै कुनै ठाउँमा गोष्ठीको कार्यक्रम गर्न जाँदा भिक्षु भिक्षुणीहरूलाई पहेलो सारी, पहेलो लुगा लगाउने आइमाई भन्ने ठाउँ पनि छन् । कहिं कहिं बुद्ध धर्म भनेको के हुन पटकै ज्ञान नभएको ठाउँमा पर्दछ भने कुनै ठाउँमा गोष्ठीको कार्यक्रमलाई विशेष स्वागत गर्नुका साथै बुद्धधर्म प्रति आस्था, श्रद्धा, ज्ञान भएका पनि पर्दथ्यौं । यस गोष्ठीले विभिन्न ठाउँमा विभिन्न कार्यक्रम गरेको सबै विवरण यस लेखमा प्रस्तुत गर्न शायद असंभव होला तर पनि केही यस लेखमा प्रस्तुत गर्ने कोशिश गर्दछु । यस गोष्ठीले २०२८ साल पुष ३,४,५,६ चार दिन त्रिशुलीमा ८० जना सदस्यहरूको टोली पुगी त्यहाँ धार्मिक कार्यक्रम संचालन गरी गाउँ गाउँमा धर्म प्रचार गर्ने उद्देश्य पूर्ति तर्फ पहिलो कदम चालेको थियो । त्यसको लगत्तै पछि पूर्व १ नं. बनेपामा २ दिने धर्म प्रचार कार्यक्रम गरीएको थियो । यस्तै २०२९ सालमा बनेपामा ३ दिन कार्यक्रम, २०३३ सालमा अध्ययन गोष्ठी र ध्यानकुटी अध्ययन मण्डलको संयुक्त आयोजनामा नमो बुद्ध चैत्यमा भव्य बुद्धपूजा, २०३६ माघ २० गते देखि पोखरा बौद्ध विहार, तानसेन, टक्सार नारायणगढ, धरान, नारायणी, लुम्बिनी, गण्डकी कोशी आदि ठाउँमा बुद्धपूजा कार्यक्रम चलाइएको थियो । उक्त कार्यक्रमलाई अझ व्यापक पारी २०३८ चैत्र २ गते कालिम्पोङ्ग, दार्जलिङ्ग, गन्ध महाविहार मा बुद्ध पूजा गरिएको थियो । पाँच बर्षसम्म विभिन्न बौद्ध विहार तथा पवित्र स्थलमा बुद्धपूजा गर्ने कार्यक्रम गरी २०४० मंसिरमा चार बौद्ध तीर्थरूमा बुद्धपूजा गरी टुंग्याइएको थियो । २०४४ फागुन ६ गते देखि ११ गते सम्म ६० सदस्यीय एक टोली विराटनगर धरान, हेटौडा, नारायणगढमा भ्रमण गरी विभिन्न कार्यक्रमहरूको संचालन गरिएको थियो । यी सबै कार्यक्रमहरू संचालनमा अश्वघोष भन्तेको सक्रिय नेतृत्व रहँदै आएको छ ।

पूज्यनीय अश्वघोष भन्तेसँग गाउँ गाउँमा धर्म प्रचारको शिलशिलामा यस लेखका लेखकले करीव २० ठाउँमा मात्र जाने मौका पाएको छुँ । यस गोष्ठीले सर्वप्रथम आयोजना गरेको त्रिशुलीमा ८० जना सदस्यहरूको टोलीको ४ दिने धर्म प्रचार कार्यक्रममा पूज्यनिय अश्वघोष महास्थविरसँग जाने मौका पाएको थिएँ । धर्म प्रचार कार्यक्रममा जाँदा हामीले विभिन्न अप्ठेरो परिस्थिति, खानाको समस्या, बसाइँको समस्या, धर्म प्रचार गर्ने ठाउँको समस्या आदि भोग्नु परेको थियो । हुन त हामी त्रिशुलीमा गएको आज ३३ बर्ष पुरा भई सक्यो । तर पनि त्यहाँ घटेका घटनाहरू आज पनि मेरो स्मरणमा ताजा छ । हामी सदस्यमा विहान ५ बजे नै त्रिशुलीको बसमा त्रिशुली तर्फ गईरहेका थियौं । त्रिशुली पुग्न बसमा जाँदा करीव ८ घण्टा जति लाग्दथ्यो । हामी बसमा जाँदा जाँदै ११:३० बज्न लाग्यो । पूज्यनीय महास्थविर शीलमा धुतंग धारी हुनु भएकोले उहाँले १२ बजे पश्चात खाना खानु हुन्न । बस रोकने ठाउँ कतै थिएन । खानेकुराको व्यवस्था, होटलको व्यवस्था भएको ठाउँ जान अझ एक दुई घण्टा लाग्ने स्थिति थियो । स्थविरको त्यस दिनको भोजन त्यही बसमा दुई चार वटा विस्कुत र एक दुइ वटा फलफुलमा सिध्याउनु पर्ने भयो । त्यस पश्चात त्यस दिनमा उहाँले कुनै आहार लिनु भएन । हामी त्रिशुली नदीको किनारमा रहेको सुगतपुर विहारमा बसेका थियौं । त्यस विहारमा पनि हामीले बुद्धपुजा र अध्ययन गोष्ठीको कार्यक्रम गरेका थियौं । त्रिशुली बजारमा धर्म प्रचारको शिलशिलामा ४,५ घण्टा हिडेर जानु पर्ने कठीन ठाउँमा पनि विभिन्न कार्यक्रम गरेका थियौं । विहान सबेरै उठेर चार पाँच



Downloaded from http://www.dhamma.digital

घण्टा हिँडेर उक्त ठाउँमा पुगे पछि गोष्ठीको कार्यक्रम गरेर फेरि विहार फर्कन चार पाँच घण्टा हिँडेर आउनु पर्थ्यो । पुज्यनीय अश्वघोष भन्ते पनि हामी सँगै हिड्नु हुन्थ्यो । हामी विहारमा पुगे पछि निकै थकाई लाग्थ्यो र असाध्यै भोक पनि लाग्दथ्यो । बेलूकी खाना पकाउँदा खाना कहिले पाक्ला र खाना पाउँला भनी हामी कुरेर बस्थ्यौ । स्थविरले अष्टशील पालना गर्नु भएकोले उहाँले बेलुकी कहिले पनि खानेकुरा खानु हुन्दैनथ्यो । तर पनि बेलुकीको कार्यक्रममा स्पष्ट भाषामा लामो प्रबचन दिनु हुन्थ्यो । त्यस बेला त हामीलाई निन्द्राले निम्त्याइ सक्थ्यो र स्थाविरको प्रवचन हामीले ३०% जति मात्र सुन्थ्यौं । भोलिपल्ट हिजो बेलुकीको प्रवचनको कुरा त केही सम्भिन्नथ्यो । हामी सबैलाई भोक, थकाई, निन्द्रा लाग्थ्यो । तर स्थविरलाई न त भोक, न त निन्द्रा, न त थकाई लाग्थ्यो ।

यस्तै गाउँ गाउँमा धर्म प्रचारको शिलशिलामा २०३६ साल माघ २० गते पोखरा बौद्ध विहार तानसेन, नारायणगढ, धरान साथै लुम्बिनी, गण्डकी, कोशी अञ्चलमा कार्यक्रम चलाइएको थियो । त्यस कार्यक्रममा पूज्यनीय अश्वघोष भन्तेसँग धर्म प्रचार गर्ने कार्यमा संलग्न हुने मौका पाएको थिएँ । त्यस कार्यक्रममा जाँदाको एउटा घटना सम्भँदा अझै पनि मलाई भसंग हुन्छ । विभिन्न ठाउँ पोखरा, तानसेन, पाल्पा हुँदै जब नारायणगढ पुगें, त्यस बेला नारायणी नदीको पुल निर्माण गरिदै थियो । हामी नारायण नदीको किनारमा बास बसेका थियौं । हामी सबै समयमै सुतें । तर राति २ बजे तिर नदीको छेउछाउमा करीव २०,२२ जना जति मान्छेहरू बिशब्दले रोएको, आया आया भनी कराएको आवाजले हामी सबै सदस्यहरू विउँझ्यौं । हामी सबै भयले त्रसित भयौं । तर पूज्यनीय महास्थविर आफु बसेको ठाउँबाट हाम्रो ठाउँसम्म आउनु भई 'केही डराउनु पर्दैन खाश केही भएको होइन' भनी हामीलाई हौसला दिन आउनु भयो । भोलि पल्ट हामीले त्यस ठाउँमा बुझें । राति त नदीको पुल बनाउँदा मरेका ब्यक्तिहरूको प्रेतात्मा कराएको थियो अरे । यस प्रकार भन्ते धर्म प्रचारमा जुटेको जुटै हुनु भयो ।

गाउँ गाउँमा धर्म प्रचार गर्न जाँदा अध्ययन गोष्ठीको टोली लक्ष्य ठाउँमा पुगे पछि आफ्नो कार्यक्रम यसरी गर्दथ्यौं- प्राय: जसो अध्ययन गोष्ठीको कार्यक्रम बेलुकी तिर हुने गर्छ । गोष्ठीको कार्यक्रमको शुरूवात शील प्रार्थनाबाट हुन्छ । त्यस पछि स्वागत गान, स्वागत भाषण, गोष्ठीको सदस्यहरूबाट प्रवचन र लेख प्रस्तुती, भिक्षु अश्वघोष र भिक्षुणी धम्मवतीबाट धर्म देशनाको साथै स्थानीय बासिन्दाहरूबाट मन्तव्य धन्यवाद आदि जस्ता कार्यक्रम समावेश हुने गर्दछ । साथै सोही ठाउँमा भोलिपल्ट बिहान बुद्ध पुजा, धर्म देशना, परित्राण पाठ आदि कार्यक्रम सम्पन्न हुने गर्दछ ।

पूज्यनीय अश्वघोष भन्तेको सक्रीय नेतृत्वमा युवा बौद्ध समुहले पनि उपत्यका बाहिर बेनी, सप्तरी, उर्लाबारी आदि विभिन्न ठाउँमा 'बौद्ध जागरण शिविरको नाममा धर्म प्रचार कार्यक्रम गर्दै आएको छ । उहाँले बनेपा नगर पालिकामा ध्यानकुटी विहार बनाई त्यस क्षेत्रमा आज सम्म पनि धर्म प्रचार गर्दै हुनुहुन्छ । यसै शिलशिलामा कहिले श्रीघ: विहारमा बस्नु भई यहाँको हरेक पुस्तक पत्रिका प्रकाशन देखिन अनेक कार्यमा ब्यस्त हुनुहुन्छ । बनेपा सम्म जानु भई बनेपामा धर्म प्रचारमा उतिकै संलग्न भईराख्नु भएको छ । बनेपामा ध्यानकुटी निर्माण भए पछि नै आज काभ्रे जिल्लाको विभिन्न ठाउँमा विहार हरू जस्तो बोधिचर्या, शुद्धर्शन विहार आदि स्थापना हुन गएको छ ।

अश्वघोष भन्तेको अथक प्रयासबाट भएको गाउँ गाउँमा धर्म प्रचार कार्यक्रमले आज धेरै मानिसहरूमा मानव चेतना, बौद्ध भावना, बौद्ध जागरण उठेको छ । मुख्य कुरा मानिसले मनको क्लेश हटाउनु पर्छ, आफ्नो आचरण राम्रो गर्न सक्नु पर्छ, दया करुणा, संयमता देखाउनु पर्दछ । श्रद्धेय अश्वघोष भन्तेले गर्नु भएको विभिन्न धर्म प्रचार कृयाकलापका उद्देश्य मानिसमा यही चेतना जगाउनु रहेको छ ।

धर्म प्रचारबाट सुन्ने पक्षले कतिको जीवन सुधारे, कतिको आचरण शुद्धी गरे यसको मूल्याङ्कन हुनु पर्छ । धर्मको कुरा सुने पछि त्यस अनुसारको शिक्षा जीवनमा उतारिएन भने सबै ब्यर्थ हुन्छ । अश्वघोष भन्तेले ६० बर्षको प्रवजित जीवनमा यही कुरा सिकाउँदै आउनु भएको छ । यही शिक्षा सिकाउनुमा उहाँ अझै सम्म थाक्नु भएको छैन ।

***(यस लेखका लेखिका धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका संस्थापक सदस्य हुनुहुन्छ -सं. )***

# ध्यानकुटी विहार
## र अश्वघोष भन्ते

■ मीन शोभा शाक्य



ध्यानकुटी विहारको स्थापना भएपछि अश्वघोष भन्तेको साथसाथै धम्मवती गुरूमांको अथक प्रयास स्वरूप बनेपा क्षेत्रमा बुद्ध धर्मको प्रचार प्रसार द्रुत गतिले ब्यापक रूपमा भयो । स्थानिय बासीले बुद्ध धर्म भनेकै वास्तवमा के हो भन्ने कुरो जान्ने सुअवसर पाए

जन्म जातले बौद्ध भएर पनि बुद्ध धर्म सम्बन्धि ज्ञान नभएका काभ्रे जिल्लाका बौद्ध सुमदायलाई यथार्थ बुद्ध धर्म प्रचार प्रसार गर्नु अश्वघोष भन्तेको जीवनीको एक छुट्टै अध्याय हो । बुद्ध धर्म प्रचारलाई काठमाडौं उपत्यकामा मात्र सिमित गरेर पुगेन । यसलाई अधिराज्यब्यापि फैलाउनु पर्‍यो भन्ने उद्देश्य लिई अश्वघोष भन्तेको अग्रसरतामा वि.सं. २०३० सालमा ध्यानकुटी विहार, बनेपामा स्थापना भयो । अश्वघोष भन्तेको यस सत्प्रयासको फलस्वरूप नै बनेपा निवासी यस पंक्तिका लेखिकाले बुद्ध धर्म र यसको व्यावहारिक शिक्षा सम्बन्धि ज्ञान प्राप्त गर्ने सौभाग्य पाएकी हुँ ।

ध्यानकुटी विहारको स्थापना भएपछि अश्वघोष भन्तेको साथसाथै धम्मवती गुरुमांको अथक प्रयास स्वरूप बनेपा क्षेत्रमा बुद्ध धर्मको प्रचार प्रसार द्रुत गतिले ब्यापक रुपमा भयो । स्थानिय बासीले बुद्ध धर्म भनेकै वास्तवमा के हो भन्ने कुरो जान्ने सुअवसर पाए । अश्वघोष भन्तेले प्रभावशाली ढंगले धर्म देशना गर्नुहुन्छ । जसको फलस्वरूप बनेपाबासीहरू बुद्ध धर्मका सच्चा अनुयायी भएर निस्के । ध्यानकुटी विहारमा श्रद्धालु उपासक उपासिकाहरूले अश्वघोष भन्तेको निर्देशनमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै गए । ध्यानकुटी विहारमा स्थापना कालदेखि वर्तमानसम्म हुँदै आएका केही उल्लेखनीय कार्यहरू मध्ये केहीको संक्षिप्त रिपोर्ट लेख्ने प्रयास गरेकी छु ।



Downloaded from http://www.dhamma.digital

- स-साना बालबालिकाहरूलाई बौद्ध परियत्ति शिक्षाको संचालन ।
- युवा वर्गलाई बौद्ध शिक्षा प्रदान गर्ने उद्देश्यले "ध्यानकुटी अध्ययन मण्डलको स्थापना तथा संचालन ।
- काभ्रे जिल्लाब्यापि चैत्य पूजा (बुद्ध पूजा) को साथसाथै भजन र प्रवचन कार्यक्रम
- बनेपा शहरको विभिन्न स्थानहरुमा बेलुकी गरीने प्रवचन कार्यक्रम ।
- बर्मी अनागारिका दो पञ्ञाचारीको भव्य स्वागत तथा उहाँको निर्देशनमा ध्यान शिविर संचालन ।
- समय समयमा विदेशी बौद्ध अतिथिहरूको स्वागत ।
- बर्मीज ध्यान गुरु महासी सयादो र तंपुलु सयादो महास्थविरको भव्य स्वागत
- विभिन्न नैतिक शिक्षा प्रदान गर्ने डकुमेन्टरी फिल्म प्रदर्शनका कार्यक्रमहरू ।
- २०३५ असार १० देखि सात दिन १४ जना युवाहरूलाई श्रामणेर प्रव्रज्या गराई अस्थायी श्रामणेर प्रव्रज्या जस्तो शुभ कार्यको प्रारम्भ
- विहारमा आउने उपासिकाहरूलाई ऋषिणी प्रव्रज्या गराई बुद्ध शिक्षाको अध्ययन तथा अभ्यास गराउने कार्यक्रम ।
- बुद्ध जयन्तीको उपलक्ष्यमा फोटो प्रदर्शनी तथा शिर मेमोरियल हस्पितलमा फलफूल वितरण गर्ने कार्यक्रम ।
- २०४५।२१ गते काभ्रे जिल्लाब्यापी माध्यमिक विद्यालय स्तरीय वक्तृत्व कला प्रतियोगिताको आयोजना ।
- २०४५।९।२४ गते ध्यानकुटी विहारबाट नमो बुद्धमा बुद्ध पूजा र 'शान्ति' विषयमा प्रवचन
- २०४६।१।३०-३१ गते बौद्ध हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम संचालन ।
- 'धर्मोदय सभा' काभ्रे शाखाको स्थापना र संचालन
- २०४७।३।१५ मा 'धर्मोदय सभा' काभ्रे शाखाको आयोजनामा धर्म निरपेक्ष राष्ट्रको माग गर्दै धर्म निरपेक्ष विषयमा प्रवचन ।
- २०५१ सालदेखि ६ पटकसम्म बौद्ध जागरण शिविर संचालन
- २०५७।४।२८ देखि बाल अनाथाश्रम स्थापना गरी आश्रममा बालिकाहरूलाई बौद्ध परियत्ति शिक्षाको साथसाथै व्यावहारिक शिक्षा प्रदान गर्दै आइरहेको छ ।

पूज्यनीय अश्वघोष भन्तेको सक्रिय नेतृत्वमा विगत दिनहरूमा उपरोक्त कार्यक्रमहरू संचालन भएको भन्दा पनि महत्वपूर्ण कुरा काभ्रे जिल्लाका बासिन्दाहरूमा बौद्ध चेतना जाग्नु हो । स्थानीय बासिन्दाहरूमा बुद्ध धर्मप्रति अटल श्रद्धा जाग्नुको एउटा उदाहरण आफ्ना छोरा छोरीहरूलाई भिक्षु, भिक्षुणीको रूपमा प्रवजित गराउने क्रम जारी रहनु पनि एक हो । आजका सक्रिय भिक्षुणीहरूमा भिक्षुणी अनोजा, भिक्षुणी पञ्ञावती बनेपा निवासी हुनुहुन्छ । नढाँटीकन भन्ने हो भने स्थापना कालतिर भन्दा पनि वर्तमानमा आएर ध्यानकुटी विहारको क्रियाकलापमा केही शिथिलता आएको छ । तर पूज्यनीय अश्वघोष भन्तेको जाँगरमा भने आजसम्म कुनै कमी आएको छैन । आज ७७ वर्षको बृद्ध उमेरमा पनि उहाँ काठमाडौं-बनेपाको बाटो सहजैसँग धाइरहनु हुन्छ । उता काठमाडौं, यता बनेपाको सबै क्रियाकलापहरूमा अटुट रुपमा निर्देशन तथा संचालन गर्दै हुनुहुन्छ । अश्वघोष भन्तेले ६० बर्ष लामो प्रव्रजित जीवनमा बुद्ध धर्म चिरस्थायीको निम्ति अनगिन्ति काम गरी सक्नु भएको छ जसमध्ये ध्यानकुटी विहारको स्थापना तथा संचालन भने हामी काभ्रे निवासीहरूको अहोभाग्यमा पर्दछ ।




*(लेखिका ध्यानकुटी विहारका स्थापनाकाल देखिका उपासिका हुनुहुन्छ -सं. )*

**धर्मको नाउँमा फजूल खर्च गर्नुभन्दा गरीब बाल-बालिकाहरूलाई छात्रवृत्ति दिएर शिक्षा दान दिनु ठूलो धर्म हो**

**भिक्षु अश्वघोष**

# हार्दिक बधाई



बौद्ध धर्मका धर्मदूत उपासक उपासिकाहरुको

पथ प्रदर्शक

## पूज्य अश्वघोष महास्थविरको

प्रवज्या ६० वर्ष प्रवेश भएको

उपलक्ष्यमा उहाँको सुस्वास्थ र दीर्घायुको

कामना गर्दछु ।

**Ishwor Bhagat Shrestha**
**Shiva Bhagat Shrestha**

***S. B. S. Bag Product***

*Factory:*
Thahity, Kathmandu
Phone : 4231531,
4229333

*Shop:*
Pyukha, New Road
Kathmandu, Nepal
Phone: 4222064



Downloaded from http://www.dhamma.digital



# अश्वघोष भन्तेलाई चिन्नु हुन्छ ?

■ रीना तुलाधर
परियत्ति सद्धम्म कोविद

मुखले उहाँ झोक्किएर बोल्नु हुन्छ, कडा शब्द बोल्नु हुन्छ तर मन भने उहाँको स्वच्छ, पवित्र, निश्छल, निर्लोभी, स्वार्थविहीन, त्यागी, छलकपट रहित छ

भिक्षु अश्वघोष महास्थविर 'अग्ग महा सद्धम्म जोतिक धज' राष्ट्रिय स्तरमा मात्र होइन, अन्तर्राष्ट्रिय स्तरसम्म एक ख्याति प्राप्त नाम हो । अत: 'अश्वघोष भन्तेलाई चिन्नुहुन्छ ?' भनीकन मैले सोधेमा सबैले मेरो खिल्लि उडाउन सक्छ । नेपालमा थेरवाद बुद्ध धर्म प्रचारको पुनर्जागरणको इतिहाससँगसँगै देखिएका भिक्षुहरू मध्ये एक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर हुनुहुन्छ । उहाँले नेपालमा बुद्ध धर्म प्रचार प्रसारमा आफूलाई समर्पित गर्दै आउनु भएको ६० वर्ष बित्न लाग्यो । १०७ वटा पुस्तक लेखी प्रकाशित गरी सक्नु भएको उहाँले २० वर्षसम्म 'आनन्दभूमि' बौद्ध मासिक पत्रिकाका सम्पादक तथा प्रधान सम्पादक भई पत्रिका प्रकाशन गर्नु भयो भने 'धर्मकीर्ति' पत्रिकाको शुरु देखि आजसम्म ३३ वर्ष प्रधान सम्पादकको रूपमा काम गर्दै आउनु भएको छ । उहाँका लेख-रचनाहरू विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, वार्षिक पत्र-पत्रिकाहरूमा निरन्तर प्रकाशित हुने गर्दछ । 'संघाराम भिक्षु तालिम केन्द्र' स्थापना गरी नेपालमा पहिलो पटक श्रामणेर-भिक्षु तालिमको प्रारम्भ गर्नु भयो । वर्तमानमा उहाँका थुप्रै शिष्यहरूले अति नै सक्रिय रुपले नेपालमा बुद्ध धर्म प्रचार गर्दैछन् । नेपालमा बुद्ध धर्म प्रचार प्रसारमा सक्रिय संस्थाहरू मध्ये एक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका धर्मानुशासक अश्वघोष भन्तेले स्थापना कालदेखि यस

गोष्ठीका हरेक क्रियाकलापमा सक्रिय सहयोग तथा योगदान पुऱ्याउँदै आउनु भएको छ ।

राष्ट्रिय सभामा २ वर्ष माननीय सांसदको रुपमा देशको सेवा गर्नु भएका उहाँले लुम्बिनी विकास कोषका उपाध्यक्ष भई पनि सेवा गरीसक्नु भएको छ । 'धर्मोदय सभा' जस्तो ठूलो संस्थाको वर्तमान अध्यक्ष हुनुहुन्छ । हाल उहाँ अखिल नेपाल भिक्षु महासंघ, बुद्ध जयन्ती समारोह समिति, स्वयम्भू ज्ञानमाला भजन खलः, युवा बौद्ध समूह आदिका धर्मानुशासक हुनुहुन्छ ।

बनेपामा ध्यानकुटी विहारको स्थापना तथा संचालन गर्नु भएर काभ्रे क्षेत्रमा बुद्ध धर्मको प्रचार प्रसार मा अतुलनिय देन पुऱ्याउनु भएको छ । आज ७७ वर्षको वृद्ध अवस्थामा पनि ध्यानकुटी विहारमा मेत्ता सेन्टरको सक्रियतामा सञ्चालित बाल आश्रमको अभिभावकको रुपमा प्रमुख भूमिका निभाई राख्नु भएको छ । उपत्यकामा मात्र होइन अधिराज्यका कुनाकाप्चा सम्म पुगी अश्वघोष भन्ते बुद्ध धर्म प्रचारमा जुत्नु भएको छ । बुद्ध शासन चिरस्थायी गर्ने सत्कार्यमा उहाँको योगदान बारे लेख्दै गयो भने कापी नपुग्ला, कलमको मसि सकिएला । अतः यहाँनिर म रोक्दछु र पुनः आफ्नो प्रश्न दोहऱ्याउँछु, "अश्वघोष भन्तेलाई चिन्नु हुन्छ के ?' मेरो प्रश्नको आशय उहाँको व्यक्तिगत परिचय होइन उहाँको व्यक्तित्वलाई लिएर हो ।

एउटा सत्य कुरा खोलेर लेख्छु अश्वघोष भन्तेलाई रिसाहा, झोकी स्वभावको हुनुहुन्छ, एकोहोरो हुनुहुन्छ, कडा शब्द बोल्नु हुन्छ, सहन शक्ति छैन आदि इत्यादि भनीकन उहाँको व्यक्तित्वमा कीचड उठाउने दुष्प्रयास गर्नेहरू पनि देखिन्छन् । त्यस्ताको विषयमा म भन्छु तिनीहरूले अश्वघोष भन्तेलाई चिनेकै छैन । त्यसैले त म दोहऱ्याई तेहऱ्याई सोध्दैछु 'अश्वघोष भन्तेलाई चिन्नुहुन्छ के ?"

एउटा कुरा प्रष्ट गरेर भन्न सक्छु एक दुई पटकको भेटमा भिक्षु अश्वघोषको मूल्यांकन गर्न सकिन्न । उहाँलाई वास्तविक रुपमै चिन्न लामो समयसम्म संगत गर्नुपर्छ । संसारमा एक थरिको मान्छे हुन्छ जो बाहिरी रुपमा भद्र भलादमीको रुपमा देखापर्छन् । मान मिजास राम्रो हुन्छ, एक दुईजनाको नजरमा मात्र होइन धेरैकै नजरमा असल, भलादमीको रूपमा देखापर्छन् । प्रायशःले त्यसको बारेमा सकारात्मक विचार पोख्छन् । तर वास्तविक रूपमा त्योसँग नजिकिएर संगत गर्नुपर्दा त्यसको असली रूप देखा पर्न थाल्छ । बाहिरी भद्र भलादमीपनको खोल भित्र लुकेको दुश्मनी रुप देखा पर्छ । अश्वघोष भन्ते भने यसको विपरित स्वभावको हुनुहुन्छ । बाहिरी रुपमा उहाँ रिसाहा देखिनु हुन्छ, एकोहोरो देखिनु हुन्छ, चित्त नबुझ्ने कार्य भयो भने अँध्यारो मुख देखाउनु हुन्छ । तर उहाँभित्र लुकेको भलादमीपन, त्यागीपन, निर्मल चित्त, परिशुद्ध शील, निडर पन उच्च आदर्श सबै लामो समयसम्म उहाँको नजिकिएर संगत गरेपछि हामीलाई महशूश हुन थाल्छ । नेवार समुदायमा एउटा भन्ने प्रचलन छ- "म्हुतु पिचु नुगः वँचु" । यसको अर्थ हो- "मुखले राम्रो बोल्छ तर मन भने मैलो छ, दुश्मन छ ।" यो भनाइको विपरितमा अश्वघोष भन्ते "म्हुतु वँचु, नुगः यचु" स्वभावको हुनुहुन्छ । अर्थात् मुखले उहाँ झोक्किएर बोल्नु हुन्छ, कडा शब्द बोल्नु हुन्छ तर मन भने उहाँको स्वच्छ, पवित्र, निश्छल, निर्लोभी, स्वार्थविहीन, त्यागी, छलकपट रहित छ ।

हुन सक्छ उहाँले कडा शब्द बोल्नु हुन्छ तर त्यो बोल्नुको पछाडी उहाँको आफ्नो स्वार्थको कुनै नियति हुन्न बरु सबैको भलाईको लागि हुन्छ । उहाँको रिसाहापनको पछाडि कारण छ । कसैले कुरो एउटा, काम अर्कै गरेको पायो भने उहाँ रिसाउनु हुन्छ । यो त जायज रीस हो । नभएको कुरा हो पार्न कसैले बेमतलबको तर्क दिन लाग्यो भने उहाँ झोकिनु हुन्छ । उहाँले गर्दै आएको कार्यक्षेत्रमा कसैले स्वच्छ मनबाट काम गर्न छोडेर बेइमानीतिर ढल्केको चाल पाउनु भयो भने त्यो कार्य क्षेत्र नै त्यागी आफैले राजीनामा दिनुहुन्छ । पदको लागि लडेर, झगडा गरेर बस्ने उहाँको चरित्रमा छैन । उहाँ समयको वडो ख्याल गर्नुहुन्छ । जुन काम पनि समयमा सिध्याउनु पर्ने बानी छ । कार्यक्रमहरू संचालन गर्ने बेलामा उहाँ पहिले पुगेर कुरेर बस्नुहुन्छ । मानिसहरू ढिलो भेला हुन्छन् "नेपाली टाइमको" स्वभाव देखाएर । यस्तो घडीमा उहाँलाई ज्यादै रीस उठ्छ । यस पंक्तिका लेखकले पनि आफ्नो "नेपाली टाइम" स्वभावको कारण उहाँबाट धेरै गाली खाने गर्छु ।



Downloaded from http://www.dhamma.digital

उहाँको एकोहोरोपनको पछाडि कारण छ- उहाँको आफ्नो सिद्धान्तप्रतिको दृढटा, ऐक्यबद्धता, निडरपन । आज एउटा कुरा भोलि अर्कै कुरा जस्तो फित्तलोपन छैन उहाँमा । भनेको कुरा लागू गरी छाड्नु हुन्छ । उदाहरणार्थ बुद्धशासनमा भिक्षुणी शासन स्थापनाको विषयमा कसैले साथ देओस्, नदेओस् उहाँ आफ्नो सिद्धान्तमा अडीग हुनुहुन्छ । यो उहाँको दृढ संकल्प (Self–determination) हो । एकोहोरोपन होइन । अश्वघोष भन्तेले लेख्नु हुने किताबहरूमा भाषा शैली निम्नस्तरको छ, साहित्य छैन, विद्वतपन छैन भनेर समालोचकहरू भन्ने गर्छन् । यस विषयमा भन्ते भन्नुहुन्छ– म सर्वसाधारणको लागि लेख्छु, सर्वसाधारणले धर्म पढोस्, बुझोस्, अपनाओस् । यही मेरो लेख्नुको अभिप्राय हो । अतः समालोचकहरूले भनेको अनुशरण गरेर भाषा शैली परिवर्तन गर्नतिर लाग्नु हुन्न उहाँ । उहाँको लेख्नुको उद्देश्य आफूलाई विद्वान कहलाइनु होइन बरु उहाँले लेखेको पढेर धर्मको सही मर्म बुझोस् पाठकले । यही चाहनु हुन्छ उहाँ ।

'त्यागी' शब्द वास्तवमै सुहाउँछ उहाँलाई किनकि एक त्यागीको जीवनमा हुनुपर्ने निर्लोभीपन उहाँको विशेष गुण हो । आफ्नो लागि भनेर पैसा बचाएर राख्ने बानी छैन उहाँको । जति पैसा जम्मा भयो सबै पुस्तक प्रकाशन वा अरु कुनै धार्मिक कार्यमा खर्च गरीहाल्नु हुन्छ । दानमा प्राप्त भएको पैसा जम्मा गरेर राख्नु उहाँको हिसाबमा गलत हो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले भन्तेको स्वास्थ्य उपचारको लागि भनेर श्रद्धालुबाट चन्दा उठाएर केही रकम जम्मा गरीदिएको थियो । तर उहाँले त्यो पैसा पुस्तक प्रकाशनमा खर्च गरीसक्नु भयो रे । राष्ट्रिय सभामा हुँदाखेरि भत्ताको रुपमा पाउने लाखौं रुपैयां पुस्तक प्रकाशनमा र अन्य धर्मको क्रियाकलापमा खर्च गरीसक्नु भएको छ । वर्तमानमा पनि दानमा प्राप्त भएको ५०% ध्यानकुटी विहार संचालनको लागि खर्च गरी राख्नु भएको छ । यी कुरा भन्तेकै मुखबाट सुनेर लेखेकी हुँ ।

अश्वघोष भन्ते व्यावहारिक शिक्षाका पक्षपाती हुनुहुन्छ । बुद्ध धर्म भनेकै व्यावहारिक शिक्षा हो । अतः बुद्ध धर्मको उपदेश सुनेको अनुसार सुन्ने पक्षको व्यवहारमा सुधार हुनुपर्छ, आचरण शुद्ध हुनुपर्छ, परम्परागत



कुसंस्कारलाई त्यागन सक्नु पर्छ, नराम्रो संस्कार त्यागेर व्यावहारिक शिक्षा अपनाउनु नै वास्तवमा बुद्ध धर्म सिक्नुको लक्ष्य हुनुपर्छ । खालि विद्वान हुनको लागि बुद्ध धर्म अध्ययन गर्ने होइन । ६० वर्षको लामो प्रव्रजित जीवनमा उहाँले बिना कुनै थकावट लगातार दिँदै आउनु भएको उपदेशको सार संक्षेप यही हो । लामो समयसम्म धर्म प्रचार गरीसकेपछि पनि सुन्नेहरूको व्यवहारमा फरक नभएको देखेपछि उहाँ निराश पनि हुनुहुन्छ । कहिं कतै कसैले वास्तविक बुद्ध शिक्षालाई बुझेर त्यसलाई अपनाएकी, आफूमा परिवर्तन ल्याएको देखेपछि ज्यादै हर्षित पनि हुनुहुन्छ ।

श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई वास्तवमै चिन्न उहाँसँग नजिकिएर गहिराईमा उहाँको संगत गर्नुपर्छ । तब उहाँ भित्र लुकेको पवित्र, उच्च आदर्शका कणहरू भेटिन्छन् । विगत ३३ बर्षदेखि अश्वघोष भन्तेकी शिष्या रहेकी यस पंक्तिका लेखिकाले दावा गरेर भन्छु मैले उहाँलाई राम्रैसँग चिनेकी छु । ■

# भिंतुना !



भीगु समाजया हरेक ख्यलय्
बुद्ध-शिक्षाया उपयोगिता प्रमाणित
याना बिज्याम्ह
"श्रद्धेय भिक्षु अश्वघोष महास्थविर" या
श्रमण यात्रा ६० दँ क्यंगु व ७७ क्वःगु जन्मदिंया
लसताय् भिंतुना देछानाच्वना ।

**धर्मकीर्ति मिजं पुचः**
**धर्मकीर्ति विहार**



Downloaded from http://www.dhamma.digital



असंख्य सामान्य नर-नारीहरूले यो बौद्ध शिक्षालाई आफ्नो पारिवारिक जीवनमा सफलतापूर्वक अनुसरण गरेर उच्च धार्मिक अवस्था वा निर्वाणिक अवस्था प्राप्त गरेका थिए ।

# नारीको स्थानप्रति अश्वघोष भन्तेको दृष्टिकोण

■ **विजय लक्ष्मी शाक्य**

श्रद्धेय अश्वघोष भन्तेले लेख्नु भएको पुस्तक "नारीहरूमा पनि बुद्धि छ" मा उहाँ नारी प्रतिको समदृष्टि भावना यसरी पोख्नु हुन्छ–

"नारीहरूलाई जति समाजमा स्थान दिइनु पर्ने हो त्यति दिइएको छैन । कारण एकातिर वैदिक संस्कार र पुरुष वर्गको संकीर्ण विचार छन् भने अर्को तिर धेरैजसो नारीहरू अशिक्षित र रूढीवाढी नै छन् जसले गर्दा नारीहरू प्रगतिशील हुन सकेको छैन । नारीहरूको स्थान बारे अरुको कुरा छाडौं बौद्ध भिक्षु समाजमा पनि नारी प्रति जति हृदय फुक्का हुनु पर्ने हो त्यति भएको देखिदैन ।"

यदाकदा मलाई पनि लाग्छ कि "मैले धेरै पुस्तकहरू लेखेर बुद्धि विलासिता देखाउन मात्र खोजीरहेको त छैन ?" किनभने मेरो दृष्टि पनि जति सोझो हुनु पर्ने हो त्यति हुन सकेको छैन । जे होस्, खरानी फोहर भएतापनि त्यसले माझ्दा भाडाहरू सफा भए जस्तै, मैले लेखेको लेख र पुस्तकहरूबाट पाठक वर्गले केही ज्ञान हासिल गर्न सकेको खण्डमा म स्वयं सफल भएको ठान्छु ।"

बुद्धको धर्ममा मनलाई प्रमुख वा अग्रस्थान दिइएको कारण यसले मानिस (पुरुष होस् वा नारी) क्लेश युक्त वा मुक्त हुन सके मनोधर्मको क्रियाकलापले पुरुष र नारीको भेदभाव गरिदैन जस्तो लागेको थियो । भगवान बुद्ध स्वयंले वच्छगोत्र नामको एक फिरन्तेको प्रश्नलाई सप्टसंग देशना गर्नु भएको थियो कि एक, दुइ, सय, दुइसय वा पाँच सय होइन असंख्य सामान्य नरनारीहरूले यो बौद्ध शिक्षालाई आफ्नो पारिवारिक जीवनमा सफलतापूर्वक अनुसरण गरेर उच्च धार्मिक अवस्था वा निर्वाणिक अवस्था प्राप्त गरेका थिए ।

उदार तथा आदर्श विचारको भन्तेले प्रस्तुत गर्नु हुने बुद्धकालिन महिलाहरूको अवस्था उक्त पुस्तकमा रोचक किसिमबाट प्रस्तुत गर्नु हुन्छ - प्राणदण्ड पाएको अपराधी सत्थुकसंग आसक्त भइभद्रा कुण्डलकेसी नामको एक महाजनकी छोरीले विवाह गर्न पुगेछ । तर उनको गहना माथि पनि दुष्ट सत्थुकले आँखा गाढेको र तिनलाई मार्न खोजेको कारण आफ्नो श्रीमानलाई तीन चोटि प्रदक्षिणा गरी एक चोटि म्वाइ खान्छु भनेर वहाना गरी पछाडिबाट धकेलीकन पहाडबाट खसाली ।

आफ्नो श्रीमान मरेपछि आफूलाई अपराधिनी स्वीकारी बुद्ध भगवान कहाँ गएर सबै वृतान्त वताए पछि बुद्धले भन्नुभयो- "बहिनी तिमीले गरेको काम ठीक छ। ठीक ठाउँमा बुद्धिले काम लियौ।" बुद्धि भनेको चिज लोग्ने मानिसमा मात्र हुन्छ भन्नु ठीक छैन आइमाईमा पनि हुन्छ "इत्थीपि पण्डिता होन्ति" अर्थात् स्त्री पनि पण्डित हुन्छन्। स्थानोचित्त प्रज्ञा हुनु पर्छ भनी भगवान बुद्धले तिनलाई भिक्षुणी वनाउनु भयो। बुद्धले तिनलाई- 'एत दग्गं भिक्खवे पञ्ञावन्तीनं भिक्खूणीनं कुण्डलकेसी' अर्थात प्रज्ञावान भिक्षुणीहरूमा कुण्डलकेसी अग्रणी वनाउनु भयो। (अंगुत्तर निकाय)

श्रद्धेय भन्तेले लेख्नु भएको पुस्तक "व्यवहारिक प्रज्ञामा" यो बुद्धको शिक्षा व्यवहारिक रूपमा समाजमा लागू होस भन्ने हेतुले कोशल नरेशको आफ्नो रानीले छोरी जन्माउँदा बुद्धले उनलाई छोरी प्रतिको उत्साह वढाइ दिनु भएको दृष्टान्त प्रस्तुत गर्नु भएको छ।

एक दिन कोशल राजा भगवान बुद्ध कहाँ गई छलफल गर्दै थिए। दरबारबाट एक सिपाही आई उनलाई कानेखुसी गरे। यतिकैमा उसको टाउको निहुरियो। त्यो देखेर बुद्धले सोध्नु भयो कि महाराज दरवारबाट के खवर आयो? उनले जवाफ दिए रानीबाट छोरी पाएकोमा चित्त दुख्यो। यसमा भगवानले भन्नुभयो कि छोरी पाउँदैमा मन दुखाउनु पर्दैन। छोरीलाई पनि राम्रो शिक्षा, तालिम दिएमा भविष्यमा राजाको स्थानमा बसी शासन गर्न सक्ने सामर्थ्यवान हुन सक्छन् र त्यही आइमाईले जन्माएको छोरा पनि राजा हुन सक्छ। त्यसैले राम्रो शिक्षा दिई राज्य संचालनको लागि तालिम दिनुहोस् भनेर सल्लाह दिए पछि राजाको उत्साह बढेर आयो। त्यही तथागतको सल्लाह औषधिको रुपमा लिइ दरवारमा खुसीभई फर्के। यसरी भन्तेले छोरा र छोरीमा समानता हुनु पर्ने दृष्टिकोण प्रस्तुत गर्न बुद्धको छोरी प्रतिको दृष्टिकोण व्यवहारिक प्रज्ञामा प्रकाश पार्नु भयो।

यदि तल्लो तहको आइमाईले पनि राम्रो शिक्षण स्थल वा सँस्कृतिमा हुर्कन पाएमा विद्वान भनी छाती फुलाउँदै वस्ने मान्छेलाई पनि अर्ति दिन पछि पर्दैन वा उनको अर्तिले साँचैको विद्वान वन्न सक्ने कुरा नकार्न सक्तैन भन्ने कुरा दर्शाउन पूज्य भन्तेले आफ्नो पुस्तक बुद्धको संस्कृति र महत्वमा पूर्णिका दासीको उदाहरण प्रस्तुत गर्नु भएको छ।

बुद्धको प्रमुख दाता श्रावस्तीवासी अनाथपिण्डिक सेंठको धेरै दास दासीहरू मध्ये एक जना पूर्णिका नाम गरेकी दासी पौष महिनाको विहान सवेरै नदीमा पानी लिन गईछन्। त्यहाँ एकजना ब्राह्मण बाजे पनि नदीको चीसो पानीमा डुबुल्की लगाई रहेको देखेर सोधीछन्-'म त यहाँ एका विहानै मेरो मालिकले पानी लिन गईन भने गाली गर्लान् भन्ने डरले पो पानी लिन आउँदैछु। तर तपाई चाहिं यस्तो मुटु काँप्ने जाडोमा पनि थरथर काँप्दै चीसो पानीमा किन डुबुल्की लगाइ राख्नु भएको?"

वाहुनले कसैको डरले होइन तर नदीमा नुहायो भने यो पवित्र पानीले पाप सबै बगाएर लान्छ नि भनेर जवाफ दिए। तब पूर्णिका दासीले भनिन्- "नुहाउँदैमा पाप काट्छ भने सँधै यही नदीमा पानीमा वस्ने माछा र भ्यागुताहरू जस्ता प्राणीहरू झन पापबाट बची धर्मात्मा हुन्छन् होला नी होइन र?'

यस्तो अनौठो नौलो सँस्कृतिको कुरा केही नजानेको अशिक्षित केटीबाट सुनेर तीन छक्क परेर सोधेछ कि 'यस्तो कुरो तिमीले कहाँबाट सिक्यौ?'

पूर्णिकाले भनिन्- हाम्रो गुरू बुद्धले उपदेश दिनु हुँदा सँधै चित्त शुद्ध हुनु पर्छ भन्नु हुन्थ्यो। उहाँकै उपदेश सुनी यी अमूल्य कुराहरू सिकिराखेको मैले त। यो कुरा सुनी वाजेले 'यो चित्त शुद्ध हुनु पर्छ भनेको त राम्रो संस्कृति हो' भन्दै यस कुरालाई स्वीकारे।

राम्रो सँस्कृतिलाई स्वीकार्न नसकेपछि जीवन नरक समान भई मृत्यु पछि दुर्गतिमा पर्न सक्ने हुन्छ भनी वर्तमान समयमा सचेत हुनु पर्ने शिक्षालाई भन्तेले अगाडि सारी सुप्रबुद्ध कोलिय शाक्यको उदाहरण प्रस्तुत गर्नु हुन्छ। आफ्नो छोरी यशोधरादेवीलाई छोडेर गए देखि रिसाइ रहेको सुप्रबुद्धले शाक्यमुनि बुद्धलाई देवदह इलाकामा पाइला टेक्न नदिने मात्र होइन भिक्षा पनि प्राप्त नहुने प्रवन्ध र योजना वनाइ दिए। गुण्डाहरू सावलिई ठूलठूला रुखहरू काट्न लगाई वाटो बन्द गराई दिए।

गौतम बुद्ध भिक्षाटन जान पाउनु भएन। त्यो दिन भोकै वस्न बाध्य भयो। बुद्धले भिक्षुहरूलाई भन्नु भयो- "आज नचिताएको घटना हुन पुग्यो। "अचिन्तितम्पि भवति, चिन्तितम्पि विनस्सति" अर्थात् कल्पनामा नआएको कुरो हुने गर्छ, तर कल्पना गरेको विनाश पनि हुन्छ। तिमीहरूले दुःख नमान्नु। सुप्रबुद्धले गर्नै नहुने पाप गर्नु भयो। सातौं दिनमा आफूले गरेको पापको फल भोग्ने छ। भन्याङ्गबाट खसेर दुर्गती हुनेछ उसको भनेर भन्नु भयो। उसले पनि छोरी प्रतिको माया मोहमा परी त्यत्रो पाप गर्न पुगे कुशल अकुशल कार्यलाई विचारै नगरिकन।





Downloaded from http://www.dhamma.digital

यो कुरा सुप्रवुद्धले सुनेर बुद्धको कथनलाई झूठो पार्ने मनसायले आफू सातदिन सम्मको लागि खानेकुरा र सेवकहरूका साथै वुइगलमा बस्न गयो र आदेश दियो कि भऱ्याङ्ग निकाली देउ ।

तर उसले दिनहुँ चढने घोडा आफ्नो मालिक देख्न नपाएकोमा पागल भएको कुरा सुनी उनी हतर पतर दौडेर गएको त भऱ्याङ्ग निकालिएको खयालै रहेन र खसेर मुर्छित भई मरे ।

यसरी आफन्तको आसक्तिमा कुशल अकुशल कार्यको खयाल गर्न नसकेमा सुधारवादी सँस्कृतिलाई अपनाउन नसकेमा वर्तमान जीवन दुःखमय हुन्छ भनी उहाँ सचेतकको रूपमा देखिनु हुन्छ उहाँको लेख "नचिताएको हुन्छ, चिताएको नहुने गर्छ" मा ।

बुद्धको सँस्कृतिको प्रचलन ब्याप्त ठाउँ वर्मा (म्यान्मार) को एक ऐतिहासिक र सामाजिक रोचक घटनाको जानकारी हामी पाठकलाई उहाँ भन्तेले दिनु हुन्छ कि पढ्न नजान्ने मान्छेहरूमा पनि कुशाग्रबुद्धि र अनुभव प्रशस्त पाइन्छ ।

एक वेमेल दम्पतिको मेलमिलाप न्यायाधीसले तिनीहरूको वच्चीको इच्छा सोढ्दा "म त आमाबाबु दुवैसंग वस्न चाहन्छु" भन्ने जवाफलाई आमा बाबु दुवैले स्वीकार गर्न बाध्य भए र छोरीको इच्छा अनुसार छुट्टिएका दम्पतिको मेलमिलाप भयो र परिवारमा शान्ति स्थापना भयो ।

गौतम बुद्धले आज्ञा हुनु भएको थियो कि ज्योतिषशास्त्र राशिसफलमा विश्वास गर्ने सँस्कृति एक तर्फी हुने गर्छन् । र यसलाई आफ्नो विवेकले कति हदसम्म विश्वास गर्ने भन्ने कुरा आफ्नै अधिनको कुरा हो भनी त्यसलाई आफैले होसमा रही मुल्याङ्कन गर्नु पर्दछ भन्ने कुरा भन्तेले "ज्योतिषशास्त्र मान्ने कि नमान्ने" भन्ने लेखमा प्रस्तुत गर्नु भएको छ ।

श्रावस्ती नगरकी एउटी केटीसंग विहे गर्न एउटा केटो तयार भएछ । गाउँका केटाहरू दुलही लिन जान तयार भएको दिन उनीहरूको पुरोहित गुरूसंग जम्का भेट भएछ । उनीहरूले सोधेछन् – आज विवाहमंगलको कार्य छ शुभमूर्हूत छ कि छैन ? नक्षत्र ठीक छ कि छैन ?

आफूसंग नसोधिकन दिन निश्चित गरेकोमा रिसाएको बाजेले आकाशतिर हेरेर भनेछन्- आज नक्षत्र ठीक छैन, आज विवाह गरेको खण्डमा सर्वनाश हुन्छ ।

ज्योतिषको कुरा सुनेर केटाहरू दुलही लिन गएनन् । उता श्रावस्तीवासी केटी पक्षले तोकेको दिन जन्ती नआएपछि आफ्नो अपमान भएको ठानेर अर्कै केटा खोजि विवाह गरि दिएछन् ।

गाउँले केटाहरू आफ्नै सुरमा आफ्नो मंगलसमयमा केटी लिन गए । तर दुबै समूहबीच खूब झगडा भयो ।

यो घटनालाई लिएर भगवान बुद्धले भिक्षुहरूलाई भन्नुभयो कि राजा विम्बिसारको पुरोहित निःसन्तान थिए । विवाह गरेको १५।१६ बर्ष पछि पुत्र जन्म्यो । पुरोहितले ज्योतिष वोलाएर सोढ्दा चोर हुने कुरा बताए । तर बुद्धिमान पुरोहितले आफ्नो छोरोलाई असल गुरू कहाँ राखेर राम्रो शिक्षा र तालिम दिन लगाएर ज्ञानी वनाउन सफल भए ।

यसरी हाम्रो समाजमा प्रचलित विभिन्न प्रकारको संस्कृतिहरूमा होस पुऱ्याइ वस्न उहाँ भन्तेले यस्तो लेख अगाडी सार्नु हुन्छ ।

'पहिलो गुरू को हुन् ?' पुस्तकमा उहाँ लेख्नु हुन्छ कि वालकहरूको प्रथम पाठशाला नै घर हो जहाँ अरु धेरै गुरुहरू र पिता भन्दा पनि शिक्षित एक जना आमा नै उत्तम हुन्छ भन्ने कुरा धर्मग्रन्थमा उल्लेख छ । छोरा छोरीहरूको लागि आमा नै परम मित्र हुन् 'माता, मित्तं सके घरे' भनी बुद्ध भन्नु हुन्छ । त्यसैले आमा बुवाको छत्र छाँयामा बस्न पाउनेहरूको लागि घरनै पुण्य क्षेत्र हुन् ।

यस्तै राम्रो वातावरण भएर नै बुद्धको उपासिका उप्पवासावाट अरहन्त (निर्दोष) भिक्षु सिवलीको जन्म सम्भव भयो भनी भन्ते अश्वघोष घर नै राम्रो सँस्कृति सिकाउने शिक्षण स्थल होस् भन्ने चाहनु हुन्छ जसबाट आधुनिक समाजको लागि सुशिक्षित, अनुशासित नागरिकहरूको खाँचो पूरा होस् ।

आजको जटिल समाजमा भौतिक र आध्यात्मिक उन्नति साथै जान सकेमा विश्वमा शान्ति सुव्यवस्था कायम हुन सक्छ । यसको लागि बुद्धको त्रिशिक्षा शिल, समाधि र प्रज्ञा भित्रका दुःख सत्य, आर्य आष्टाङ्गिक मार्ग सत्य, चतुर्ब्रह्म विहार जस्तो लोकोपकारी शिक्षा प्राप्त गरी वहूजन हिताय, वहूजन सुखायको लागि व्यवहारमा लगाउन सकोस् भन्ने उहाँको चाहना उहाँकै विभिन्न लेख तथा पुस्तकहरूमा हामीले पढ्दै आइ रहेका छौं ।

अन्तमा उहाँको प्रवजित जीवन ६० वर्ष भएको उपलक्षमा उहाँको सुस्वास्थ्य र दीर्घायुको कामना गरौं । ■



यदि कुनै व्यक्ति अछूत भनिने तल्लो जातमा जन्मेको तर उसले देश समाजको लागि ठूलो काम गरेको छ भने उ ठूलो हुन्छ

# जातीय विभेद हटाउन भिक्षु अश्वघोषको योगदान

■ रामकुमारी मानन्धर

एकदिन बिहानै भगवान बुद्ध बाहिर घुम्न जानुभयो । त्यस बेला एकजना सुनीत नाम गरेको च्यामेले घण्टा बजाएर सडकमा बढारिरहेको थियो । उसले टाढैबाट भगवान बुद्धलाई देख्यो । त्यसबेलाका समाजमा जातीय भेदभाव प्रवल थियो । ठूला जातिका मानिसहरू हिंड्ने बेलामा च्यामेहरूले सडक बढार्न नहुने नियम थियो । घण्टाको आवाज सुनिएसम्म ठूला जातिका मानिसहरू बाहिर आउँदैनथे । च्यामेहरूले सडक बढारेको देख्यो भने अशुभ हुन्छ भन्ने भनाई थियो । त्यसैले सुनीतले बुद्धलाई देख्ने वित्तिकै एक कुनामा गई बसिरह्यो । भगवान बुद्ध उसको नजिक गई, तिमी किन डराएको ? तिमी पनि मान्छे, म पनि मान्छे भन्नुभयो । सुनीतले भन्यो कि उहाँ जस्तो ठूलोको अगाडि आँखा जुटाएर कुरा गर्नु हुँदैन । ब्राम्हण बाजेले देख्यो भने उसलाई बाकी नराख्ने कुरा बतायो । बुद्धले उसलाई उपकार गर्नको लागि आएको, भिक्षु बन्न मन लाग्छ भनी सोध्नुभयो । सुनीत खुसीले गडगड भई सकारात्मक ज़वाफ दियो । भगवान बुद्धले उसलाई विहारमा लगी भिक्षु बनाउनु भयो । एक दुई दिनमा नै यो कुरा प्रचार भयो । ब्राम्हण समाजमा ठूलो हलचल ल्यायो ।

भगवान बुद्ध जो विश्वको शान्तिको प्रतिक हुनुहुन्छ, उहाँले भन्नु भएको थियो कि "जन्मले कोही पनि नीच हुँदैन, जन्मले कोही पनि ब्राम्हण हुदैन । कर्मले नै नीच र ब्राम्हण हुने गर्छन ।" यदि कुनै व्यक्ति अछूत भनिने तल्लो जातमा जन्मेको तर उसले देश समाजको लागि ठूलो काम गरेको छ भने उ ठूलो हुन्छ । यदि ठूला जात मानिने ब्राम्हण कूलमा जन्मेर जाँड रक्सी खाई अरूसंग झगडा गरी समाजमा अशान्ति फैलाउँछ भने वा नैतिकताहिन भई समाजको कलंक हुन्छ भने त्यो ब्राम्हण होइन ।

श्रदेय भिक्षु अश्वघोष महास्थवीरको कथन अनुसार मानवले मानवलाई मानवको रुपमा व्यवहार गर्नु पर्छ । यदि हामीले साना जाति भनिएका मानिसहरूलाई नराम्रो, नीच व्यवहार गऱ्यो भने उनीहरूको मनोबल झन कमजोर हुन्छ । ठूलाहरू ठूलो हुँदै जान्छ र सानाहरू साना हुँदै जान्छन् भने देशमा असमानताको लहरा वृद्धि भई अशान्ति हुन्छ । शान्तिका दूत भगवान बुद्ध जन्मेको देशमा अशान्ति फैलिनु राम्रो होइन । केही वर्ष अगाडि भन्तेले एक जना सार्कीलाई संघाराम विहारमा भिक्षु बनाउनु भएको थियो । उहाँ भन्नुहुन्छ कि जातीय भेदभावलाई



Downloaded from http://www.dhamma.digital

हटाउन प्रवचन भाषणले मात्र हुँदैन् । यदि जातीय विभेद हटाउने हो भने हामी सबै बुद्धमार्गीहरूले व्यवहारमा ल्याउनु अति आवश्यक छ ।

भन्तेको भनाई अनुसार एकचोटी पाटनको एक विहारमा एक खड्गी परिवारले उहाँलाई भोजनको निमन्त्रणा गऱ्यो । उहाँ खुसी भई त्यस विहारमा भोजनको लागि जानु भयो । त्यहाँ एउटा सानो कार्यक्रम पनि थियो । त्यो कार्यक्रम सकिए पछि उहाँ भोजन गर्नको लागि बस्नु भयो । उहाँले भोजन दान गर्ने दातालाई बोलाउनु भयो । त्यस विहारका उपासक उपासिकाहरूले दातालाई भित्र पस्न नदिएको कुरा थाहा पाउनु भयो । भोजन नगरी जुरुक्क उठी त्यस दाताको घरमा गई उसलाई भोजन पकाउन लगाउनु भयो र पछि त्यस दाताको हातबाट राख्न लगाई भोजन गर्नु भएको कुरा बताउनु भयो । समय समयमा उहाँ च्यामे, पोडे, खड्गी, सार्की आदि तल्लो जात मानिएका जातिका मानिसहरूका वीचमा बसेर भोजन गर्नु भएको थियो । यसरी उहाँले साना जातलाई उत्साह दिनु भई ठूला जातलाई बुद्धको शिक्षा अनुसार व्यवहारमा चलाउन ज्ञान दिनु हुन्छ । हामी मानिस भएर बाँच्न बुद्धको उपदेशलाई अनुशरण गर्नु अति आवश्यक छ । त्यसैले मात्र बुद्धमार्गी हुन्छ । चेतनशील र विवेकशील व्यक्तिले अरुको हितको निम्ति अग्रसर हुनुपर्छ ।

नेपालमा सयौँ वर्षदेखि जातीय छुवाछूत र भेदभावले दलित वर्गहरू अपहेलित भएका छन् । यो स्थिति मल्लराजा जयस्थिति मल्लको सामाजिक सुधारबाट झन ठूलो समस्या भएर उत्पन्न भएको थियो । जयस्थिति मल्लले आफ्ना जनताहरूलाई कामका आधारमा चार जात छत्तिस वर्गमा कार्य विभाजन गरेका थिए । विशेष गरी यसको पिडा फलाम र सुनको काम गर्ने, कपड़ा सिलाउने, छालाको काम गर्ने तथा जुत्ता बनाउने, बाजा बजाउने, सडक, बाटो, चर्पी सफा गर्ने, काट्मार गर्ने बेच्ने आदि जाति रहेका छन्, जसलाई दलित, पानी नचल्ने वा अछुत भनिएको छ ।

गाउँमा जातीय छुवाछुतलाई कायमै राख्न चाहने ठूला वर्ग र जरैदेखि उखेलेर फ्याक्न चाहने अर्को वर्ग वीच संघर्ष चर्किरहेको आजको स्थितिमा जातीय विभेद अन्त्य हुन समय लाग्ने प्रष्ट छ । हुन त शहरहरूमा जातीय भेदभाव र छुवाछूतको भावना त्यत्ति छैन् ।

खड्गी, धोवी, पोडे, च्यामे, कपाली आदि जातहरूलाई पानी नचल्ने भनी समाजले सामाजिक रुपमा बहिस्कृत गर्दै आएको छ । सामाजिक रुपमा नेपाल एक बहुभाषिक, बहु जातीय र बहुधार्मिक राष्ट्रको रुपमा परिचित छ । जसले बहुभाषिक, बहु जातीय र बहुधार्मिक समाजमा सामाजिक अधिकारबाट वन्चित गरेको छ । त्यसले देशको समतामूलक समाजको निर्माणमा बाधा पुऱ्याएको छ । त्यही अछुत वर्गलाई जात र पेशाको आधारमा सामाजिक हैसियत कायम गरी त्यो वर्गलाई पढ्न र चेतनामूलक काम गर्नबाट बन्चित गरिदिए । यसले गर्दा उनीहरू अरु वर्गहरू भन्दा पिछडिए र उपेक्षित भए ।

समानताको अधिकार भेदभाव रहित समाजमा मात्र प्राप्त हुन्छ । समानहरूको वीचमा समान व्यवहार गर्नु समानता हो । सबै मानिसहरू स्वतन्त्र रूपमा जन्मन्छन् र अधिकार पनि समान हुन्छन् । हरेक व्यक्तिलाई भेदभाव विना समानता प्रदान गरिनु पर्छ । समान व्यवहारको अधिकार समानताको अधिकार हो । यहि समानताको अधिकार २०२० सालको मुलुकी ऐनले दिएको छ । कुनै पनि मानिस जन्मेका आधारमा अछुत हुँदैन र सबै सामाजिक क्रियाकलापमा समान हकदार हुनु पाउने व्यवस्था गऱ्यो । तर व्यवहारिक रूपमा यो ऐन क्रियाशिल हुन सकेन र आजसम्म भेदभावको भावना कायमै रह्यो । सामाजिक भेदभाव हटाउन ऐन कानून मात्र बनेर हुँदैन । सबै मानिसहरूले मानवताको भावना उत्पन्न गराई मानवताको व्यवहार गर्नु आजको युगमा अति आवश्यक छ भन्ने धारणा अश्वघोष भन्ते राख्नु हुन्छ । ■

**बुद्ध धर्मको प्रचारमा संख्यात्मक वृद्धि भन्दा गुणात्मक उन्नति हुनु जरुरी छ । - भिक्षु अश्वघोष**


'अग्गमहासद्धम्म ज्योतिकधज को उपाधिले विभूषित भएको उपलक्ष्यमा विश्व शान्ति विहारमा अभिनन्दन

## अभिनन्दन तथा सम्मानमा

# अश्वघोष महास्थविर

भिक्षु जीवनका आदर्श, बहुआयामिक बहुप्रतिभाशाली श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको बुद्धशासनिक महान योगदानलाई कदर गर्दै उहाँलाई विभिन्न सम्मानहरूद्वारा अभिनन्दन तथा विभिन्न पुरस्कारहरूद्वारा सुशोभित गराइसकेको छ । नेपालको बुद्धशासन उन्नतउत्थान गर्नमा उहाँको योगदान स्मरणीय रहेको कुरालाई कदापि नकार्न सकिन्न । उहाँ राष्ट्रिय तवरबाट मात्र होइन, अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट पनि सम्मानित व्यक्तित्व हुनुहुन्छ ।

**अखिल नेपाल भिक्षु महासंघबाट सम्मान तथा अभिनन्दन**

सोह्र वर्षको युवावस्थामा प्रव्रजित भएर श्रीलंका, भारत, चीन आदि देशहरूमा धेरै वर्षसम्म रहेर बुद्धधर्म अध्ययन गर्दै नेपालमा बुद्धधर्म र बौद्ध संस्कृतिको क्षेत्रमा विगत चार दशक भन्दा बढी समयदेखि निरन्तररुपमा योगदान पुऱ्याइरहनु भएको छ । विशेषत: बुद्ध धर्मलाई संचारको माध्यममा अघि दोहोऱ्याउन 'आनन्दभूमि' र 'धर्मकीर्ति' बौद्ध मासिक पत्रिका प्रकाशन गर्नेमा, व्यवहारिक धर्म देशना र पुस्तक लेखनमा, धर्मकीर्ति प्रकाशन र अरुको पुस्तक प्रकाशित गर्न लेखेर, भाषा शुद्धि गरेर अफ प्रेसको काम समेत गर्नु भएर, नेपालमा सर्वप्रथम संघाराम भिक्षु तालिम केन्द्र स्थापना गर्नुहुँदै आज समर्थवान युवा भिक्षुहरू तयार गर्ने जस्तो प्रशंसनीय कार्य सम्पादन गर्नु भएको, बनेपाको ध्यानकुटी विहार अनि संघाराम विहार र श्रीघ: विहारलाई व्यवस्थित रुपमा अघि बढाउने व्यक्तित्वका रुपमा वि.सं. २०५७ बैसाख २८ गतेका दिन अखिल नेपाल भिक्षु महासंघका प्रतिनिधि द्वय संघनायक श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविर 'अग्गमहासद्धम्म जोतिक धज' तथा अध्यक्ष श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर 'अग्गमहासद्धम्म जोतिक धज" द्वारा अभिनन्दित हुनुहुन्छ उहाँ श्रद्धेय भिक्षु अश्वघोष महास्थविर 'अग्ग महासद्धम्म जोतिक धज ।' (वि.सं. २०५७ बैसाख २८ गतेका दिन अखिल नेपाल भिक्षु महासंघबाट भिक्षु अश्वघोष महास्थविरलाई सम्मानित गरेर चढाइएको अभिनन्दन पत्रका आधारमा ।)

**संयुक्त म्यानमार राष्ट्र (बर्मा) बाट उपाधि**

उहाँको बुद्धशासनिक योगदानलाई दृष्टिगत गरेर संयुक्त म्यानमार राष्ट्र (बर्मा) बाट अन्तर्राष्ट्रिय व्यक्तित्वहरूलाई प्रदान गर्दै आएको 'अग्गमहासद्धम्म जोतिक धज' उपाधि धर्मदूत प्रथम श्रेणीका रुपमा उहाँलाई विभूषित गरेका थिए- ई.सं. २००० मार्च १९ का दिन । त्यस क्षणमा उहाँलाई बुद्धशासन वृद्धिदर गुण बुद्धशासन हितकर गुण, बुद्धशासन अनुरक्षित गुण भएका महास्थविर शील, समाधि, प्रज्ञा गुणहरूले सम्पन्न व्यक्तित्वका रुपमा अभिनन्दन समेत गरेका थिए । (वि.सं. २०५६/सन् २००० मार्च १९) मा संयुक्त म्यानमार राष्ट्र (बर्मा) बाट भिक्षु अश्वघोष महास्थविरलाई "अग्गमहासद्धम्म



Downloaded from http://www.dhamma.digital

जोतिकधज" उपाधि प्रदान गर्ने क्रममा सम्मानित गरेर चढाइएको अभिनन्दन पत्रका आधारमा ।)

**धर्मनिरपेक्षता आयोजक समितिद्वारा अभिनन्दन**

भाषा र धर्मको असमानता, बौद्ध धर्ममा हुने अनावश्यक दवाब, षड्यन्त्रपूर्ण जनगणनालाई राष्ट्रियस्तरमा प्रस्तुत गर्न नेपाली बौद्धहरूको प्रतिनिधित्वरूपमा राष्ट्रिय सभामा प्रवेश गर्नुभयो, निष्पक्ष र निर्भिक हुनुभई राष्ट्रिय सभामा आफ्नो अभिव्यक्ति प्रचार गर्नुभई एक धर्मगुरुको भूमिका निभाउनु भयो । त्यसकारण नेपालमा बहुभाषिक, बहुधार्मिक सारा जनजातिहरू प्रमुदित छन् । भिक्षु अश्वघोष महास्थविरको यस साहसिक एवं विवेकयुक्त बोधिसत्व आदर्शलाई श्रद्धायुक्त मन, वचन र कर्मले अभिनन्दन गर्न पाउँदा गौरवको अनुभूतिका साथ धर्म-निरपेक्षता आयोजक समितिले वि.सं. २०४८ भाद्र २९ गतेका दिन उहाँलाई अभिनन्दन तथा सम्मान गरेका छन् । (श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई धर्मनिरपेक्षता आयोजक समितिले वि.सं. २०४८ भाद्र २९ गतेका दिन ससम्मान चढाइएको अभिनन्दन पत्रका आधारमा ।)

**ज्ञानमाला भजन खलः, स्वयम्भूद्वारा अभिनन्दन**

श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको बुद्धशासनिक योगदानलाई कदर गर्दै ज्ञानमाला भजन खलः, स्वयम्भूको प्रतिनिधिका रुपमा तत्कालीन अध्यक्ष बिजुलीमान कंसाकार सम्मान गर्दै यसरी अभिनन्दन गर्दछन्– "आदरणीय राष्ट्रिय सभाका सांसद भिक्षु अश्वघोष महास्थविरज्यू, आदिस्वयम्भू - दीपंकर तथागतहरूको समयदेखि अविछिन्न रुपमा जोडिएको धर्ममूर्ति नेपालको बुद्धधर्म दृढरूपले अँगाल्नु भई विहार निर्माण, धर्म प्रचार, भिक्षु तालिम केन्द्र संचालन, बौद्ध पुस्तक प्रकाशन गर्नुहुने हे कर्मयोगी भिक्षु अश्वघोष महास्थविरज्यू ! बौद्धहरूको सही प्रतिनिधित्व गर्नु हुन राष्ट्रिय सभामा जानु भएकोले धर्म निरपेक्षता, धार्मिक समानताका पक्षधर बौद्ध जगत प्रसन्न भएको छ । तपाईँको दरिलो प्रयत्नले संविधानमा धर्म निरपेक्षता बहुधार्मिकता रहने आशा हामीले गरेका छौं । (श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई ज्ञानमाला भजन खलः, स्वयम्भूबाट " चढाइएको अभिनन्दन पत्रका आधारमा ।)

**स्थानीय बनेपाका केशवकाजी वैद्यद्वारा अभिनन्दन**

काभ्रे-बनेपाको ध्यानकुटी विहारका संस्थापक हुनु भएका श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई सम्मान जनाउँदै स्थानीय बनेपाका केशवकाजी वैद्य उहाँको सम्मानमा अभिनन्दन चढाउँछन्- उहाँको आगमन बनेपामा भईसकेपछि बनेपाको ध्यानकुटी बिहार स्थापना गरी काभ्रे जिल्लामा बौद्ध धर्मको व्यापक प्रचार प्रसार गर्नुभएकोले यहाँका धर्मावलम्बीहरूले बौद्ध धर्मलाई पहिचान गर्न सकेका छन् । (श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई स्थानीय बनेपाका केशवकाजी वैद्यबाट सम्मानित गरेको अभिनन्दन पत्रका आधारमा ।)

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाडौंद्वारा अभिनन्दन**

आदर्श, व्यावहारिक एवं धार्मिक व्यक्तित्का रुपमा चिनिनु हुने उहाँलाई बु.सं. २५२८ मा १ गतेका दिन सम्मान गर्दै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाडौंले उदार व्यक्त गरेका छन्- वास्तविक बुद्धको भिक्षु संघमा एक आदर्शवान भिक्षु हुनुहुन्छ तपाइँ- करुणामयी, व्यव-हारिक, दानी, अलोभी र उत्साही । (श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट बु.सं. २५२८ माघ १ गतेका दिन सम्मानित गरेको अभिनन्दन पत्रका आधारमा ।)

**अन्य संघसंस्थाहरूद्वारा अभिनन्दन तथा सम्मान**

बुद्ध धर्मलाई आफ्नै दृष्टिकोणले हेर्न र बुझ्न चाहने उहाँको धार्मिक एवं बुद्ध शासनिक योगदानलाई कदर गर्दै अभिनन्दन गर्ने अन्य संघसंस्थाहरू यस प्रकार छन् ।

- श्रीकीर्ति बौद्ध केन्द्र (ताम्रपत्रमा) ने.सं. ११२० बछलाथ्व सप्तमी
- विश्वशान्ति दायक सभा, विश्वशान्ति विहार - वि.सं. २०५७
- नगदेश बौद्ध समूह, नगदेश बुद्ध विहार - २०५७ वैसाख २८
- बुद्धिष्ट कम्युनिकेशन सेन्टर, ललितपुर - ने.सं. ११२० बछलाथ्व सप्तमी
- स्वयम्भू ज्ञानमाला भजन खलःबाट - पहिलो 'रत्नवत सिरपा:'
- श्री ५ को सरकारबाट - प्रवल गोरखा दक्षिणबाहु ( तृतीय श्रेणी-२०५१)
- संयुक्त म्यानमार सरकारबाट - 'अग्ग महासद्धम्म जोतिक धज' उपाधि धर्मदूत प्रथम श्रेणी)

*(श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलई ससम्मान चढाइएका विभिन्न अभिनन्दन पत्रहरूको आधार श्रोत)*

***(यो लेख भिक्षु संघरक्षितद्वारा लिखित "नेपालमा बुद्ध धर्म समुन्नतिको लागि भिक्षु अश्वघोष महास्थविरको योगदान" पुस्तकबाट लिइएको हो- सं.)***



# जिगु वन्दना

■ चन्द्रा वज्राचार्य

यलया क्वहालय्
चन्द्रज्योति व लक्ष्मीमायाया क्वखं
बुद्धशासनया छगः थीगु नगु
अवतरण जुया विज्याःम्ह
वसपोल खः महास्थवीर अश्वघोष।

१६ दँया क्यातुगु वैंशय्
छैं जः सम्पत्ति फुक्क तोताः
स्थवीरवाद नेपाया बुद्ध शासनया
आजीवन समर्पित समाधिस्थ जुयाः
कुशीनगरय् प्रव्रजित जुया विज्याःम्ह
साहसीम्ह खः वसपोल अश्वघोष।



च्यादँ श्रीलंकाय्
च्यादँ भारतया थीथी थासय्
भी खुँदया दुने अध्ययन क्वचायेका
बुद्ध शासन मथू मसःपिन्त
थःके दुगु प्रज्ञा रश्मिया ज्योति पिव्वयेका
बुद्ध उपदेश कुं कुलामय् न्यंका विज्याःम्ह
बुद्धरत्न खः वसपोल अश्वघोष।

उपासक उपासिका आपलं शिष्यपिन्त
सिद्धान्त छुं मखु भीत माःगु व्यवहारिक
यथार्थ खँयात
कनाःजक मखु च्वया नं विज्याइम्ह
ध्वाथुइक न्ह्यइपुक थौंतक हे नं
निर्मल स्वच्छ पवित्र नीलः थें
स्पष्टवादी वसपोल ख अश्वघोष।

धर्मोदय पत्रिकायात जीवन्त यायेत
धारा प्रवाह च्वसु च्वया
१०० गु लिं मयाक सफू थाः च्वया
बुद्धया दर्शन न्ह्यब्वया
आनन्दभूमि, धर्मकीर्ति लय्पौया
प्रधान सम्पादकजुया
नेपाया ध्यानकुटी
ढल्को संघाराम विहारय्
भिक्षु तालिम केन्द्र स्वना विज्याःम्ह
वसपोल खः अश्वघोष।

परउपकारी बुद्धधर्म धइगु
साम्प्रदायिकतां मुक्त
ल्वापु ख्यापु मदुगु शान्त
बुद्ध शासनयात सदां रक्षा यायेत
धर्म निरपेक्षता व सहिष्णुताया सःज्वना
राष्ट्रिय सभा मनोनीत जुया विज्याःम्ह
उजुपटिपन्नो गुरु खः वसपोल

न्ह्यानाच्वंगु खुसीथें सदा न्ह्याना
म्वानाया सार ध्वाथुइका
गुणी, उपकारी, त्यागी, साधारणम्ह
बौद्ध दर्शन उपदेशया खँ ब्वः धुकू
वहु आयामिक व्यक्तित्वयात
वन्दना दु जिगु दुनुगलं निसें
कोति कोति प्रणाम वसपोलयात।

- ज्वाःवाहा, यें।



Downloaded from http://www.dhamma.digital

वसपोल प्याहाँ बिज्याइगु सुइगुं इनापय् वा छुं दिंया लसतायात कयाः मखु । थःगु नुगलं चायेकाः नेपाःया बिकत थासय् तक्कं बिज्यानाः बुद्धया शिक्षा प्रचार याःबिज्यात



# बौद्ध जागरण शिविरय्

## अश्वघोष भन्तेया योगदान

■ ब.आ.राजा

*बौद्ध जागरणया ज्याझ्वलं यक्वहे बुद्ध धर्मया प्रचार जुल । जनजातितय् दुने यक्वहे ह्यूपाःनं वल । गथेकि-गुरुङ्ग, मगः, तामाङ्ग विशेष यानाः थारु तय् दुने । थुपिं सकसियां दुनुगलं निसें बुद्ध धर्मयात थुइकाः, नालाक्याः इमिसं हानं मेपिन्त स्यनेकने याना वयाच्वंगु दु । थ्व तच्वतं बांलाःगु खँ खः ।* श्रद्धेय भिक्षु अश्वघोष महास्थविरया दुनुगलं निसें प्याहाँ वःगु लसताया खँग्वः खः थ्व ।

गुम्हय्सियां धर्मयात थुइ, धर्मया रसपान याइ वं उकिया सुखद् क्षण सकसितं इनाबीगु कुतः याइ । छाय्धाःसा धाथें धर्मया अनुभव याःम्ह्य्सियां उकियात थम्हं जक, थःगु मनय् जक क्वचिना तयेहे फइमखु । थ्व बुद्धधर्मया बिशेषता खः । थुकियाहे लिच्वः खःकि भिक्षु अश्वघोष महास्थविर "चरथ भिक्खवे चारिकं बहुजन हिताय, बहुजन सुखाय लोकानु कम्पाय" धयागु बुद्ध बचं कथं बुद्ध शिक्षा प्रचार याये निंतिं गां गां चाःहिला बिज्याःगु खः ।

वसपोल प्याहाँ बिज्याइगु सुइगुं इनापय् वा छुं दिंया लसतायात कयाः मखु । थःगु नुगलं चायेकाः नेपाःया बिकत थासय् तक्कं बिज्यानाः बुद्धया शिक्षा प्रचार याःबिज्यात । थ्व बौद्ध जागरण हयेगु निंतिं अनुकरणिय दसु खः । वसपोलं धया बिज्याइ- भिक्षु जुइगु धयागु छथाय् जक च्वना च्वनेत मखु । स्वनिगःया सुबिधायुक्त थासय् स्वयाःनं गां गामय् बुद्ध धर्म थ्यंकेमाःगु आवश्यक दु । खनं बुद्ध धर्म (शिक्षा) धयागु छुं छगू जात वा बर्गया निंतिं जक मखु । मानव मात्रया निंतिं मदय्क मगाःगु शिक्षा खः । तर थनया राजनैतिक, आर्थिक समस्या व सामाजिक मूल्य मान्यतां यानाः धर्मय् साम्प्रदायिक भावना ब्वलना च्वन । धर्मया खँहे मथुया च्वन । बुद्ध शिक्षाया अबहेलना जुयाच्वन ।

थजाःगु इलय् बुद्धया शुद्ध धर्म प्रचार याये माःगु अति आवश्यक जू । तर बुद्ध धर्मया नामय् यक्वहे खलःपुचःत स्वना तःगु दुसां धर्मया नामय् छुं नं छुं कथंया परम्पराहे जक न्ह्याकेगु कुतः जुयाच्वन । अज्ज वनं थ-थःगु थासय् जक लिकुना च्वंगु दु । थजाःगु खँयात वाःचायेकाः

युवा बौद्ध समूह पाखें दक्कय् न्हापां पञ्चशील अभियान ज्वना: गां-गामय् धर्म प्रचार यायेगु निंतिं पला: न्ह्याकल। थुगु अभियानया छगू ज्याझ्वलय् अश्वघोष भन्तेया छन्हुया उपस्थितिंहे समूहं न्ह्याकाच्वंगु थ्व अभियान पायुछि मजूथें खंका बिज्यात। छायधा:सां गां-गामय् जक मखु आषा: याना: ज्यापुतय्-बुँइ की स्यायेगु वास: छ्चलेमा:गु, ज्या यायेत अय्ला:थ्वं त्वनेमा:गु व म्येय् स्याना: भ्वय् नयेमा:गु संस्कृतिइ म्वानाच्वंपिं जुया: पञ्चशील पालन यायेमा:गु खँ उलि प्रभावकारि मजूगु वा:चायेका बिज्या:गु ख:। इमित छक्वलं पञ्चशील पालन याये मा:गु खँ कना: साले मफइगु बिचा: प्वंका बिज्या:गु ख:।

थ्व खँयात कया: युवा बौद्ध समूहय् सहलह नं जुल। धाइपिसं यदि जिमि बुँइ वास: छ्चलेमा:, अय्ला: मत्वंकं जिमिसं ज्या याये फइमखु। उकें जिमित थ्व पञ्चशीलया खँ ज्या ख्यले मदु धाल धा:सा, व्यभिचार यानाजुइम्ह मनुखंनं अथेहे धाइ। मखुगु खँ ल्हाना: मेपिन्त थगय्.याना: जीवन हनाच्वंम्ह मनुखंनं अथेहे धाइगु जुल। अथेला मजिल। भीसं थथे यात धा:सा थ्व नोक्सान जुइ। थुकिया निंतिं थ्व थ्व बिकल्प दु। थ्व पालन जुल धा:सा थ्व थ्व फाइदा जुइ धका: बुद्धया शिक्षाहे कनेगुला ख:नि!

हानं थ्वहे इलय् मोहनीनं थ्यंक: व:गु जुया: व इलय् जुइगु बलिप्रथाया बिरोधय् नं थाय् थासय् थ्व अभियान न्ह्यानाहे च्वन। थ्वनं छगूकथं बौद्ध जागरण थनेगु हे खया:नं पञ्चशीलया घेराय् जक सिमित जूगु खँयात वा: चायेका: दक्कय् न्हापां स्वनिग: व स्वनिगलं पिनेया जनजातित (लामागुरु व तामाङ्गत) दुथ्याका: बौद्ध जागरण तथा नेतृत्व विकास प्रशिक्षणया निंतिं भिक्षु अश्वघोष महास्थविरया सभापतित्वय् दातात व युवा बौद्ध समूहया दुज:त मुना: ११९२ थिंला पाखे छगू मंका: मुँज्या जुल। वयां लिपानं छक: निक: या मुँज्या च्वने धुंका: ता:लाकहे ज्याझ्व: क्वचाल।

